
# बोरोबुदूर महाचैत्य

(लेख-संग्रह)



लेखक

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

क्षु निचिदात्सु फूजी

भिक्षु अनिरुद्ध महास्थविर

Downloaded from http://dhamma.digital/

# बोरोबुदूर महाचैत्य

## (लेख - संग्रह)



- लेखक -

**रत्नसुन्दर शाक्य**

"परियत्ति सद्धम्मपालक"

- प्रकाशक -

**तुल्सीकाजी मानन्धर**

**कृष्णकाजी मानन्धर**

साकोलान, भक्तपुर-३

Downloaded from http://dhamma.digital/

**प्रकाशक** -

तुल्सीकाजी मानन्धर + शर्मिला मानन्धर
कृष्णकाजी मानन्धर + शारदा मानन्धर
श्रीमती तुल्सीदेवी मानन्धर - लाजिम्पाट, काठमाडौं
श्रीमती कृष्णादेवी मानन्धर - मीलरोड, नारायणगढ
श्रीमती लक्ष्मीदेवी मानन्धर - जापाली, बनेपा

प्रथम संस्करण - १००० प्रति

बुद्धसंम्बत् - २५४९
विक्रमसंम्बत् - २०६२
नेपालसंम्बत् - ११२६
इश्वीसंम्बत् - २००६


कम्प्युटर - रबिन सितिखु

कभर डिजाईन - हरिदेव श्रेष्ठ

मुद्रक -

**मित्रता छापाखाना**
गोल्मढी, भक्तपुर-७
फोन नं. ६६१३३९९

Downloaded from http://dhamma.digital/




Downloaded from http://dhamma.digital/

# प्रवेश

**वन्दामि चेतिय सब्बं, सब्बठानेसु पतिट्ठितं ।**
**सारीरिक धातु महाबोधि, बुद्धरूपं सकलं सदा ।।**

अर्थात् -

सबै ठाउँमा प्रतिष्ठित चैत्यहरू, भगवान्को शरीर धातु, महाबोधि तथा सबै प्रकारका बुद्धरुपलाई म संधैं वन्दना गर्दछु ।

उपर्युक्त गाथाअनूरुप सर्वप्रथम यस कृतिमा प्रकाशित "बोरोबुदूर महाचैत्य"लाई वन्दना गर्दछु साथै दोस्रो विश्वयुद्धपश्चात् विश्व शान्तिस्तूप (चैत्य)का निर्माणकर्ता एवं "निप्पोनजान म्योहोजी"का संस्थापक हुनभएका श्रद्धेय भिक्षु निचिदात्सु फूजी गुरुजी र यस कृतिमा प्रकाशित- तथागतको जन्मस्थल लुम्बिनीमा उल्लेखनिय सेवा गर्नुभएका नेपालका तृतीय संघनायक (बुद्ध-धर्म पुनरुत्थान पश्चात्) हुनुभएका भिक्षु अनिरुद्ध महास्थविरलाई पनि वन्दना गर्दछु ।

मैले लेखेका "बोरोबुदूर महाचैत्य" र उपर्युक्त भिक्षु द्वयको संक्षिप्त परिचय एवं अन्य केही लेखहरूलाई 'आनन्दभूमि' 'विश्वशान्ति' र 'संघाराम' आदि पत्रिकाहरूबाट 'धर्मशीला बुद्धविहार', नदीपुर-पोखराको तर्फबाट प्रकाशित 'धर्मचक्षु'मा पुनः प्रकाशित गरिएकोमा धर्मचक्षु परिवार (प्रकाशक, प्रधानसम्पादक, ब्यवस्थापक, सह-ब्यवस्थापक आदि) प्रति कृतज्ञ छु ।

तीनै लेखहरू (धर्मचक्षुमा प्रकाशित- ६ वटा)को साथै भक्तपुर नगरपालिकाद्वारा प्रकाशित "भक्तपुर" मासिक पत्रिकामा छापिएका दुई

Downloaded from http://dhamma.digital/

वटा लेख पनि समावेश गरी यस लेख-संग्रह (कृति) प्रस्तुत गरेको छु। यस लेखहरूमा आवश्यकतानुसार केही थपघट पनि गरेको छु।

यस लेख-संग्रह "बोरोबुदूर महाचैत्य" प्रकाशनको मूल हेतु मित्र तुल्सीकाजी मानन्धरको श्रद्धाबाट हुन आएको हो। युवा बौद्ध पुचः एवं बौद्ध संघ भक्तपुरका पदाधिकारी समेत हुनुभएका उहाँ मित्रले आफ्नो दिवंगत पिता तुल्सीलाल मानन्धर (वि.सं. १९९३-२०४१) र माता कृष्णमाया मानन्धर (वि.सं. १९९४-२०६२) को पुण्यस्मृतिमा यस कृतिलाई प्रकाशन गर्ने जिम्मा लिनुभयो। अतः उहाँ एवं उहाँलाई यस पुस्तक प्रकाशन गर्न मद्दत दिनुहुने उहाँका भाई र दिदी-बहिनीहरूलाई धन्यवाद छ।

अन्तमा, यस कृतिको अध्ययनबाट कुनै एक जनाले मात्र भए पनि कुनै एक विषय (लेख) बाट मात्र भए पनि बुद्ध-धर्मको महान्ता बुझाउन सफल भएको खण्डमा लेखक एवं प्रकाशकको सदिच्छा पूर्ण भएको सम्झन्छु।

२५ फागुन २०६२
थालाछें, भक्तपुर-४

– रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| | विषय | पेज नं. |
|---|---|---|
| १) | बौद्ध दृष्टिकोणमा अहिंसा | १ |
| २) | नालन्दा विश्वविद्यालय | ९ |
| ३) | श्रद्धेय भिक्षु निचिदात्सु फूजी | १८ |
| ४) | संघनायक भिक्षु अनिरुद्ध महास्थविर | २२ |
| ५) | बुद्ध धर्मप्रति रवीन्द्रनाथ टैगोरको देन | ३२ |
| ६) | बोरोबुदूर महाचैत्य | ३९ |
| ७) | राहुल साँकृत्यायनको नेपालयात्रा | ४५ |
| ८) | राहुल साँकृत्यायनको तिब्बतयात्रा | ६३ |


Downloaded from http://dhamma.digital/

# बौद्ध दृष्टिकोणमा अहिंसा

नेपालको विश्वप्रसिद्ध राष्ट्रिय विभूति गौतम बुद्ध र उहाँको समकालीन वैशालीका सुपुत्र वर्धमान महावीर (जैन धर्मका संस्थापक) त्याग, तपस्या र सहृदयताको कारण सुप्रसिद्ध छन् ।

अहिंसामा पनि उहाँहरू आ-आफ्नो दृष्टिकोणमा सुप्रसिद्ध छन् । जसअनुसार अहिंसामा महावीर (निर्ग्रन्थनाथ पुत्र)को विचारधारा अनुरूप जैन मुनिहरू सन्ध्या समयमा पनि बत्ती नबालिकन अन्धकारमा रहन्छन्, ताकि बत्ती बालेपछि बत्तीमा आई जलेर मर्ने कीट-पतंगहरूको प्राण व्यर्थ नजाओस् ।

यस विषयमा बुद्धको विचारधारा अनुरूप बौद्धहरू निर्धक्कसाथ बत्ती बालेर रहन सक्छन् । बुद्ध-धर्ममा बत्ती बालेर प्राणीहरूको हिंसा हुन जान्छ भनी बत्ती नबालीकन अन्धकारमै बस्नु व्यर्थ र अनुचित सम्झन्छन् । सिर्फ प्रकाशको लागि बत्ती बालिन्छ, न कि प्राणीहरूको हिंसा गर्न । कीट पतंगहरू बत्तीमा आई जलेर मरेको अपराधको चिन्ता बौद्धहरू लिंदैनन्, त्यो त तिनीहरूको आफ्नै गल्तीको कारणले मर्न पुग्ने हुन्छ ।

यस्तै पानी खाने र श्वास लिने बारेमा पनि जैन मुनिहरू महावीरको विचारधारा अनुरूप मुखमा पट्टी बाँधिराख्ने गर्दछन् । ताकि हावामा उडिरहने प्राणीहरू मुखमा नआओस् । पानी छानेर खाने आदेश त बुद्धले पनि दिनुभएको थियो । तर जैन मुनिहरू यसमा पनि सारा पाप आफूलाई मात्र नहोस् भन्ने हेतुले आफूलाई पानी खाने चाहना हुने बेलामा आफ्नो सामु उपस्थित जो सुकै आगन्तुकलाई सकेसम्म त्यो भागको पानी खुवाउने शिष्टाचार देखाउने गर्दछन् । यसरी अहिंसाको विषयमा जैनहरूको र बौद्धहरूको दृष्टिकोण निकै फरक छ । हिंसा र अहिंसाको पनि सीमा हुन्छ । अहिंसावादीहरू एक सीमा (हद) सम्म मात्र पालन गर्न सक्छ । किनकी सारा जीवन हिंसामा नै निर्भर



Downloaded from http://dhamma.digital/

रहेको हुन्छ । खाने-पिउनेमा मात्र होइन सास लिनेमा पनि हिंसा भइनै रहन्छ ।

मांसाहारको विषयमा पनि बुद्धको दृष्टिकोण निकै व्यावहारिक देखिन आउँछ । उहाँले त्रिकोटि परिशुद्ध मांसको अनुमति दिनुभएको छ । ती हुन्-

१) अदृष्य - आफूलाई भनी मारेको नदेखेको ।

२) अश्रुत - आफूलाई भनी मारेको नसुनेको ।

३) अपरिशंकित - आफूलाई भनी मारेको शंका नभएको ।

यस प्रकारको मांस जहाँ प्राप्त भएपनि त्यसलाई ग्राह्य मानिन्छ । जसको उदाहरणको रुपमा महापण्डित राहुल साँकृत्यायन सन् १९३० देखि १९३७ सम्म भिक्षुवेष (स्थविरवादी) मा रहनुभएको थियो । यस अवधिभित्र उहाँले पश्चिम (यूरोप) को साथै सुदूरपूर्वको पनि यात्रा गर्नुभएको थियो । सन् १९३५ मा गरेको त्यस जापानसम्मको यात्रा सामुन्द्रिक जहाजबाट गर्नु भएको थियो । यसै यात्रामा उहाँलाई रंगूनको एक होटलमा कुखुराको मासुसँग भोजन गर्नुभएको देखेर ताज्जुब भई उहाँको रंगूनस्थित जयपुरका मित्र पंडित हनुमानप्रसादले सोध्नु भयो - "अहिंसाको मानते हुए मांस क्यों खाते है, क्या इससे आप हिंसाके भागी नहीं होते ?"

उहाँले भन्नुभयो - "क्रिया होने से पहेले उसके करने की इच्छा यदि पुरुष मे हो, तभी वह उस क्रियाका कर्ता हो सकता है, आप जानते है, बाजार मे मुर्गा मारने की क्रिया जिस वक्त हो रही थी, उससे पहेले उस क्रिया के करने कि मेरे मनमे कोई इच्छा नहीं थी, तो भला मै उस क्रियाका कैसे कर्ता हुआ ? हम मांसको जिस रूपमे खाते है, वह तो चावलदालकी तरह निर्जीव अवस्था है । हाँ, मैने भोजन को इच्छा प्रकट कि उसके वाद कोई छुरी लेकर मुर्गी मारने चले तो उसका जिम्मेवार मैं अपने को जरूर समझूँगा ।"



Downloaded from http://dhamma.digital/

फेरी अर्को एउटा उदाहरण-

आकाशमा दुइटा पंक्षी आपसमा लडी एकले अर्कोलाई मारी जमीनमा खसालिदियो। जमीनमा पाएको त्यस मृत पंक्षी कसैले लगी खाएमा त्यस व्यक्तिलाई मारेको अभियोग कदापि हुँदैन। त्यो मासुलाई हामी त्रिकोटि परि शुद्धको रुपमा लिन सक्छौं।

यदि मानिसहरूले मासु नै खान छोडे कसले प्राणीहरू मारेर बेचबिखन गर्ला भन्न प्रश्न अहिलेको मात्र होइन, पहिले पनि भइसकेको र पछि पनि यथावत् नै भइरहने प्रश्न हो। यो प्रश्न अव्यावहारिक सिद्ध हुन्छ, किनकी संसारमा सदाकाल मांसाहारी र शाकाहारी दुवै थरीका मानिसहरू रहँदै आएका छन्। शाकाहारी मात्र वा मांसाहारी मात्र रहेको समय कहिल्यै पनि देखिएको छैन। यदि कसैले देखाउन खोजेको छ भने त्यसले इतिहास प्रति बेइमानी गरेको ठहर्छ।

अर्को कुरा, कतिपय कसाईले प्राणी हिंसाबाट विरक्त भई आफ्नो पुर्ख्यौली पेशाको वास्ता नगरी अन्य पेशा गरेको नदेखिएको होइन, जो मासु बेचबिखन तिर लागेका छन्, त्यसलाई हामीले आग्रह गरेर गराएको त होइन। उसले त आफ्नो स्वेच्छाले त्यो पेशा गरेको हुन्छ।

यदि कसैले बुद्धले भिक्षुसंघलाई दिएको त्यस बुद्धिवादी अहिंसा अनुरूप त्रिकोटि-परिशुद्ध मांसभक्षण अनुज्ञालाई जिद्दी स्वभाव अनुसार बहिष्कार गर्दै रहने हो भने उसले अन्य आहारलाई पनि बहिष्कार गर्नु पर्दछ, किनकी प्रत्येक आहार प्राप्त गर्नको लागि किसानहरूले जुन कडा मेहनत गर्दछ, त्यहाँ असंख्य प्राणीहरूको वध भएको हुन्छ। खेतमा हर चीज उत्पादन गर्नको निम्ति अनगिन्ती प्राणीहरूको ज्यान गएको हुन्छ। फेरि बालीको रक्षाको लागि भनी अनेक कीटनाशक औषधीहरूको प्रयोग हुन्छ, जसबाट लाखौं, करौडौं, अरबौं प्राणीहरूको प्राण जान्छ, किनकी हामीलाई थाहा



Downloaded from http://dhamma.digital/

भएकै कुरा हो, आँखाले देखिने भन्दा नदेखिने अणुविक्षस प्राणीहरू नै अल्याख भएको हुन्छ। जसलाई हामी माईक्रोस्कोपबाट हेर्नु पर्ने हुन्छ।

यसरी वास्ता गर्ने हो भने हामी कुनै पनि अन्नलाई ग्रहण गर्न सक्दैनौं। अतः हामीले वास्तविकता र व्यावहारिकतालाई बुझ्नुपर्दछ। मांसाहारप्रति बुद्धको अदृष्य, अंश्रुत र अपरिशंकित मांसको अनुमति सही रूपमा रहेको कुरालाइ राम्ररी अवगत गर्नुपर्दछ, हामीलाई थाहा हुनुपर्दछ–घर घर पिच्छे भिक्षाटन वा भोजन गर्न जाने भिक्षुहरूलाई के थाहा ? जसको घरमा जुन सुलभ र तयार छ, त्यहीत्यही नै प्रबन्ध गरेको हुन्छ। उदाहरणको लागि स्वयं भगवान बुद्धले नै मांस भोजन स्वीकार गर्नुभएको घटना स्पष्ट पारौं -

बुद्धको समयमा 'वैशाली' एक आदर्श, बलशाली एवं बैभवशाली गणराज्य थियो। त्यसबेला त्यहाँ 'सिंह' नामका एक सुयोग्य सेनापति रहेको थियो, जसको बीरता एवं नेतृत्वको कारण मगधका राजा आजातशत्रुले धेरैपटकसम्म पराजय भोग्नुपरेको थियो। ती सिंह सेनापति पहिले जैन थिए, पछि बुद्धको उपदेश सुन्ने मौका प्राप्त गरी बौद्ध हुनुभएको थियो। उहाँ त्रिशरण (बुद्ध, धर्म, संघ) मा जानुभएपछि बुद्ध एवं भिक्षुसंघलाई उहाँले भोजनको लागि निमन्त्रणा गर्नुभयो।

अतः उहाँले घर पुग्नुभई दासहरूलाई मांस पनि लिन पठाउनु भयो। उहाँले कसाहींहरूमा रहेको त्रिकोटी परिशुद्धको रूपमा रहेको मांस किन्न पठाई खाद्य भोजन तयार गर्नुभएको थियो।

भगवान बुद्ध पनि भिक्षुसंघसहित निमन्त्रणा अनुसार सिंह सेनापति को घरमा जानु भई त्यहाँ तयार गरिराखेको भोजन ग्रहण गर्नु भयो। उता जैन साधुहरूलाई सिंह सेनापति आफ्नो पथबाट विमुख भएको हुनाले असह्य भइरहेको थियो। त्यसकारण तिनीहरू वैशालीको सडक–सडकमा, तीन–दोबाटा



Downloaded from http://dhamma.digital/

चार-दोबाटो, आदि ठाउँमा पुगी चिच्याउँदै थिए - "सिंह सेनापति -अधर्मी हो, पापी हो । आज उसले बुद्ध सहित भिक्षु-संघलाई भोजनको प्रबन्धको निम्ति हिंसा गऱ्यो । बुद्धको पनि कहाँ श्रमणत्व छ र उसले आफूले जानाजान थाहा पाइकन आफूलाई भनी मारेको मासु सहितको भोजन ग्रहण गऱ्यो ।"

सिंह सेनापतिले पनि यसको स्पष्टिकरण दिनुभएको थियो-"मैले भोजन प्रबन्धको निमित्त कुनै प्राणीलाई पनि मारेको छैन, मार्न आदेश पनि दिएको छैन । म निर्ग्रन्ध (जैन) सम्प्रदायबाट अलगिगएको कारण तिनीहरू (जैन साधुहरू) मूर्खहरू सरह विभिन्न ठाउँ-ठाउँमा चिच्याउँदै हिंडेका थिए ।"

वास्तवमा अहिले पनि बौद्धहरूको मांस भक्षण विषयलाई लिएर बुझ्नेतर्फ नरही, बुद्धको उपदेश र बौद्ध ग्रन्थहरूको अध्ययन विना नै सिर्फ आलोचना गर्ने तर्फमात्र लागि मनगढन्त कुराले मात्र चिच्याउनेहरू कम छैनन् ।

यदि बुझ्ने, बुझाउनेतर्फ लागे नबुझ्ने खालकाहरू पनि होइनन्, तर तिनीहरू विरोधको लागि नै विरोध गरिरहेका हुन्छन् ।

मांस भक्षणबारे बुद्धको दृष्टिकोण अनुसार "त्रिकोटि परिशुद्ध मांस" दोषरहित साबित भए जस्तै हामीबाट कहिलेकाहीं हुने अनायास हिंसाहरूलाई पनि उहाँले दोषरहित साबित गर्नुहुन्छ । उदाहरणको लागि धम्मपदको पहिलो गाथामा रहेको चक्षुपाल स्थविरको घटनालाई लिन सकिन्छ -

भगवान बुद्ध श्रावस्तीको जेतवन महाविहारमा रहनुभएको बेला त्यहाँ चक्खुपाल स्थविर पनि विहार गर्नुभएको थियो । उहाँले विशेष योगाभ्यास (ध्यान भावना) द्वारा राग, द्वेष, मोहलाई नष्ट गरी जीवन मुक्त (अरहत्) हुनुभएको थियो । जुन प्रयासमा उहाँले विशेष कारणवश दुवै आँखा गुमाउनु परेको थियो । तैपनि उहाँले नियमित रुपमा चंक्रमण गर्नुहुन्थ्यो । वर्षाको



Downloaded from http://dhamma.digital/

ऋतुमा उहाँले चंक्रमण गर्ने बेलामा कयौं स-साना जीवहरू कुल्चेर मरेको देखी केहीले त्यसको गुनासो बुद्धकहाँ पुऱ्यायो। तब उहाँले भनुभयो "एक त चक्षुपाल स्थविर अन्धो हुनुहुन्छ, उहाँले केही देखेको छैन, दोस्रो उहाँ जीवन मुक्त हुनुहुन्छ। उहाँको हृदयमा द्वेषभाव उत्पन्न हुनै सक्दैन, तब कसरी हिंसा हुन्छ ?"

यसबाट साबित हुन गएको छ कि व्यक्तिलाई हिंसाको अपराधी साबित गर्न यो पनि साबित गर्न आवश्यक छ कि उसले गरेको हिंसा द्वेषभावनायुक्त हुनुपर्छ, अन्यथा अपराध साबित हुँदैन।

बौद्धहरू हिंसा (पूर्ण रुपमा) साबित हुन पाँचवटा अङ्गहरू पूर्ण हुनुपर्ने कुरालाई मान्यता दिन्छन्। ती हुन् -

१) प्राणी हुनुपर्ने।

२) प्राणी हो भन्ने कुरा आफूले थाहा पाउनु पर्ने।

३) प्राणी हत्या गर्ने इच्छा हुनुपर्ने।

४) हत्या गर्नको निमित्त प्रहार गरेको हुनुपर्ने।

५) प्रहार गरे अनुसार मृत्यु हुनुपर्ने।

यसरी अहिंसा सम्बन्धी बुद्धको मध्यम (कट्टर नभई) दृष्टिकोण हुनाको कारण नै अन्य धर्म (जैन लगायत) को अपेक्षा बुद्ध-धर्म देश-देशान्तरमा चाँडै नै फैलिएको थियो। यसको खास कारण अहिंसामा मात्र नभई दर्शन लगायत जीवनको अन्य पक्षहरूमा पनि उहाँको बुद्धिवादी दृष्टिकोण (मध्यम मार्ग अनुरूप) हुन गएको कारण विना प्रलोभन र शक्तिले नै यो धर्म विश्वव्यापी हुन गएको हो।

वास्तवमा बुद्धको मध्यम मार्गको विरोध स्वयम् उहाँको जीवनकालमा उहाँकै नातेदार शिष्य देवदत्तले बडो जोडदार रूपमा गरेका थिए। जुन योजना (पाँचवटा नियम) देवदत्तले अनेक तरहले बुद्धको हत्या गर्ने प्रयासबाट



Downloaded from http://dhamma.digital/

असफल भएपछि भिक्षु-संघलाई फूट पार्ने अभिप्रायले त्यस्ता नियमहरूको प्रस्ताव बुद्धकहाँ ल्याएका थिए, जुन नियम व्यवहारमा आउन नसक्ने खालका थिए । फेरि त्यस नियमको प्रस्ताव मञ्जुर नगरे बुद्धको बदनाम गराउने साथै संघभेद गर्ने देवदत्तको प्रबल इच्छा थियो । देवदत्तले ल्याएका ती नियमहरू हुन्-

१) भिक्षुहरू जिन्दगीभर (सदाकाल) जंगलमै रहनुपर्छ, जो विहार (गाउँ, शहर) मा बस्छ, उसलाई दोष (आपत्ति) लाग्छ ।

२) भिक्षुहरूले जिन्दगीभर भिक्षाटन गरेरमात्र खानुपर्छ, जसले निमन्त्रणा स्वीकार गर्छ, उसलाई दोष लाग्छ ।

३) भिक्षुहरू जिन्दगीभर पांसुकूलिक (यताउता फालि रहेको कपडा मिलाई तयार गरिएको चीवर) हुनु पर्छ, जसले गृहस्थहरूले दिएको चीवर लगाउँछ, उसलाई दोष लाग्छ ।

४) भिक्षुहरू जिन्दगीभर रूख (वृक्ष) मुनि रहनुपर्छ, जो छतमुनि बस्छ, उसलाई दोष लाग्छ ।

५) भिक्षुहरूले जिन्दगीभर माछा-मासु खानु हुँदैन, जसले खान्छ, उसलाई दोष लाग्छ ।

यी नियमहरूको बारेमा भगवान् बुद्धले भन्नुभएको थियो - "जो चाहे वनवासी हो, चाहे विहारवासी । जो चाहे पिंडपातिक (भिक्षाटन गरी खाने) हो, चाहे निमन्त्रितवाला हो । चाहे पांसुकूलिक हो, चाहे गृहस्थले दिएको चीवर लाउनेवाला हो, अदृष्य, अश्रुत, अपरिशंकित- यी तीन प्रकार बाट परिशुद्ध मांसको पनि अनुज्ञा दिएको छु ।"

यसरी भगवान बुद्धले कुनै पनि त्यस्तो सिद्धान्तलाई भिक्षु-संघमा लागु गर्नु भएन, जो व्यावहारिक छैन । अहिंसा र मांसाहार सम्बन्धी बुद्धले जुन नियम बनाउनु भएको थियो, त्यसका सौन्दर्य, आदर्श र व्यवहार दुवैमा निहित थियो ।



Downloaded from http://dhamma.digital/

वास्तवमा हिंसा भनेको कायिक कर्ममात्र होइन, त्यो भन्दा बढी वाचिक र मानसिक कार्य पनि हुन जान्छ । अतः भगवान बुद्धले "संयुक्त निकाय" को अहिंसक सुत्त" मा भन्नुभएको छ-

" यो च कायेन वाचाय मनसा च न हिंसति ।
स वे अहिंसको होति यो परं न विहिंसति ॥"

अर्थ-

जो शरीर, वचन र मनले कसैको हिंसा गर्दैन, जो अरूलाई सताउने काम गर्दैन, त्यसलाई नै अहिंसक भनिन्छ ।

अन्यथा "जीव-हिंसा" लाई मात्र हिंसा मानिने व्यक्तिहरूको निमित्त भदन्त आनन्द कौशल्यायन(सन् १९०५-८८)ले उल्लेख गर्नुभएको राजस्थानी लोकोक्तिलाई याद गराउँछ -

ती हुन् -

"जाणन हारया जाण्या वाणिया तेरी वाण ।
अनछाना लोहू पिवे, पाणि पीवे छान ।"

जान्नेहरूले तेरो बानीलाई थाहा पायो । तिमी त जीव हिंसाबाट मुक्त हुन पानी छानेर पिउने गर्दछौं तर गरीबहरूको रगत विना छानी नै पिउन गर्दछौं ।

ଔଔଔଔ

"आनन्द भूमि", वर्ष-१९, अंक-१
(बैशाख, २०४८)
"धर्म चक्षु" वर्ष-७, अंक-११
(आश्विन, २०६१)



Downloaded from http://dhamma.digital/

# प्राचीन अन्तर्राष्ट्रिय बौद्ध शिक्षा केन्द्र नालन्दा विश्वविद्यालय

विश्वका प्राचीन विश्वविद्यालयहरुमा भारतको विहार प्रदेशस्थित नालन्दा विश्वविद्यालय अद्वितीय मानिन्छ। हाल प्राचीन भग्नावशेषको रूपमा रहेको यस विश्वविद्यालयको जीवितकालीन इतिहासबारे केही चर्चा गर्न चाहन्छु।

नालन्दा-बुद्धका एक अग्रश्रावक सारिपुत्र महास्थविरको जन्मस्थल, जुन त्यसताका एक समृद्ध एवं बहुजनाकीर्ण (धेरै जनसंख्या भएको) नगर थियो। यसै नगरका एक प्रमुख व्यापारी उपालि-भगवान बुद्धका एक प्रमुख उपासक हुन आएको थियो। यस नगर राजगृहको एक वैभवशाली उपनगर मानिएबाट पनि बुद्धकालमा नालन्दाको चहलपहल बारे अनुमान गर्न सकिन्छ।

बुद्धकालमा उहाँ लगायत महावीर (निर्ग्रन्थ नाथपुत्र) पनि समय-समयमा चारिका गर्न आउने यस नालन्दा नगर पनि श्रद्धालुहरूको पवित्र स्थान हुन आएको फलस्वरूप पछि प्रायः बौद्ध धर्मावलम्बीहरूको आवागमन अटूट रूपमा हुँदै आएको थियो।

सम्राट् अशोक स्वयं आफ्ना गुरूवर उपगुप्त भिक्षुका साथ नालन्दा आउनु भई भिक्षुसंघको निमित्त एक विहार निर्माण गरिदिनुभएको थियो। उहाँले नालन्दामा निर्मित सारिपुत्र चैत्यको पूजा गरेको कुरा तिब्बती इतिहासकार लामा तारानाथले उल्लेख गर्नुभएको छ।

सम्राट अशोकले यात्रा गर्नुभएको केही शताब्दीपछि नै नालन्दाको प्रतिष्ठा केही घट्दै गएको बुझिन्छ। ईसाको चौथो शताब्दीको अन्तिम दशकमा भारतमा तीर्थयात्रा गर्न आउनुभएका चीनीयाँ यात्री फाहियानले




Downloaded from http://dhamma.digital/

नालन्दाको बारेमा केही उल्लेख गर्नुभएन। यसको अर्थ यो कदापि होइन कि त्यसताका नालन्दाको कुनै अस्तित्व बाँकी थिएन्। फाहियानको मौनता सिर्फ पछि विकसित भएको बृहत शिक्षा केन्द्र त्यसताका त्यति प्रतिष्ठित हुन नसकेकोले मात्र थियो। अन्यथा बुद्धद्वारा विचरित स्थान एवं सारिपुत्र चैत्य रहेको स्थान गुमनाम हुनु त सम्भवै थिएन किनकी फाहियान पश्चात् सातौं शताब्दीमा बौद्ध तीर्थ भ्रमण गर्न आउनुभएका हुयन-साङ्ग (यु-आन-च्वाङ्ग) ले नालन्दाको वैभव एवं अन्तर्राष्ट्रिय बौद्ध शिक्षा केन्द्रको रूपमा ख्याति पाइसकेको कुरा एवं त्यहाँको गतिविधि बारे आफ्नो जीवन वृतान्तमा स्पष्ट उल्लेख गर्नुभएको पाइन्छ।

यस अवधि (चौथौं-सातौं शताब्दी) भित्रमा नालन्दा विश्वविद्यालय स्थापना भइसकेर पनि समुन्नत अवस्थामा पुगिसकेको थियो। अतः यसको स्थापना फाहियानको यात्रा (सन् ३९९-४१४) पश्चात् सन् ४२५ तिर मगधका गुप्त सम्राट शक्रादित्यले गरेको मानिन्छ, जो पछि भिक्षु हुनुभएको थियो। भिक्षु हुनुभएपछि उहाँ 'कुमारगुप्त' नामले प्रख्यात हुनुभयो। उहाँले शुरूमा शिक्षा केन्द्रको रूपमा एक विहार र एक सानो ग्रन्थालयवाट शुभारम्भ गर्नुभएको थियो। पछि आएर उहाँको यस पुनित कार्यलाई उहाँका उत्तराधिकारीहरूल क्रमशः समुन्नत गर्दै लगे। जसमा प्रमुखत शक्रादित्यका पुत्र बुद्धगुप्त, तथागत गुप्त, बाला दित्य, वज्र र मध्यप्रदेशका एक राजा (हर्षवर्द्धन)ले पनि नालन्दामा शिक्षाको अति उत्तम प्रबन्धको निमित्त अलग्ग-अलग्ग भव्य भवन (महाविहार)हरू समेत बनाइदिएका थिए। उक्त भवनहरू निकै विशाल एवं गगनचुम्बी रहेको कुरा हुयन-साङ्गले आफ्नो जीवन यात्रामा उल्लेख गर्नुभएको छ। उहाँले उल्लेख गर्नुभएको छ कि नालन्दाका ती भवनहरूबाट मेघ गर्जन एवं चट्याङ्ग पर्ने बेलाको स्थिति हेर्ने बेलामा जोसुकैलाई पनि आनन्द हुन्थ्यो। अर्थात् निकै उचाईको कारण चारैतर्फको दृश्य स्पष्ट देखिन्थ्यो।



Downloaded from http://dhamma.digital/




Downloaded from http://dhamma.digital/

नालन्दाको खण्डहर (भग्नावशेष) मा देखिने प्राप्त ईटा एवं ६-१२ फिट चौडाईको गाह्रौ भएबाट त्यसको अनुमान गर्न सकिन्छ। साथै भग्नावशेषमा देखिने चौडा र पक्की सीढिंहरूवाट पनि त्यसताकाका भवनहरू निकै अग्ला हुन सक्ने कुरामा शंका हुँदैन।

यस्ता भवनहरूबाट सम्पन्न उक्त नालन्दा विश्वविद्यालयमा त्यसताका (हुयन साङ्गको पालामा) १० हजार विद्यार्थीहरू र १५०० प्राध्यापकहरू रहेको कुरा पनि हुयन साङ्गले उल्लेख गरेका छन्। १५०० प्राध्यापकहरूमा एक हजार प्राध्यापकहरू २० प्रकारका सूत्र र शास्त्रग्रन्थका पारदर्शी ज्ञाता (व्याख्याता) थिए त ५०० प्राध्यापकहरू ३० प्रकारका सूत्र र शास्त्र ग्रन्थका पण्डित (ज्ञाता) थिए। यसको अतिरिक्त, अन्य १० जना यस्ता महापण्डितहरू थिए जसले ५० प्रकारका सूत्र र शास्त्र ग्रन्थका व्याख्यान दिन सक्थे। उहाँहरू सबै भन्दा विशिष्ट सम्पूर्ण ग्रन्थका ज्ञाता भिक्षु शीलभद्र महास्थविर नालन्दा विश्वविद्यालयका कुलपति हुनुहुन्थ्यो।

यसप्रकार नालन्दा विश्वविद्यालयको विद्यार्थीहरूको र प्राध्यापकहरूको संख्याबाट पनि उक्त विश्वविद्यालयको विशालता, त्यहाँको पठन-पाठन एवं अन्य पुस्तकालय बारे सजिलै अनुमान गर्न सकिन्छ।

नालन्दाको उक्त विश्वविद्यालय- बौद्ध विश्वविद्यालय हुनाको कारण प्रमुखत त्यहाँ बौद्धदर्शन, कला र इतिहास आदि बारे अध्ययन-अध्यापनको व्यवस्था पूर्ण रुपमा थियो। त्यसको साथै ब्राम्हण तथा अन्य धर्मदर्शनादि शास्त्रहरूको पनि उच्चतम अध्यापनको व्यवस्था थियो। तत्कालीन आयुर्वेद, विज्ञान, कला आदि विषयको पनि त्यहाँ उचित शिक्षाको प्रबन्ध थियो। त्यसको अतिरिक्त हुयन-साङ्गले त्यहाँ शब्दविद्या (व्याकरण), विभिन्न शिल्प, चिकित्सा, ज्योतिष विद्याको पनि अध्ययन-अध्यापनको व्यवस्था भएको कुरा उल्लेख गर्नुभएको छ।



Downloaded from http://dhamma.digital/

पठन-पाठनमा यति समुन्नत भएको नालन्दा विश्वविद्यालयको ख्याति त्यसताका सारा बौद्ध संसारमा विशेषतः एशियाभरमा व्याप्त भइरहेको थियो। अतः विभिन्न देशका उच्चस्तर मानिएका विद्यार्थीहरू नालन्दामा अध्ययनार्थ हजारौं कोषको यात्रा गरी, कयौं पहाड, नदीनाला पार गरी वन्यजन्तु एवं डाँकाहरूको हातबाट मुक्त भई बल्लतल्ल नालन्दा पुग्थे। तर अफसोच ! नालन्दा पुग्दैमा सजिलै प्रवेश हुन सक्ने कुरा थिएन । प्रवेशको निमित्त प्रवेशद्वारमै अवस्थित द्वारपण्डित जो कयौं शास्त्रका ज्ञाता थिए, उनीहरूले सोधेका प्रश्नहरूको समुचित उत्तर दिने सके मात्र विश्वविद्यालयमा प्रवेश हुने अनुमति प्राप्त हुन्थ्यो। हुयन-साङ्गले त्यस्ता प्रवेशार्थी विद्यार्थीहरुमा १५ जनामा सिर्फ तीन जनाले मात्र प्रवेश पाउनसकेको कुरा उल्लेख गर्नु भएको छ ।

प्रवेश हुन जति गान्ह्रो थियो प्रवेश पछि उक्त विद्यार्थीको सम्पूर्ण समस्या हल हुने प्रबन्ध थियो। अध्यापनको निमित्त कुनै किसिमको शुल्क तिर्नु पर्दैनथ्यो। प्रत्येक विद्यार्थीको निमित्त निवास, भोजन, पुस्तकालय, वस्त्र आदि सारा प्रबन्ध विश्वविद्यालयको तर्फबाट नै हुन्थ्यो। प्रत्येकलाई अध्ययन अध्यापनको अतिरिक्त, अन्य केहि चिन्ता लिनु नपर्ने किसिमले प्रबन्ध गरिएको थियो । हुयन-साङ्गले यहाँको उच्चतम प्रबन्धको सन्दर्भमा यहाँसम्म उल्लेख गर्नुभएको छ कि त्यहाँको भोजनको प्रबन्ध नै राजाहरूले पाउने जस्तो थियो ।

नालन्दा विश्वविद्यालयलाई त्यस अनुरूप नै आर्थिक व्यवस्थाको प्रबन्ध राजाको तर्फबाट भइरहेको थियो र राज्यको तर्फबाट विश्वविद्यालयलाई १०० वटा गाउँको आय प्राप्त हुन्थ्यो । यो हुयन-साङ्गको समयको कुरा थियो त यसको ३५-४० वर्ष पछि आउनुभएका चिनियाँ यात्री इत्सिंग (नालन्दामा अध्ययनार्थ रहनुभएको बेला) को समयमा विश्वविद्यालयका आय-ग्राम २०० पुर्याईएको थियो ।



Downloaded from http://dhamma.digital/

## पुस्तकालयको सन्दर्भमा-

पाँचौ शताब्दीमा राजा शक्रादित्य (भिक्षु कुमारगुप्त)ले एक विहार र एक ग्रन्थालयबाट शुभारम्भ गरिएको नालन्दा बौद्ध शिक्षालय एक-दुई शताब्दी पछि नै विशाल विश्वविद्यालयको रूपमा परिणत हुनुमा प्रमुख कारण यहाँ शुरूदेखिनै राजाश्रय पाउँदै जानु हो ।

त्यसबेला विश्वविद्यालयका भवनहरू पनि धेरै अग्ला थिए, आचार्य (अध्यापक) हरूको पाण्डित्य धेरै गम्भीर थियो र विद्यार्थीहरूको संख्या विशाल एवं व्यापक (देश-विदेश) रहेको अन्दाजाबाट नै पुस्तकालयको विशालताको बारेमा सहजै अनुमान गर्न सकिन्छ । त्यसताकाको जमानामा नै तीन विशालतम भवनहरूका साथ सम्पन्न नालन्दा विश्वविद्यालयका ग्रन्थालय (पुस्तकालय) ले धेरै नै ख्याति पाएको थियो । "रत्नसार" "रत्नोदधि" र "रत्नरञ्जक" नामक क्रमशः ९ तल्ले, ७ तल्ले र तल्लेका विशाल पुस्तकालय भवनहरूमा धर्म  दर्शन, ज्योतिष र तन्त्र आदि विषयका लाखौं ग्रन्थहरू उपयुक्त भवनहरूमा सजाई राखेको थियो । दुर्लभ एवं महत्वपूर्ण ग्रन्थहरूको राम्रो र टिकाऊ वस्त्रमा वेरी सुरक्षित गरिराखेको हुन्थ्यो । प्रायः ग्रन्थहरू पत्राकार हुनाको कारण माथि र तल काठको जिल्दा राखिएको हुन्थ्यो । यस्ता पत्राकार ग्रन्थहरू अद्यावधि नभएको होइन । नालन्दामा उपयुक्त तीन विशाल भवनहरूको अतिरिक्त अन्य स-साना कयौं अन्य पुस्तकालयहरू पनि थिए । जसको कारण ती पुस्तकालयहरू रहेको इलाकालाई नै "धर्मगंज" नामकरण गरिएको थियो ।

नालन्दाको उपर्युक्त ग्रन्थालयहरूमा प्रतिलिपिकर्ताहरूको पनि व्यवस्था गरिएको थियो । साधारण लेखहरूको अपेक्षा अनेकौं विद्वानहरूको दुर्लभ ग्रन्थहरूको यदि जीर्ण अवस्थामा  रहेको भए तुरुन्तै त्यसको प्रतिलिपि तयार गरिन्थ्यो । चिनियाँ यात्री हुयन-साङ्ग, इत्सिंग आदि कैयौं विदेशी विद्यार्थीहरू



Downloaded from http://dhamma.digital/

नालन्दामा अधिक रहनुको प्रमुख कारण नालन्दाको विशालतम पुस्तकालय पनि थियो । उहाँहरूले नालन्दाको अल्याख, अमूल्य ग्रन्थहरू प्रतिलिपि गराई आ-आफ्नो देशमा लानुभएको थियो जसमा उपयुक्त संस्कृतका हजारौ ग्रन्थहरू मध्य एशियाको तिब्बत, चीन, नेपाल आदि देशहरूमा पुगेको थियो ।

हुयन-साङ्गले मात्र (सन् ६२९ मा भारत पुगेका) डेढ-दुई दशक नालन्दामा अध्ययन-अध्यापन गरी ती पुस्तकालयका ६५७ ग्रन्थहरूको प्रतिलिपि तयार गरी स्वदेश फर्कनुभएको थियो । त्यस्तै इत्सिंग-जो चीनबाट प्रस्थान गरेको ३-४ वर्ष पछि सन् ७६५ मा नालन्दा आइपुग्नुभएको थियो - ले १० वर्ष नालन्दामा रही अध्ययन-अध्यापनपश्चात् पुस्तकालयबाट ५ लाख श्लोक बराबरको ४०० ग्रन्थहरूको प्रतिलिपिहरू लिएर सुमात्रा हुँदै स्वदेश फर्कनुभएको थियो ।

नालन्दाका प्रतिलिपिकारहरूले आ-आफूले उतारेका प्रतिलिपिहरूमा आ-आफ्नो नामको अतिरिक्त तत्कालीन राजा एवं राजव्यवस्थाको वारेमा पनि केही न केही उल्लेख गर्ने गर्दथे । अतः नालन्दाको हस्तालिखित ग्रन्थहरूको कालबोध सजिलैसित थाहा पाउन सकिन्छ । उपयुक्त प्रतिलिपिहरू अहिले सम्म पनि रोयल एशियाटिक सोसाइटी, लण्डन र अक्सफोर्डका ग्रन्थालयहरूमा सुरक्षित छन् । ती प्रतिलिपिहरू विशेषतः पाल राजाहरूको समयको अधिक थियो ।

नालन्दा विश्वविद्यालय एवं नालन्दा ग्रन्थालयको ख्याति (पूर्ण विकास) हुनुका प्रमुख कारण त्यस विश्वविद्यालयलाई शताब्दीयौं देखि राजाहरूले नै अटूट प्रयास गरेको फलस्वरुप थियो जसको उल्लेख माथि पनि गरिसके । नालन्दा विश्वविद्यालयको पूर्ण विकास गुप्तकाल पश्चात् सम्राट हर्षवर्द्धन (हुयन साङ्ग कालीन) एवं पालवंशीय राजाहरूको समयमा भएको थियो । तीनै राजाहरूको संरक्षणमा नालन्दा ज्ञानार्जनको प्रमुख केन्द्र भई देश देशान्तरमा फैलिएको थियो ।



Downloaded from http://dhamma.digital/

नालन्दा विश्वविद्यालय एवं त्यहाँको ग्रन्थलाई भारतीय शासकहरूले मात्र टेवा दिएका थिएनन् सुदूर पूर्व (सुमात्राका)को राजा बालपुत्रदेवले समेत एक महाविहार निर्माण गरी त्यसको संचालन एवं पोषणको निमित्त ५ वटा गाउँ समेत दान गरिएको उल्लेख त्यही नालन्दाबाट प्राप्त देवपाल ताम्रलेखबाट स्पष्ट भइसकेको छ ।

नालन्दामा विभिन्न शिक्षालय भवनहरूका अतिरिक्त श्रद्धालुहरूको दर्शनार्थ कयौं स-साना देखि ठुलाठुला स्तूप एवं बुद्ध-मूर्तिहरू रहेको कुरा विशेषतः चिनियाँ (हुयन साङ्ग एवं इत्सिंग आदि) यात्रीहरूले उल्लेख गर्नु भएको छ । जसमा प्रमुखतः सम्राट अशोकका अन्तिम वंशज राजा पूर्ण वर्माद्वारा निर्मित ८० फीट उचाई भएको बुद्ध-मूर्ति हुयन साङ्गले देखेको वर्णन गरिएको छ। यस मूर्तिको साथै उहाँले ६ तल्लाको एउटा मन्दिर पनि निर्माण गरेको थियो ।

त्यस नालन्दा विश्वविद्यालयमा रहेका भवनहरूमा ३०० फीट सम्मका भवनहरू पनि थिए। जुन राजा बालादित्यले निर्माण गराएका थिए त अन्य २०० फीट एवं १०० फीटका भवनहरू रहेको कुरा चिनियाँ यात्रीहरूले उल्लेख गरेका छन् । सम्राट हर्षवर्द्धनले नालन्दाको चारै तर्फ अग्ला-अग्ला किल्लाहरू बनाउनको साथै विभिन्न विशालतम सिंहद्वारहरू (भवनहरूको अगाडि) पनि निर्माण गर्नुभएको थियो । जसको वर्णन इत्सिंगले गरेका छन् । नालन्दामा रहेका विभिन्न भवन माथि पुनः एक भवन बनाई राजा हर्षवर्द्धनले त्यसमा पित्तलले ढाक्न लगाउनुभएको थियो । नालन्दा विश्वविद्यालय एवं ग्रन्थालयको व्यवस्थाको निमित्त सम्राट हर्षवर्द्धनले विशेष थप आर्थिक योगदान दिनुभएको उल्लेख छ ।

नालन्दामा त्यसताका ४ वटा दर्शनीय देवमन्दिरहरू पनि रहेको कुरा नालन्दाका अन्तिम तिब्बती विद्यार्थी धर्मस्वामीले उल्लेख गरेका छन् ।



Downloaded from http://dhamma.digital/

जो तुर्क आक्रमणका प्रत्यक्षदर्शी थिए । ती देव-मन्दिरहरूमा अवस्थित देवहरू प्रति तत्कालीन जनताहरूको निकै श्रद्धा रहेको कुरा पनि उनले उल्लेख गरेका छन् । ती देवहरू हुन्- "वक्रग्रीवा" मञ्जुश्री, ज्ञाननाथ, "आभूषण रहित" तारा र भगवान खसर्पण । यो वर्णन उनको जीवनीमा उल्लिखित थियो ।

रोचक कुरा छ, नालन्दामा तुर्क (मुसलमान)हरूद्वारा सन् १२३६ मा अन्तिम आक्रमण गरिएको थियो, त्यसवेला धर्मस्वामीले ज्ञाननाथको मन्दिर मा लुकी आफ्नो ज्यान बचाएका थिए । उनले नालन्दाका अन्तिम आचार्य राहुल श्रीभद्रका साथ कयौं वर्ष बिताउनु भएको थियो ।

अफशोचको कुरा हो- पाँचौ शताब्दी देखि अविछिन्न रुपमा अन्तर्राष्ट्रिय विद्या केन्द्रको रुपमा बेजोड भूमिका निभाउदै आएको नालन्दा विश्वविद्यालयले १२ औं शताब्दीको अन्तिम दशक देखि तुर्कहरूले पटक-पटक आक्रमण गरेबाट नालन्दा विश्वविद्यालयका सम्पूर्ण भवन, ग्रन्थालय, ग्रन्थालयका लाखौं ग्रन्थहरू, हजारौं विद्यार्थीहरू, सयौ शिक्षकहरू अधिकांश तरवारको धारमा परे । अन्य शेष ब्यक्तिहरू आ-आफूले सके जतिको ग्रन्थहरू बचाई तिब्बत, नेपाल आदि स्थानमा शरण लिन पुगे । यस प्रकार भारतमा मुसलमानहरूको आक्रमणबाट बौद्ध-धर्म शताब्दियौंको निमित्त लोप हुन गयो ।

अन्तमा, अतीतका यस गौरवमयी नालन्दा विश्वविद्यालयको गौरव गाथाको वर्णन पुनः एक पटक महापण्डित राहुल साँकृत्यायन् (सन् १८९३-१९६३) को शब्दमा –

"मुझे तो ख्याल आता था, क्या नालन्दा विहारियोंका अक्सफोर्ड केम्ब्रिज नहीं बन सकता ? वह भी राजधानी पटना से उतनी ही दूर है, जितनी कि लण्डन से उक्त विद्यालय । उसके पीछे भी ७-८ शताब्दीयोंका



Downloaded from http://dhamma.digital/

भव्य इतिहास है। यदि इन्हें मिल्टन और स्पशर जैसे कवि, न्यूटन और डार्विन जैसे वैज्ञानिक तथा दार्शनिक पैदा करनेका अभिमान है, तो नालन्दाको भी दिङ्नाग, चन्द्रकीर्ति, धर्मकीर्ति और शान्तरक्षित जैसे अद्भूत दार्शनिक चन्द्रगोमी जैसे महावैयाकरण, सरहपाद, भूसुक जैसे हिन्दीके कवि पैदा करनेका सौभाग्य प्राप्त हैं। यदि आज दुनियाँके कोने–कोने से इन विश्वविद्यालयों में विद्यार्थी आते है, तो किसी समय नालन्दा मे भी ईरान, मध्यएशिया, चीन और कोरिया, चम्पा और कम्बोज, जावा और सुमात्रा, बर्मा और श्रीलंका के विद्यार्थी पढ्ने आते थे। यदि केम्ब्रिज और अक्सफोर्ड अपने तीन सौ वर्ष पुराने मेजे, चार सौ वर्ष पुराने चूल्हों, सात सौ वर्ष पुरानी दिवारों और दर वाजोंको दिखलाकर, उस समयका जीवन्त चित्र,हमारे सामने रख सकते है, तो नालन्दा भी छठी सदीकी दिवारों और द्वारों, आठवीं सदीके कुओं, सातवीं और नवीं सदिके ताम्रपत्रों, हजार वर्ष पुराने चूल्हों नाना मूर्तियो और स्तूपों तथा पुराने आचार्यो में से किन्हीं किन्हींको हड्डियों तकको हमारे सम्मुख रखकर हमारे इतिहासको क्या सजीव नही दिखा सकता ? दर असल उन विश्वविद्यालयोंको देखते समय क्षण–क्षण में मेरा मन, शरीरको इङ्गलैण्ड में छोड़कर, नालन्दामे पहुँच जाता था। उनकी दिवारोंकी सुरक्षित अवस्थाको देखकर मन कहता था– नालन्दाकी भी दस–बारह हाथ ऊँची दीवारोंकी तथा और सभी नीचेकी चीजोंकी भी रक्षा की जा सकती है।"

-सन्दर्भ-

१) नालन्दा विश्वविद्यालय – प्रो. चन्द्रिकासिंह उपासक
– नालन्दा कालेज, विहार शरीफ (पटना) -१९५४
२) मेरी यूरोप यात्रा – राहुल साँकृत्यायन
– किताब महल, इलाहावाद- १९४५ (द्वि. सं.)
३) "धर्मदूत"मा प्रकाशित नालन्दा सम्बन्धी विभिन्न लेखहरू।

'विश्वशान्ति' वर्ष-७,अङ्क-७(बु.सं. २५४१)
'धर्म चक्षु' वर्ष-६, अंक-४ (कार्तिक, २०५९)



Downloaded from http://dhamma.digital/

# श्रद्धेय भिक्षु निचिदात्सु फुजी

जापानको निप्पोनजान म्योहोजीका श्रद्धेय भिक्षु निचिदात्सु फुजी विश्वमा विश्वशान्ति स्तूपका निर्माताका रुपमा सुपरिचित हुनुहुन्छ । उहाँले आणविक एवं परमाणु परीक्षणको विरुद्धमा तथा निशस्त्रीकरणको पक्षमा युरोप, अमेरिका लगायतका देशहरूमा शान्ति पदयात्राको आयोजना गर्नुभयो । उहाँको नेतृत्वमा "नाम्-म्यो हो-रें-गे-क्यो" भन्दै ड्रम बजाएर परिक्रम गर्दा वा पूजा गर्दा मानिसहरूको ध्यान स्वतः आकर्षित हुन्थ्यो, सहभागिता हुन्थ्यो र सहयोग हुन्थ्यो । शान्तिका पूजारीका रुपमा उहाँ अविस्मरणीय हुनु भएको छ, अमर हुनुभएको छ ।

श्रद्धेय गुरुजीको जन्म जापानको क्युशु टापु अन्तर्गत कुमामोतो नगरको असोगुनस्थित साकानासी नामक गाउँमा ६ अगस्त १८८५ मा भएको थियो । १९ वर्षको कलिलो उमेरमा उहाँ निचिरेन सम्प्रदायका भिक्षु निचि राई आदाचीको निर्देशनमा प्रव्रजित भै भिक्षु हुनुभयो । प्रव्रज्यापश्चात् टोकियोको निचिरेन- शू-विश्वविद्यालय अर्थात् हालको रिश्शो विश्वविद्यालयमा अध्ययन गर्नुभयो र स्नातक हुनुभयो । उहाँले तेनदाई, युशिकी, होशो-युसिकी, सिंगान आदि निकायका विश्वविद्यालयहरूमा पनि अध्ययन गरी आफ्नो चिन्तन मननको फाँट फराकिलो पारी मानव जीवनको निमित्त आध्यात्मिक शान्तिको अभ्यास गर्नुभयो ।

सन् १९१४ मा पहिलो विश्वयुद्ध शुरूभएदेखि शान्ति, मैत्री र अहिंसाको अरू महत्व बढेको अनुभूति भयो । उहाँले बुद्ध-धर्मलाई अरू शक्तिशाली र चिरस्थायी बनाउन तथा विभिन्न सम्प्रदायहरूलाई एक सूत्रमा आबद्ध गर्ने उद्देश्यले १९१७ मा 'निप्पोनजान म्योहोजी' (अखिल जापान बौद्ध संघ) को स्थापना गर्नुभयो । उहाँले दुःख, आर्तनाद र संवेगको नारा बुलन्द



Downloaded from http://dhamma.digital/

गरी जापानको राजदरवारको अगाडि शान्तिको बाजा (धर्म-दुन्दुभि) बजाएर शान्तिको पुकार गर्नुभयो । १९७१ डिसेम्बर १ मा मञ्चुरियामा शान्तिको लागि एक मन्दिर बनाउनु भयो । युद्ध रोक्न अपील गर्नुभयो र त्यसको लागि विभिन्न देशहरूमा जानुभयो ।

सन् १९२३ को सेप्टेम्बरमा जापानमा ठूलो भूकम्प भयो । त्यसले धेरै जनधनको क्षति भयो । उहाँले आफ्नो संस्थामार्फत पीडितजनहरूलाई खाद्यान्न, औषधीमूलो देखि बासस्थानसम्मको व्यवस्था गरी उल्लेखनीय सेवा पुऱ्याउनु भयो । त्यसबेलादेखि उहाँको प्रभावकारिता अरू बढ्यो ।

भिक्षु निचिदात्सु फुजी १९३१ मा विभिन्न देशको भ्रमण गरी भारत पुग्नुभयो । त्यहाँ बौद्ध तीर्थस्थलहरूको अध्ययन भ्रमण गरी नेपालमा पनि आउनुभयो । बुद्धको जन्मभूमि लुम्बिनीको दर्शनपश्चात् त्यहाँ एउटा स्मारक बनाउने बिचार गर्नुभयो । तर त्यसबेला त्यस्तो केही गर्न संभव थिएन । अर्को वर्ष उहाँले भारतको बम्बइमा एउटा बौद्ध मन्दिरको निर्माण गर्नुभयो । त्यही मन्दिरको निर्माणको क्रममा उहाँको भेट भारतका राष्ट्रपिता महात्मा गान्धी (सन् १८६९-१९४८) सँग भयो । अहिंसाबादी दुइजना व्यक्तित्वको भेटघाट पछि प्रगाढ मित्रतामा परिणत भयो र एक अर्काको सहयोगी हुनुभयो ।

महात्मा फुजी गुरुजी बराबर भारत आउनुभयो । सन् १९३५ मा आफ्ना धर्मगुरुको स्वप्न अनुरूप उहाँले सूर्योदयको देश जापानबाट चन्द्रोदयको देश भारतमा बुद्ध धर्मको व्यापक प्रचार प्रसार गर्नुभयो । त्यसबेलादेखि नै भारतमा उहाँको विशेष छाप रहेको हो । पछि उहाँबाट भारतीय नेताहरू र सर्वसाधारण जनता पनि प्रभावित हुन्दै गए । भारतका ठूल्ठूला राजनेताहरूसँग उहाँको राम्रो संबन्ध थियो । प्रधानमन्त्री जवाहरलाल नेहरूले उहाँलाई बुद्धका दशवटा अस्थिधातु प्रदान गर्नु भएको थियो । संसारमा सय वटा विश्वशान्ति स्तूप निर्माण गर्ने अठोट गर्नुभएका श्रद्धेय भिक्षुले भारतको विभिन्न ठाउँमा



Downloaded from http://dhamma.digital/

विश्वशान्ति स्तूपहरू निर्माण गर्नुभयो। उहाँले विश्वशान्तिका लागि अन्तर्राष्ट्रिय सद्भाव र समभ्रुदारीता बृद्धि गर्नमा ठूलो योगदान पुऱ्याउनुभएकोमा भारत सरकारले उहाँको सम्मानमा अन्तर्राष्ट्रिय "नेहरू शान्ति पुरस्कार" प्रदान गरेका स्मरणीय छ।

श्रद्धेय भिक्षु निचिदात्सु फुजी सन् १९७२ डिसेम्बर १४ का दिन 'नेपाल बौद्ध समाज'को निमन्त्रणामा पहिलो पटक काठमाडौं आइपुग्नुभयो। १८ डिसेम्बरमा उहाँले श्री ५ महाराजाधिराजको दर्शनभेट गर्नुभयो र बुद्धको जन्मस्थल नेपालमा विश्वशान्ति स्तूप बनाउने इच्छा जाहेर गर्नुभयो। उहाँलाई त्यसबेला लुम्बिनी क्षेत्रमा स्तूप निर्माणको ठाउँ छनोट गर्न श्री ५ को सरकारल हेलिकप्टरको व्यवस्था गरिदिएको थियो। उहाँ लुम्बिनी पुग्नु भै जग्गा किन्नु भयो र ६०/७० हजार ईटा पनि ल्याउन लगाउनु भयो। तर १९७३ फेब्रुवरी मा आएर काम शुरु गर्न लाग्दा यो काम गर्न रोक लगाइयो। दोश्रो पटक उहाँले नेपाल बौद्ध समाजका अध्यक्ष प्रेमबहादुर शाक्य मार्फत काठमाण्डौको स्यूचाटारमा स्तूप बनाउन खोज्नुभयो, तर त्यहाँ पनि बनाउन दिइएन।

उहाँ त्यसपछि बनेपा, लुम्बिनी, बुटवल, तानसेन लगायत विभिन्न ठाउँका विहारहरू हेर्दै पोखरामा आइपुग्नुभयो। नेपाल बौद्ध समाजका अध्यक्ष शाक्य मार्फत उहाँको भेट पोखराका अनगारिका धर्मशिला र भूतपूर्व उपमन्त्री मीनबहादुर गुरुङसँग भयो। पोखराको प्राकृतिक दृश्य देखेपछि उहाँले पोखरामा शान्ति स्तूप निर्माण गर्ने विचार गर्नुभयो। विभिन्न ठाउँ हेरेपछि फेवाताल पारि पुम्दी भुम्दी गाउँको अनदुको थुम्की मन पराउनु भयो। २०३० साल भाद्र २७ गते त्यहाँ शिलान्यास कार्य पनि सम्पन्न भयो। त्यहाँ एउटा प्रार्थना हल निर्माण गरियो। जसमा २०३० साल मंसिर १३ गते पाटनमा निर्मित भगवान बुद्धको ठूलो एवं कलात्मक जन्ममूर्ति स्थापना गरियो। त्यहाँ फुजी गुरुको लागि निवास र अर्को एउटा पाहुना घर तैयार भएपछि



Downloaded from http://dhamma.digital/

विश्व शान्तिस्तूपको निर्माण कार्य थालियो । स्तूप ३५ फीटजति अग्लो भएपछि एउटा वज्रपात भयो । निर्माण कार्यमा संलग्न मीनबहादुर गुरुङलाई शान्ति सुरक्षाको कारण देखाएर २०३१ साल श्रावण ४ गते जेलमा राखियो भने उहाँका सुपुत्र कृष्ण बहादुर गुरूङ्गलाई पनि ४ महिना पछि जेल राखियो । अनि नगर योजनाको स्वीकृति नलिई निर्माण गरेको आरोप जवरर्जस्ती लगाएर शान्तिस्तूप लगायत सबै स्मारकहरू भत्काइयो ।

श्रद्धेय गुरुजीलाई ठूलो चोट पऱ्यो । तैपनि उहाँले हरेश खानु भएन । एक न एक दिन त्यहाँ विश्व शान्तिस्तूप निर्माण हुनेछ भन्ने आश र अठोट गरेर उहाँले प्रतिक्षा गर्नुभयो । करीब १८ वर्षको संघर्षपश्चात् अनदुको मीन थुम्कीमा २०५० मा विश्व शान्तिस्तूपको शिलान्यास प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गर्नुभयो भने स्तूप पूरा भएपछिको २०५६ कार्तिक १३ का दिनमा भएको विशेष पूजा पनि उहाँकै उपस्थितिमा सम्पन्न भयो । तर दुःखको कुरा यो छ कि यी सब हेर्न फुजी गुरुजी रहनु भएन । यसैबीच लुम्बिनीमा पनि सबभन्दा ठूलो र अग्लो विश्वशान्ति स्तूप निर्माण भयो । तर हामीले यी कुराहरू उहाँलाई देखाउन सकेनौं । उहाँको वि.स.२०४२ अर्थात् सन १९८५ मा १०० वर्षको उमेरमा निधन भयो ।

(“भिक्षु निचिदात्सु फुजी” जीवनी पुस्तकमा आधारित)

“धर्म चक्षु”
वर्ष ८, अंक-१
(कार्तिक, २०६१)



Downloaded from http://dhamma.digital/

# संघनायक-भिक्षु अनिरुद्ध महास्थविर

नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान गर्नमा अग्रणी भूमिका निभाउनुभएका प्रमुख व्यक्तिहरूमा भिक्षु अनिरुद्ध महास्थविर पनि एक हुनुहुन्छ ।

उहाँको जन्म २८ मार्ग १९७२ तद्नुसार १३ दिसम्बर १९१५ का दिन पिता दशरत्न तुलाधर (बारां साहू) र माता दिव्यलक्ष्मी तुलाधरको माहिलो पुत्रको रूपमा असनको धालासिक्वमा भएको थियो । माता-पिताको तर्फबाट उहाँले आफ्नो नाम 'गजरत्न' पाउनुभएको थियो ।

आफ्नो प्रारम्भिक शिक्षा घरैमा पाउनुभएका गजरत्नले ८ वर्षकै उमेरमा आमाको निधन हुन गएबाट पिताका साथ वि.सं. १९७८ सालमै पहिलोपटक ल्हासा (तिब्बत) जानुपरेको थियो । तर उहाँ सार्‍है बालसुलभ चञ्चल र उद्दण्ड स्वभाव हुनाको कारण पिता दशरत्न तुलाधरले आफ्नो पुत्रलाई बनारसको सेन्ट्रल हिन्दू बोर्डिङ्ग स्कूलमा भर्ना गरिदिनुभयो । यस स्कूलमा दुई वर्षको अध्ययनकालमै गजरत्नको बानी सुधिएको कारण पिताले विद्याको महत्व थाहापाउनु भयो, तर त्यस स्कूलमा ३ वर्ष अध्ययन गर्न नपाउँदै ल्हासाबाट पिताको पत्र आएकोले गजरत्नले वि.सं. १९८१ सालतिर आफ्ना एक परिचितसित दोस्रोपटक तिब्बत यात्रा गर्नुभयो ।

त्यस पटकको ल्हासा निवासकाल उहाँले डेढ-दुई महीनामात्र बिताउन पाइयो किनभने पिता दशरत्न तुलाधरले आफ्नो व्यापारी काम त्यस अवधिभित्रै सिध्याई त्यही साल (वि.सं. १९८१) मै नेपाल फर्कनुभएको थियो ।

दशरत्न तुलाधरको कान्छो पुत्र त्रिरत्न तुलाधर (वि.सं. १९७५-२०५२) आमा दिव्यलक्ष्मीको निधनको बेला सिर्फ ६ महीनाको थियो । अतः



Downloaded from http://dhamma.digital/

उनलाई सानैदेखि बज्यैकहाँ राखिएको थियो। दशरत्न तुलाधर वि.सं. १९८१ (सन् १९२४) मा ल्हासाबाट पुत्रलाई लिई फर्केको बेलामा पनि कान्छो पुत्र बज्यैकहाँ नै थियो। असन धालासिक्वमा उनका पिता र पुत्र गजरत्न केही महीनामात्र रहेको थिए। दशरत्न तुलाधरलाई अन्य गृहस्थहरूका बीच रहने इच्छा नभएको कारण केही समय अगाडिदेखि जीर्णोद्वार कार्य भइरहेको किन्डोल विहारमा बस्नुभएको थियो। त्यस विहारको जीर्णोद्वार कार्यमा साहू दशरत्न आफूले ल्हासाबाट १० वटै औंलामा लाएर आएको सुनको औंठी सम्पूर्ण खर्च गर्नुभएको थियो।

दशरत्न साहू र उहाँको पुत्र गजरत्न किन्डोल विहारमा बस्न आउनुभएको वर्षदिनपछि त्यहाँ पुजारीको काममा रहँदै आएका देवपाला अतिसारको रोगले निधन हुन गयो यद्यपि त्यस पुजारीलाई गजरत्नले असाधारण रूपमा सेवा-सुसार गरेको थियो। थिमिका त्यस शाक्य पुजारीको निधनपछि दशरत्न तुलाधरले भक्तपुरका मञ्जुहर्ष नामका एक घ्येलुं जो नमोबुद्धमा रहेका थिएलाई किन्डोल विहारमा ल्याई पुजारीको काम सुम्पनु भयो। मञ्जुहर्ष न्यूनव्रत चलाउनमा खप्पिस थिए। अतः उहाँले आफ्नो आगमनकालदेखि नै किन्डोल विहारमा न्यूनव्रत चलाई रहनु भयो।

एक दिन उहाँ (मञ्जुहर्ष) का परिचित बौद्धमा रहेका सेरापदोर्जे लामा किन्डोल विहारमा आउनु भयो। लामा कहाँ (बौद्धमा) भारतका एक सन्यासी रामोदर (पछि राहुल साँकृत्यायन) तिब्बत-यात्राको निमित्त उहाँसित साथ जाने आशयले शरण लिइ रहनुभएको थियो। लामाज्यूलाई किन्डोल विहारमा निम्त्याएको कारण रामोदर साधु पनि किन्डोल विहार आईपुगे तर रामोदर साधुलाई किन्डोल विहारमा रहिरहनु जोखिमपूर्ण थियो किनकी उहाँ गुप्तरुपमा तिब्बत पुग्नुपर्ने भारतीय व्यक्ति हुनाको कारण आफ्नो समस्या बडो विश्वासपूर्वक विहारप्रबन्धक दशरत्न तुलाधरलाई सुनाउनु



Downloaded from http://dhamma.digital/

भएको थियो। दशरत्न तुलाधरले पनि श्रीलंकादेखि तिब्बतयात्राको निमित्त आउनुभएका 'त्रिपिटकाचार्य' रामोदर साधुलाई हरतरहले मद्दत गर्ने विचार गर्नुभयो। उहाँलाई किन्डोल कै एउटा एकान्त घरमा केही दिन एकान्तवास दिईयो र तिब्बतको बाटो हेलम्बूसम्म पनि छोडेर आउनुभयो।

त्यस समयमा साधुले किन्डोल विहारमा रहेर अप्ठ्यारो महशूस गरेकाले दशरत्न तुलाधरले उहाँलाई एकान्तवास गराएको बेला उहाँको लागि खाना प्रबन्ध गराउने जिम्मा गजरत्नले गर्नुभएको थियो। यसैबेला बालक गजरत्नलाई बुद्ध-धर्मको अध्ययन गर्ने इच्छा बृद्धि गराई उहाँले श्रीलंका जाने सल्लाह दिनुभएको थियो। यसै विषयमा रामोदर साधुले श्रीलंकामा रहेका आफ्ना अभिन्न मित्र भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) लाई पत्र समेत लेख्नुभएको थियो भने गजरत्नका पिता दशरत्न तुलाधरलाई यसबारे केही थाहा थिएन।

रामोदर साधुलाई हेलम्बूमा छोडेर आएको (११ अप्रिल,१९२९) डेढ-दुई महीनापछि दशरत्न तुलाधर पुत्र गजरत्नलाई साथ लिई आसाममा व्यापार गर्न जानको निमित्त कलकत्ता पुग्नुभयो। पुत्रलाई कलकत्तामा उनकै मामा महाधर साहूकहाँ राखी आफू अन्य दुइजना मित्र साथलिई आसाम जानुभयो।

गजरत्नलाई पनि रामोदर साधुले श्रीलंकामा अध्ययन गर्न जाने सल्लाह दिएदेखि उनी कलकत्ता पुग्ने धूनमा थिए। संयोगवश पिताले डेढ-दुई महीनापछि नै कलकत्ता पुऱ्याईदिए। दशरत्न आसाम जानुभएपछि गजरत्नल श्रीलंका पठाई दिन मामालाई ढिपी गर्नु भयो तर मामाले विना पिताको अनुमति आफूले श्रीलंका पठाउन नसकिने कुरा बताए, यसैको जोशमा गजरत्नले अनेक तरह (खानापिना छोड्नु, जहाँतहीं जानु, रुवाबासी गर्नु आदि) ले सताएको कारण यस बारे दशरत्नलाई पत्र पठाए। पत्र पुगेको



Downloaded from http://dhamma.digital/

भोलिपल्टै दशरत्न कलकत्ता आइपुग्नुभयो र पुत्रको जिद्दी स्वभावलाई सम्झाउन नसकिएपछि उनलाई श्रीलंका जान आवश्यक प्रबन्ध गरिदिने आदेश महाधर साहूलाई दिई दशरत्न पुनः आसाम फर्कनु भयो ।

गजरत्न पनि संयोगबश कलकत्तामा श्रीलंका फर्कन लागेका शरणंकर नामक एक भिक्षुसित सम्पर्क भएको फलस्वरूप सजिलैसित श्रीलंका पुग्नुभयो । गजरत्नलाई पुनः सौभाग्यको कुरा कि उहाँ भिक्षु सरणंकर कहाँ सिंहली भाषा अध्ययन गरिरहेको बेला एक दिन भदन्त आनन्द कौशल्यायन त्यस विहारमा आइपुग्नु भयो। सिंहली जस्तै नदेखिएको बालकलाई देखी सोधपुछ गरिहाले । भदन्त आनन्द कौशल्यायनले स्पष्ट जानकारी पाएपछि रामोदर साधुको पत्रानुसार गजरत्नलाई विद्यालंकार परिवेणमा लगी उहाँले आवश्यक प्रबन्ध गरिदिनु भयो ।

गजरत्नले पुनः भदन्त आनन्द कौशल्यायनको छत्रछायाँमा रही अध्ययन गर्ने मौका पाउनु भयो। उहाँ विद्यालंकार परिवेणमा आउनुभएको केही महीनापछि वि.सं. १९८६ सालको अन्त (सन् १९३० को शुरु) मा विद्यालंकार परिवेणका प्रधानाचार्य लु.धम्मानन्द महास्थविर (सन् १८६९-१९४५) को आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर अनिरुद्ध" हुनुभएको हो ।

श्रामणेर अनिरुद्ध श्रीलंकामा ५ वर्षसम्म सिंहली, पाली, संस्कृत र अंग्रजी आदि अध्ययनपछि भारतमा ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को दर्शनार्थ आउनुभयो। त्यस अवधि (५ वर्ष) भित्रमा उहाँका पिता दशरत्न तुलाधर पनि नेपालमा बुद्ध-धर्म उत्थानको लागि ऊ. चन्द्रमणि महास्थविरकै अनुकम्पाबाट प्रव्रज्या एवं उपसम्पदा (सन् १९३४ मा) समेत प्राप्त गरी "भिक्षु धम्मालोक" हुनुभएको हो ।

भिक्षु ऊ. चन्द्रमणि महास्थविरले बुद्ध धर्मको गहन अध्ययनको निमित्त श्रामणेर अनिरुद्धलाई एक अन्य शिष्य प्रज्ञाभिवंशका साथ सन्



Downloaded from http://dhamma.digital/

१९३६ मा बर्मा पठाउनु भयो। बर्माको मोलमिन्स्थित "ताउँ-पाउँ-च्याउँ" विहारका प्रमुख आचार्य ऊ. चक्कपाल महास्थविर (सन् १८८०-१९५३)को उपाध्यायत्वमा श्रामणेर अनिरुद्ध उपसम्पन भई "भिक्षु अनिरुद्ध" हुनुभएको हो। यो सन् १९३७ को कुरा थियो।

संयोगको कुरा, भिक्षु अनिरुद्ध बर्मामा अध्ययनरत भइरहेको बेला दोस्रो विश्वयुद्धको प्रारम्भ (सन् १९३९) भयो जसले गर्दा त्यसताका बुद्ध-धर्म अध्ययन गर्न मोलमिन्को उक्त विहारमा आइपुगेका अन्य नेपाली भिक्षु बुद्धघोषले पनि युद्धको मार सहनु परेको थियो। उहाँहरू दुवै जनाले विश्वयुद्धको कारण सहनुपरेको कष्ट (दु:ख)लाई भिक्षु अनिरुद्धले उपासक लोकरत्न तुलाधरलाई पठाएको एउटा पत्रमा उल्लेख गरिएको थियो। १८ जनवरी १९४६ का दिन पठाएको त्यस पत्रको केही अंश निम्नलिखित थियो -

"मेता खँ, साहुजु थन प्यद तलक्क (तक्क) लडाईयागु हुले लाना हरेक पाखें अने-अनेगु दु:खकष्टसिया उखेथुखें गामे जंगले बिस्युं वना बल्ल थवगु प्राण रक्षा यानाव च्वनागु जुल। आ: आमखे पाखे वयेगु लँ खुले जुइ साथं तुरन्त वये धैगु विचार यानाच्वना, लँ खुलेजुइत हानं निला पिलाति बिते जुइगु सम्भव दु। उगु बखते लँ खर्चया लागी दाँ भचा छोया हया दिगु कृपा याना दी माल। ......."

अर्थात्- "अन्य कुरा, साहूजी ! यहाँ ४ वर्षसम्म लडाईको कारणले हरेक तर्फबाट अनेक दु:खकष्ट सही यता-उता गाउँ जंगलमा भागी बल्ल आफ्नो प्राण रक्षा गर्दैछु। अब त्यतातिर आउने बाटो खुल्ला हुना साथ तुरुन्त आउने विचार गर्दैछु, बाटो खुल्ला हुन फेरी दुइचार महीना लाग्ने सम्भावना छ। त्यस बेलाको निमित्त बाटो खर्चको लागि केही रकम कृपा गरी पठाइदिनु पर्‍यो। ........ "

साच्चै उहाँहरू (भिक्षु अनिरुद्ध, भिक्षु बुद्धघोष एवं एक अन्य भार



Downloaded from http://dhamma.digital/

तीय भिक्षु अच्युतानन्द) बाटो खुल्नासाथ वा विश्वयुद्ध सकिनासाथ सन् १९४६ मा स्वदेश फर्कनु भयो। भिक्षु अनिरुद्ध कलकत्ता पुगी यत्र-तत्र केही ठाउँहरूमा चारिका गरिसकेपछि कालिम्पोङ्ग जानुभयो त्यहाँ उहाँले दुई वर्ष भिक्षु महानाम "कोविद" लाई "धर्मोदय" पत्रिका प्रकाशन कार्यमा टेवा दिनुभयो । अर्थात् उहाँहरू द्वय भिक्षुको सम्पादनमा "धर्मोदय" मासिक पत्रिका शुभारम्भ भयो। यस पत्रिकाको पहिलो अंक-कौलाथ्व १०६७ ने.सं. (आश्विन २००४-अक्टोबर १९४७) थियो ।

भिक्षु अनिरुद्ध कालिम्पोङ्गमा दुई वर्ष रही पत्रिकाको जिम्मा सम्पूर्ण भिक्षु महानाम "कोविद" लाई दिई बु.सं. २४९३ (वि.सं. २००६) को वैशाख पूर्णिमाको निमित्त काठमाडौं आउनुभयो । यस वर्षको वर्षावास उहाँले आनन्दकुटी विहारमै बिताई पुनः भारत जानुभयो। कुशीनगरमा उहाँको भेट बर्मादेखि परिचित भिक्षु धम्मावुधसित भयो। उहाँका साथ अन्य एक भिक्षु चन्द्रसूर्य पनि थिए। संस्कृत भाषा एवं साहित्यको अध्ययनार्थ ऊ, चन्द्रमणि महास्थविरको आश्रयमा रहँदै आएका बर्मी भिक्षुद्वयले भिक्षु अनिरुद्धको साथ नेपाल भ्रमण गर्ने आशय व्यक्त गरे। शिवरात्रीको समय अनुकूल भएबाट भिक्षु अनिरुद्धले उहाँहरूलाई साथ लिई वि.सं. २००६ सालको शिवरात्रीको दुइदिन अगाडि काठमाण्डौं आइपुग्नुभयो र उपत्यका एवं उपत्यका बाहिरका ठाउँहरूमा पनि भ्रमण गराउनु भयो। भिक्षु अनिरुद्धका साथ विशेषतः भिक्षु धम्मावुधको यस नेपाल आगमन नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थानको इतिहासमा अतिचिरस्मरणीय हुन आउँछ किनकी केही दिनको लागि मात्र नेपाल भ्रमण गर्न आएका उहाँहरू विशेषतः पाटनको सुमंगल विहारमा आउनुहुने उपासकोपासिकाहरूको अनुरोधमा ३ महीनासम्म त्यही विहारमा रही बुद्ध-धर्मको शिक्षा दिने र अन्य वयस्क श्रोताहरूलाई बुद्धवाद सम्बन्धी धर्मदेशना गर्ने जस्ता बुद्ध शासनिक कार्य गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital/

प्रायः उहाँको धर्मव्याख्यानको अनुवाद भिक्षु अनिरुद्धले गर्नुभएको थियो ।

भिक्षु अनिरुद्धले भिक्षु धम्मावुधलाई मात्र नेपाल भित्र्याई शासनिक कार्य गराउनु भएको थिएन, श्रीलंकाका सुप्रसिद्ध भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) लाई पनि दोस्रो पटक नेपाल यात्रा गराउन (विशेषतः आनन्दकुटी विहारमा निर्मित श्रीलंकाराम चैत्यको उद्घाटनको निमित्त) ५ मई १९४८ का दिन कलकत्ताबाट साथ ल्याउनुभएको थियो । यस पटकको नारद महास्थविरको नेपाल यात्राको प्रमुख घटना काठमाण्डौंको यटखाबहालमा उहाँलाई "नागरिक अभिनन्दन पत्र" प्रदान गरिएकोलाई लिन सकिन्छ । यसै समारोहमा तत्कालीन प्रधानमन्त्री श्री ३ मोहनशम्सेरको तर्फबाट सम्पूर्ण बौद्ध कर्मचारीहरूलाई बैशाख-पूर्णिमाको दिन बिदाको घोषना गरियो ।

यस्तै भिक्षु अनिरुद्धले बुद्ध-शासन उत्थानको निमित्त बर्मामा सम्पन्न गरिएको छैठौं संगायना (सन् १९५४-५६) को प्रथम र अन्तिम (पाँचौं) सन्निपाटमा सहभागी भई शासनिक कार्यमा टेवा दिनुभएको थियो त नेपालमा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलन (सन् १९५६-वि.सं. २०१३) मा धर्मोदय सभाका एक उपाध्यक्षको हैसियतले शासनिक कार्यमा सघाउ पुऱ्याउनु भएको थियो ।

भिक्षु अनिरुद्धले सन् १९४६-४७ देखि नै लुम्बिनी-कपिलवस्तुको संरक्षणकार्यमा पनि लाग्नु भयो । उहाँ ४५/४६ वर्षसम्म लुम्बिनीमा रही लुम्बिनी आउने यात्रीहरूको सेवा गर्नु भयो र लुम्बिनीवासीहरूको 'बड्का बाबा' बन्नुभयो । यस लामो अवधिभित्रमा उहाँले तीर्थयात्रीहरूको सुविधाको निमित्त पानी, धर्मशाला आदिको मात्र प्रबन्ध गर्नुभएको थिएन भारतको नौगढबाट आउने तीर्थयात्रीहरूको सुविधाको निमित्त ककरहवा देखि लुम्बिनीसम्मको बाटो प्रबन्ध पनि विशेषतः उहाँकै सक्रियतामा तयार भएको थियो ।



Downloaded from http://dhamma.digital/

लुम्बिनीमा खानेपानीको प्रबन्धको निमित्त उहाँलाई प्रमुख सहयोग संयुक्त राष्ट्र संघका तत्कालीन (सन् १९६७) महासचिव ऊ.थान्तले गरिदिनु भएको थियो । उहाँ लुम्बिनीमा भ्रमणार्थ आउनुभएको बेला बर्मी भाषाबाट नै वार्तालाप गर्नुभएको फलस्वरुप ऊ.थान्तज्यू विशेष प्रसन्न भई लुम्बिनीमा एक प्रमुख सहयोग गर्ने वचन दिए अनुरूप त्यसताका मूल समस्याको रुपमा भएको पानीको अभावलाई इन्जिनियरहरू पठाई पम्पद्वारा जमिनमुनिबाट पानी निकाली लुम्बिनीवासी एवं तीर्थयात्रीहरूलाई पानीको समस्याबाट मुक्त गरिदिनुभएको थियो । लुम्बिनीलाई वर्तमान अवस्थामा पुऱ्याउन उहाँको ठूलो योगदान रहेको छ ।

यस्तै लुम्बिनीमा आउने यात्रीहरूको लागि बसोवासको कुनै स्थायी प्रबन्ध नरहेको कारण भिक्षु अनिरुद्धले आफूलाई व्यक्तिगत तवरले जापानका एक श्रद्धालु 'हाजीमे अजूमा' ले प्रदान गरेको आर्थिक सहयोगलाई सामूहिकरुपमा प्रयोग हुने गरी एक ठूलो धर्मशाला तयार गरिदिनु भयो । सो धर्मशाला तयार गर्न उहाँ आफै पटक-पटक जंगलमा गई काठ आदिको प्रबन्ध गर्नुभएको थियो ।

५ भाद्र २०४७ तद्नुसार २१ अगस्त १९९० का दिन आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविर (जन्म -वि.सं. १९७५, पौष) को देहावसान पछि सन् १९९१ देखि उहाँ आनन्दकुटी विहारमा प्रमुखको रुपमा बस्न आउनुभयो ।

उहाँ आनन्दकुटी विहारको प्रमुखको रुपमा रहनुभएता पनि वर्षावासकाल उहाँले उपत्यका एवं उपत्यका बाहिरका विभिन्न विहारहरूमा पनि बिताउनु भएको छ, जस्तो त्रिशुलीको सुगतपुर विहार, बलम्बूको प्रणीधिपूर्ण महाविहार र ढल्कोस्थित संघाराम विहार आदि ।

उहाँले आफ्नी आमा दिव्यलक्ष्मीको स्मृतिमा पुण्यकार्य हेतु समस्त नेपालीको पुण्यस्थल मानिएको ठाउँ माताातीर्थमा "दिव्याश्रम बुद्ध-विहार"



Downloaded from http://dhamma.digital/

निर्माण गरी वर्षावास समेत रहनु भयो ।

भिक्षु अनिरुद्ध महास्थविरले श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, रुस, मंगोलिया, साइबेरिया, इङ्गलैण्ड आदि कयौं राष्ट्रहरूको भ्रमण गरि सक्नु भयो । उहाँ पाली, संस्कृत, हिन्दी, बर्मी, सिंहली, तिब्बती, नेपाली आदि भाषाका ज्ञाता (बहुभाषिक) हुनुहुन्छ र ती विभिन्न भाषाका ग्रन्थहरू आफ्नो मातृभाषामा अनुवाद पनि गर्नुभएको छ ।

त्रिपिटकको सूत्रपिटक अन्तर्गतको खुद्दक निकायको दोस्रो ग्रन्थको रुपमा रहेको धम्मपदमा जम्मा २६ वर्ग र ४२३ गाथा (श्लोक) हरू छन् । ती प्रत्येक गाथाहरूको पृष्ठभूमिमा सम्बन्धित कथा प्रसंग छ । तीनै पालीभाषामा रहेको अर्थकथालाई नेपाली भाषामा पूर्ण रुपमा उहाँले अनुवाद गर्नुभएका छ ।

उहाँले बुद्धशासन एवं तथागतको जन्मस्थल लुम्बिनीमा गर्नुभएको उल्लेखनीय सेवाको कदर स्वरूप श्रीलंकाको अमरपुर निकायका भिक्षु महासंघले ३ मार्च १९९५ का दिन "बुद्ध-जन्म भूमि ज्योतक शासनकीर्ति श्री" नामक उपाधिबाट सम्मान गरियो भने १२ मार्च १९९८ का दिन बर्मा सरकार ले "अग्गमहासद्धम्म ज्योतकधज्ज" नामक उपाधि प्रदान गरिएको छ ।

८ कार्तिक २०५४ का दिन पूज्यवर द्वितीय संघनायक भिक्षु शाक्यानन्द महास्थविर (जन्म- वि.सं. १९६७) को देहावसान हुनाको कारण २९ चैत्र २०५४ अर्थात् चैत्र पूर्णिमा, २५४१ बु.सं. का दिन "अखिल नेपाल भिक्षु महासंघ" ले उहाँलाई "आनन्दकुटी सीमागृह" मा धर्मविनय अनुसार "संघनायक" पद प्रदान गरिएको थियो ।

नेपालको तृतीय संघनायक हुनुभएका भिक्षु अनिरुद्ध महास्थविर "अखिल नेपाल भिक्षु महासंघ" का धर्मानुशासक एवं "आनन्दकुटी विहार गुठी" का अध्यक्ष पनि हुनुहुन्छ । सदैव सरल, साधारण जीवन बिताउन



Downloaded from http://dhamma.digital/

चाहने र कहिले ठूलो भनाउन पनि नचाहने भिक्षु अनिरुद्ध महास्थविरलाई ८७ वर्षको अन्ततिर पक्षाघाट रोगले आक्रमण गऱ्यो। यसको उपचारार्थ उहाँ १२ दिन जति वीर अस्पतालमा रहिसकेपछि पुनः स्वास्थ्य लाभको निमित्त थाइलाण्ड जानुभएको थियो। त्यहाँको चुलालंकर्न अस्पतालमा दुई हप्ता (१७-३१ जनवरी २००३)को उपचार पश्चात् फर्कनुभएका उहाँ विश्व शान्तिविहारमा आराममैं दौरानमा ५ फागुन २०५९ का दिन आफ्नो जीवन परित्याग गर्नुभयो।

ଔଔଔଔ

*I - आनन्द भूमि, वर्ष-२३, अंक-५ र ९*
*(भाद्र र मार्ग, २०५२)*

*II*- आनन्द भूमि, वर्ष-३०, अंक-११
(फागुन पूर्णिमा, २०५९)

*III - संघनायक अभिनन्दन समारोह समितिको तर्फबाट पुस्तिकाको रूपमा*

*IV - धर्म चक्षु, वर्ष-६, अंक-६*
*(माघ र फागुन, २०५९)*



Downloaded from http://dhamma.digital/

# बुद्धधर्ममा विश्वकवि रवीन्द्रनाथ टैगोरको देन

भारतमा विशेष गरेर बंगाल प्रान्तमा बुद्ध-धर्म प्रतिष्ठित गर्नमा अगुवा हुनुभएकाहरू मध्ये कविवर रवीन्द्रनाथ टैगोर एक हुनुहुन्छ । उहाँको जन्म ८ मे १८६१ मा कलकत्ताको जोडारोको भन्ने बस्तीमा पिता महर्षि देवेन्द्रनाथ टैगोर र माता शारदादेवीको कान्छा सुपुत्रको रुपमा भएको थियो । उहाँको शिक्षा आठ वर्षको उमेर देखि मात्र शुरुभएको थियो । तापनि उहाँको लगनको फलस्वरूप सानै उमेरदेखि कविता लेख्दै जाने प्रयासले गर्दा पछि गएर एक ठूला साहित्यकार बनेर साहित्यमा "नोबेल पुरस्कार" समेत प्राप्त गर्नुभयो ।

उहाँको जन्म हुनु भन्दा एक वर्ष अगाडि सन् १८६० मा उहाँका पिता देवेन्द्रनाथ टैगोर, दाजू सत्येन्द्रनाथ टैगोर र उहाँहरूको हितैषी केशवचन्द्र सेनले श्रीलंका भ्रमण गर्नुभएको थियो । केशवचन्द्र सेन बुद्धधर्ममा विशेष दिलचस्पी राख्ने व्यक्ति भएका कारण उहाँले सत्येन्द्रनाथ टैगोरलाई पनि बुद्धधममा प्रभावित गर्नुभएको थियो । त्यतिमात्र होइन सत्येन्द्रनाथ टैगोर (सन् १८४२-१९२३) लाई बुद्धधर्म सम्बन्धी लेख्दै जाने प्रेरणा समेत दिनुभएकोले उहाँको तर्फबाट बुद्धधर्म सम्बन्धी लेख तथा ग्रन्थहरू थुप्रै प्रकाशित छन् ।

यसप्रकार रवीन्द्रनाथ टैगोर जन्मनुअघिनै उहाँको परिवारमा बौद्ध संस्कार भित्रिसकेको थियो । दाजु सत्येन्द्रनाथले पछि इङ्गल्याण्डको ब्राइटन नगरमा बसोबास गरेकाले रवीन्द्रनाथ पनि युवावस्थामा यूरोप पुग्नुभयो ।

त्यसबेला लण्डन निवासमा रवीन्द्रनाथको लण्डन विश्वविद्यालयका दुई जना सिंहली विद्यार्थीहरूसँग सम्बन्ध गाँसिएको थियो । उनीहरूसँग घनिष्ठता बढ्दै गएको फलस्वरूप उहाँलाई श्रीलंकामा आउन निमन्त्रणा गरियो । त्यसकारण उहाँ केहि वर्ष लण्डनमा रही श्रीलंका हुँदै सन् १८८३



Downloaded from http://dhamma.digital/

मा भारत फर्कनुभएको थियो ।

यसप्रकार रवीन्द्रनाथ टैगोरको श्रीलंका, बुद्ध र बौद्ध संस्कृतिसँग सम्बन्ध गाँसिएको थियो । उहाँले १९ औं शताब्दीको अन्तिम दशकमा "साधना" नामक मासिक पत्रिकाको सम्पादन एवं प्रकाशन गर्नुभएको थियो । सो पत्रिकामा बुद्धधर्मसम्बन्धी रचना पनि समावेश गर्नको लागि त्यसबेला कलकत्तामा बस्नुभएका "महाबोधि सभा" का संस्थापक अनगारिक धर्मपाल (सन. १८६४-१९३३) सँग उहाँ सम्पर्कमा आउनुभयो ।

अनगारिक धर्मपाल भारतमा बुद्धधर्मको पुनरुत्थान गर्नको निम्ति श्रीलंकाबाट भारत आउनुभएको थियो । उहाँपनि १९ औं शताब्दीको अन्ततिर भारत आउनुभएको थियो । उहाँकै विशेष प्रयासले गर्दा ३१ मे १८९१ मा "महाबोधि सभा" स्थापना भएको हो । श्रीलंकाको कोलोम्बोमा स्थापना भएको "महाबोधि सभा" को प्रधान कार्यालय उहाँले भारतको कलकत्तामा राख्न ल्याउनुभएको थियो । उहाँसँग कविवर रवीन्द्रनाथ टैगोरको सम्बन्ध घनिष्ठ हुँदै गयो । एक आपसमा मित्रता प्रगाढ हुँदै गयो । जसको फलस्वरूप टैगोरको विचारधारामा बौद्ध भावना बृद्धि हुँदैगयो र लेखनमा पनि त्यसले प्रभाव पार्नु स्वाभाविक नै भयो ।

रवीन्द्रनाथ टैगोरले सन् १९०१ मा कलकत्ताको बोलपुरमा आफ्ना पिता महर्षि देवेन्द्रनाथ टैगोरको साधनास्थल शान्ति निकेतनमा एउटा आश्रम स्थापना गर्नुभयो । पहिलो पटक पाँच जना विद्यार्थीहरू राखेर शुरु गरिएको सो शिक्षा केन्द्र आश्रमलाई स्थायी तथा विस्तार गर्नको लागि टैगोरकी धर्मपत्नी मृणालीनी देवीले आफ्ना सबै गहनाहरू बेच्नु परेको थियो । शान्ति निकेतन स्थापना भएको केही वर्षमै मृणालिनी देवीको मृत्यु भयो । उहाँको सम्झनामा शान्ति निकेतनमै "श्रीभवन" स्थापना गरियो । त्यहाँ महिलाहरूलाई आवश्यक शिक्षा-दिक्षाको प्रबन्ध गरिएको छ ।

त्यस शान्ति निकेतन शिक्षाकेन्द्रमा रवीन्द्रनाथ टैगोरले सन् १९०६ मा बनारसका संस्कृत पण्डित विधुशेखर शास्त्रीलाई निमन्त्रण गर्नुभयो । उनलाई पालिभाषा र साहित्यमा निपुण गराई उनीबाटनै शान्ति निकेतनका



Downloaded from http://dhamma.digital/

विद्यार्थीहरूलाई पालीभाषा पढाउने प्रबन्ध मिलाइयो ।

सम्पूर्ण "धम्मपद" कण्ठ पार्नु भएका कविवर टैगोरले श्री चारूचन्द्र बसुको "धम्मपद" को बंगाली अनुवाद प्रकाशनको बेला शुभकामनाका साथ केही सुझाव समावेश गरेर एउटा समालोचना प्रबन्ध पनि लेख्नुभएको थियो ।

रवीन्द्रनाथ टैगोरले "शान्ति निकेतन"लाई शिक्षा र सँस्कृतिको एउटा महान केन्द्र बनाउनु भयो । त्यस शिक्षा केन्द्रमा शील, सदाचारले पूर्ण हुनुपर्ने नियम लागु गरिएको थियो । त्यसको निम्ति त्यहाँ बराबर बौद्ध विद्वान तथा भिक्षुहरूलाई आमन्त्रित गरेर व्याख्यान गराउनु हुन्थ्यो । यसै क्रममा सन् १९१९ मा श्रीलंकाका भिक्षु धम्माधर महास्थविरलाई निमन्त्रण गरी विशेष "अभिधर्म" सम्बन्धी व्याख्यान गराइएको गौरवपूर्वक रिकर्ड गरिएको छ ।

कविवर टैगोरले बौद्ध विद्वानहरूलाई शान्ति निकेतनमा व्याख्यान मात्र गराउनु भएको होइन, आफ्ना विद्यार्थीहरूलाई बौद्ध साहित्य अध्ययन गर्नको लागि श्रीलंका र बर्मामा पनि पठाउनु भएको स्मरणीय छ ।

स्मरणयोग्य छ, शान्ति निकेतन शिक्षा केन्द्रमा सन् १९२१ मा फ्रान्सका भारततत्वज्ञ विद्वान आचार्य सिलवेन लेवी (सन् १८६३-१९३५) आफ्नी श्रीमतीका साथ निमन्त्रित भै आउनुभएको थियो । उहाँकै उपस्थितिमा शान्ति निकेतन सन् १९२२ फेब्रवरी देखि "विश्व भारती" विश्वविद्यालयको रुपमा परिणत भयो । त्यसकारण सिलवेन लेवीलाई "विश्वभारती" का पहिलो अतिथि अध्यापक बन्ने सौभाग्य प्राप्त भयो ।

आचार्य सिलवेन लेवी चीनी तथा तिब्बती भाषाका ज्ञाताका साथै भारतीय इतिहास, प्राचीन बौद्ध साहित्यका महान ज्ञाता हुनुहुन्थ्यो । उहाँका प्रमुख शिष्यहरू मध्ये कलकत्ता विश्वविद्यालयका अध्यापक डा. प्रबोधचन्द्र बागची पनि एक हुनुहुन्छ । चीनी भाषाविद् तथा बौद्ध सँस्कृतिका महान ज्ञाता डा. प्रबोधचन्द्र बागचीको शिक्षा शान्ति निकेतनबाटै शुरूभएको थियो । उहाँ पछि विश्वभारतीका उपाचार्य हुनुभयो ।



Downloaded from http://dhamma.digital/

सन् १९२५ मा रोम विश्वविद्यालय-इटलीका बौद्ध विद्वान प्रोफेसर जोसेफ टुच्ची पनि यहाँ आमन्त्रित भै आउनुभयो । उहाँकै तत्वावधानमा विश्वभारतीमा चीनी भाषाको माध्यम सहित अनुसन्धान कार्य पनि सुचारु रुपले चलाईयो ।

सन् १९२८ मा विश्वभारतीमा एकजना चीनी बौद्ध विद्वान प्रोफेसर को आगमन भयो । उहाँ हुनुहुन्छ- प्रोफेसर तान-युन-शान (जन्म- सन् १९००) । सन् १९२७ तिर मात्रै सिंगापुरमा टैगोरको उहाँसँग भेट भएको थियो र टैगोरको प्रतिभाबाट निकै प्रभावित भएका थिए । यी युवा प्रोफसर टैगोर मार्फत नै "बुद्ध विश्वका जीवन्त प्रतीक हुन" भन्ने भनाइलाई सहर्ष स्वीकार गरेर बुद्धको बिचरण भूमिप्रति अति श्रद्धा राखी प्रो. तान यून शान एक वर्ष पछि नै "विश्वभारती" मा अध्यापक बन्न आउनु भयो । उहाँको आगमनले विश्वभारतीको भविष्यमा एउटा नयाँ अध्याय थपिने महशुस कविवर टैगोरल गर्नुभएको थियो । साँच्चै नै प्रो. तान-युन-शानको त्याग र कर्मनिष्ठाको फलस्वरुप सन् १९३७ को अप्रिलमा "चीन भवन" स्थापना भयो । यस भवनमा क्रमशः तिब्बत, चीन, जापान, श्रीलंका, बर्मा र थाइल्याण्ड आदि देशका विद्यार्थीहरू धमाधम प्रवेश हुँदै गए ।

यसप्रकार बुद्ध र बौद्ध सँस्कृति प्रति गम्भीर श्रद्धा र आकर्षण भएका रवीन्द्रनाथ टैगोर- विशेषतः बंगालको कुनै पनि ठाउँमा बौद्ध कृयाकलाप हुँदा अवश्य पनि सहभागी हुनु भएको देखिन्छ ।

सन् १९२८ डिसेम्बरको अन्ततिर नेपालको बौद्ध विद्वान धर्मादित्य धर्माचार्य (सन् १९०२-६३)को विशेष प्रयासले तीनदिन सम्म "अखिल भारतीय बौद्ध सम्मेलन" सम्पन्न गरेको थियो, जसमा टैगोर उपस्थित हुनुहुन्थ्यो ।

सन् १९३१ नवम्बरको ११ देखि १३ सम्म भारतको सारनाथमा अनगारिक धर्मपालको प्रयासले निर्माण भएको "मूलगन्धकुटी विहार" को समुद्घाटन समारोह सम्पन्न भएको थियो । यस समारोहमा कविवर टैगोर को सन्देश लिएर पण्डित विधुशेखर शास्त्रीले समारोहमा प्रतिनिधित्व गर्नु भएको थियो ।



Downloaded from http://dhamma.digital/

सन् १९३५ मे १८ का दिन २४७९ औं बैशाख पूर्णिमा "महाबोधि सभा"को तरफबाट कलकत्ताको धर्म राजिक विहारमा भव्यरुपमा सम्पन्न गरेको थियो। त्यस अवसरमा ७५ वर्षिय रवीन्द्रनाथ टैगोर उपस्थित हुनुभएको विशेष उल्लेखनीय थियो। उक्त अवसरमा उहाँले भन्नुभएको थियो -

"आज बैशाख पूर्णिमाको दिनमा भगवान बुद्धको जन्मोत्सव समारोहमा म सम्मिलित हुन आएको छु र उहाँप्रति नतमस्तक छु जसलाई मैले यस संसारका सर्वश्रेष्ठ व्यक्ति सम्झेको छु। मेरो श्रद्धा यो उत्सव जस्तो देखावटी होइन। मेरो भित्री मनदेखि प्रभावित भै प्रकट भएको श्रद्धा नै मैले यहाँ बारम्बार व्यक्त गरिरहेको छु।"

यस्तैगरी उहाँले आफ्नो अनेकौं कृतिहरूमा पनि बुद्ध, बुद्धधर्म र बौद्ध सँस्कृति बारे व्याख्या गर्नु भएको छ।

उहाँले "पथेर संचय" नामक आफ्नो कृतिको १४ पेजमा उल्लेख गर्नुभएको छ-

"भारतवर्षमा बौद्ध धर्मको अभ्युदयकालका साथै परवर्ती युगमा बौद्ध सभ्यताको प्रभावले यस देशको शिल्प, विज्ञान, वाणिज्य र साम्राज्य शक्तिको जति विस्तार भयो। त्यति अन्य कुनै युगमा पनि भएको थिएन।"

स्मरणयोग्य छ, विश्वकवि रवीन्द्रनाथ टैगोरको 'नटीरपूजा', 'अभिसार', 'पूजारिनी', 'परिशेष' आदि पुस्तकहरू बौद्ध बिचारधाराबाट प्रभावित छन्। त्यस्तै उहाँको बौद्ध विचारधाराबाट प्रेरित कथाहरू पनि छन् जस्तो- श्रेष्ठ भिक्षा, नगरलक्ष्मी, मूल्यांकन आदि। मालिनी चण्डालिका, नटीरपूजा उहाँको बौद्ध कथामा आधारित नाटकहरू हुन्।

"पूजारिनी" उहाँले सन् १९२४ मा बर्मा, पेनाङ्ग, सिंगापुर, थाइल्याण्ड, जावा, चीन, आदि देशहरूको भ्रमण पछि बुद्ध र बौद्ध धर्मको प्रचुरमात्रामा दृश्यावलोकन पछि बुद्धधर्मबाट अतिनै प्रभावित भइ त्यही सालमै रचना गर्नु भएको कृति हो। त्यही साल विश्वभारतीका विद्यार्थीहरूले पूजारिनीको अभिनय पनि गरेका थिए। यही एउटा कृतिले पनि टैगोर बुद्धधर्मका प्रेमी हुन् भन्ने कुरा प्रमाणित भएको छ।



Downloaded from http://dhamma.digital/

कवि रवीन्द्रनाथ टैगोरको बौद्ध देश श्रीलंकासँग घनिष्ठ सम्बन्ध थियो । सन् १९२२ मा श्रीलंका भ्रमण गर्नु हुँदा उहाँले त्यहाँको दक्षिणी भागमा अवस्थित गाल्ल शहरको "महिन्द्र कलेज"मा र मातरको "महामन्तिन्द परिवेण" मा पनि बौद्ध सँस्कृतिको बारे व्याख्या दिनुभएको थियो । महामन्तिन्द परिवेणका प्रधानाचार्य भिक्षु धर्मकीर्ति श्री धम्मावास नायक महास्थविर (१८८८-१९४९) को तरफबाट उहाँलाई "मान पत्र" प्रदान गरिएको थियो ।

सन् १९२७ मा कविवर टैगारले यूरोप भ्रमण स्थगित गरी श्रीलंका भ्रमण गर्नुभएको थियो । यसपटक उहाँ कोलोम्बोमा आफ्ना मित्र डा. डब्लू. ए. डी. सिल्वाको साथ बस्नुभएको थियो ।

टैगोरको अन्तिम श्रीलंका यात्रा सन् १९३४ को मई महिनामा भएको थियो । यस पटक उहाँ डेढ महिना बस्नु भएको थियो । यसैपटक उहाँलाई श्रीलंकाका विशिष्ट बौद्ध विद्वान सर डोनबारोन जयतिलक (सन् १८६८-१९४४) ले भव्य स्वागत गर्नुभएको थियो । टैगोरका साथ गएका विश्वभारतीका विद्यार्थीहरूलाई पनि त्यहाँका विद्यार्थीहरूले ठूलो श्रद्धा र प्रेम प्रदर्शन गर्नुका साथै विश्वभारती विश्वविद्यालयको निम्ति प्रशस्त चन्दा संकलन गरेर टैगोरलाई प्रदान गरेका थिए ।

यस पटकको श्रीलंका यात्रामा टैगोरले कोर्नु भएका कैयौं चित्रहरूको प्रदर्शन पनि श्रीलंकामा गरिएको थियो । यस भ्रमणमा उहाँले श्रीलंकाका प्राचीन बौद्ध अवशेष (पुरातात्विक) अनुराधापुर, पोल्लनरूव, सिगरिय आदि ठाउँको अवलोकन गर्नुभएको थियो ।

यसप्रकार रवीन्द्रनाथ टैगोरले विशेषतः बंगाली समाजलाई सुदृढ गर्नमा साथै भारतीय जनतालाई बुद्ध धर्ममा आकर्षित गर्नमा धेरै योगदान गर्नुभएको छ ।

जीवनको अन्ततिर, भारतका यस कवि, कलाकार, दार्शनिक, मानवतावादी, शिक्षाशास्त्री अनि स्वतन्त्रताका सन्देशबाहक, नोबेल पुरस्कार विजेता (नवेम्बर १९१३)मा, विश्वयात्रु, देश विदेशका विभिन्न विश्वविद्यालयबाट डि. लिट. तथा भारत सरकारबाट "सर" उपाधि प्राप्त गर्नु भएका (यद्यपि



Downloaded from http://dhamma.digital/

१३ अप्रिल १९१९ का दिन पंजाबको अमृतसर मा "जलियावाला बाग काण्ड" पछि अंग्रेज सरकारलाई फिर्ता दिएको), गुरुदेव (महात्मा गान्धीले सम्बोधन गर्ने शब्द) रवीन्द्रनाथ टैगोर अर्थात् ठाकुरले आफ्नो उद्देश्यपूर्ण जीवन पूरा गरेर विशेष गरी "विश्वभारती विश्वविद्यालयलाई भारतीय संस्कृतिको प्रमुख केन्द्र बनाई ८० वर्षको पूर्ण जीवन पछि ७ अगष्त १९४१ को दिन यस संसारबाट सदाका लागि जानुभयो ।

अन्तमा, भारतीय सँस्कृतिको एक प्रमुख केन्द्र बनेको विश्व भारती शान्ति निकेतन - बोलपुर (हावडा पुलबाट १६१ कि.मी. टाढा) मा बौद्ध दर्शन तथा सँस्कृतिको अध्ययन मननमा अध्यापक आदि भै मद्दत गर्नुहुने महानुभावहरूलाई पनि एकपटक सम्झना गर्दछु - उहाँहरू मध्ये शरदकुमार राय , बासुदेव गोखले, शान्ति भिक्षु शास्त्री, सुजीत कुमार मुखोपाध्याय, आयस्वामी शास्त्री, नारायण चन्द्र सेन, वैंकटरमण, अभितेन्द्रनाथ ठाकुर र प्रबोधचन्द्र सेन विशेष उल्लेखनीय छन् ।

-सन्दर्भ-

१) बुद्धदेव - रवीन्द्रनाथ टैगोर
- टैगोर शतवार्षिक जयन्ती, गान्तोक
२) विश्वकवि और बौद्ध धर्म - कुमारी शिप्रा बंद्योपाध्याय
- "धर्मदूत" वर्ष-१५,अंक - ७ (अक्टोबर, १९५०)
३) विश्वभारती मे बौद्धशास्त्रकी चर्चा - डा. सुधांशुविमल बरुआ
- "संघप्रकाश" दिसेम्बर, १९७८

('संघाराम', वर्ष-३, अंक-२ वि.सं. २५४४ मा प्रकाशित नेपालभाषाको लेखलाई चन्द्रलक्ष्मी गुभाजूबाट अनूदित)

'धर्म चक्षु'
वर्ष-७, अंक-७
(पौष, २०६०)



Downloaded from http://dhamma.digital/

# विश्वको सबै भन्दा ठूलो चैत्य-बोरोबुदूर

दक्षिण पूर्व एशियाको एक देश हो-इण्डोनेशिया, जहाँको थुप्रै टापुहरू मध्ये एक सुप्रसिद्ध टापू हो-जावा। यसलाई पहिले 'यवद्वीप' पनि भनिन्थ्यो। यस टापूको केदु मैदान (जावाको मध्य भाग) मा अवस्थित विशाल बोरोबदूर महाचैत्य- पूर्वी एशियाको प्राचीन अवशेष मध्ये सबैभन्दा महत्वपूर्ण एवं भव्य निधि हो।

ऐतिहासिक कथानानुसार यस बोरोबुदूर महाचैत्यको निर्माण ईश्वी ७५० देखि ८५० को अवधिभित्रमा ८० बर्ष लगाई जावा एवं सुमात्रा का प्रतापी शैलेन्द्र वंशीय शासनकालमा भएको थियो। यस महाचैत्यको निर्माण गर्न शैलेन्द्र वंशीय राजा समरतुंगले नेपालको विख्यात शिल्पकार गुणधर्मलाई निम्त्याएको थियो। उहाँको नेतृत्वमा जावा पुगेका नेपाली कलाकारहरूले यस महाचैत्यको निर्माण शुरू गरेका थिए।

स्मरणीय छ, यो कार्य (महाचैत्य निर्माण) १३ औं शताब्दीका अन्य नेपाली सुविख्यात कलाकार जसलाई नेपालको राष्ट्रिय विभूति मानिसकेको छ - अरनिकोले नेपाली कलाकारहरूको नेतृत्व गरी तिब्बत र चीन पुगी ती दुवै देशमा थुप्रै मूर्ति, चैत्य (चीनको पेकिङ्गमा श्वैतचैत्य निर्माण - सन् १२७१-७९) आदि बनाई त्यही सम्मानित जीवन बिताउनुभएको समयभन्दा ४०० बर्ष अगाडिको कुरा हो।

नेपाली कलाकार गुणधर्मले 'बोरोबुदूर महाचैत्य' निर्माण गरेको तथ्य भारतीय विद्वान श्री हरिनन्दन ठाकुरले पनि स्पष्ट उल्लेख गर्नुभएको छ। उहाँले संसारको विभिन्न मुलुकहरूको यात्रा गरेपश्चात् लेख्नुभएको आफ्नो पुस्तक 'धरतीके चारों ओर' मा यस बारे उल्लेख गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital/

यस्तै इण्डोनेशियालीहरूले पनि बोरोबुदूर महाचैत्यको पश्चिम तर्फबाट देखिने मेनोरेह (Menoreh) पर्वतमा नेपाली शिल्पकार गुणधर्मको जीवन स्मारक अझसम्म पनि देख्न सकिने जनविश्वास गरिराखेको छ । इण्डोशियालीहरूले बोरोबुदूर महाचैत्यका शिल्पकार एवं रूपकार हुनुभएका नेपाली कालाकार गुणधर्ममा दैवीशक्ति नै रहेको कुरा त्यहाँ किवदन्तीको रुपमा पनि प्रचार भइरहेको वर्णन छ ।

'बोरोबुदूर' को अर्थ इण्डोनेशियाको भाषामा बुझ्ने हो भने 'बुदूर' शब्दको अर्थ जंगल अथवा वन, र 'बोरो' शब्दको अर्थ 'विहार' शब्दको अप्रभंशको रुपमा रहन आएको अनुरूप 'वनमा प्रतिष्ठित विहार' को रुपमा लिइएको छ ।

यस्तै 'बोरोबुदूर' शब्द भारतीय विद्वान हरिनन्दन ठाकुरको कथनानुसार 'बोरो' शब्द ठूलो अथवा महान् र 'बुदूर' बुद्धको अप्रभंशको रुपमा हुन सक्ने संभावना अनुरूप 'बोरोबुदूर'-श्रेष्ठ एवं महान बुद्ध हुन सक्ने धारणा राख्नुभएको छ ।

यस 'बोरोबुदूर महाचैत्य' ले लगभग ४१० फीट वर्गाकार भू-भाग ओगटेको छ त यसको उचाई १२० फीट रहेको छ । भारतको साँची स्तूपको भन्दा केही उचाइको स्थितिमा निर्माण गरिएको यस महाचैत्यमा चारै दिशामा तलको ४ तल्लामा ९२-९२ वटा र माथि चौथो तल्लामा ६४ एवं पुन माथिको गोलाकार ३ तल्लामा बनाइएका ३२, २४ र १६ वटा स्तूपहरू भित्र अवस्थित मूर्तिहरू लगायत केन्द्रीय ठूलो स्तूपमा समेत गरी जम्मा बुद्ध मूर्तिहरूको संख्या ५०५ वटा रहेको छ ।

यस बोरोबुदूर महाचैत्य - ८ फिटदेखि १२.५ फिटसम्म उचाइ रहेको चतुष्कोणको ६ तल्ला र ५/६ फिट उचाइ रहेको गोलाकारको ३ तल्ला पश्चात् मध्यभागमा वा शिखरमा २३ फिट उचाई र ३० फिट चौडाइ रहेको



Downloaded from http://dhamma.digital/

एक ठूलो स्तूपको साथ निर्माण गरी बनाइएको छ ।

स्मरणीय छ, यस महाचैत्यको सबभन्दा तलको चतुष्कोण घेरा ४०० फिटको छ र सबभन्दा माथिको (१६ वटा स्तूपले घेरिएको) गोलाकार घेरा ९० फीटको छ । माथिल्लो ३ तल्लामा बनाइएका प्रत्येक स्तूपहरू जालीदार रुपमा बनाईएबाट त्यसभित्र अवस्थित बुद्ध मूर्तिहरू सजिलैसित हेर्न र छुन सकिने स्थितिमा बनाइएको थियो । स्मरणीय छ, यस बोरोबुदूर महाचैत्यको तलको ४ तल्लामा (चतुष्कोण घेरामा) अवस्थित बुद्ध-मूर्तिहरू क्रमशः चारवटै तल्लाको पूर्व मोहडामा अक्षोभ्य, पश्चिममा अमिताभ, उत्तरमा अमोधसिद्धि र दक्षिणमा रत्नसंभवको ध्यानी बुद्ध-मूर्ति र बाँकि पाँचौ तल्लामा चारै दिशामा गरी ६४ वटा र गोलाकार घेरामा रहेका ३२, २४ र १६ वटा पनि बैरोचन बुद्धको ध्यान मुद्रामा राखिएका छन् ।

यस महाचैत्यको शिखरमा निर्मित वा स्तूप अन्य स-साना स्तूपहरू जस्तै जालिदार नबनाइकन पुरै बन्द गरिएको थियो । अनुसन्धानबाट थाहा हुन आएको छ कि यस शिखरको स्तूपलाई लुटेराहरूले विगारी त्यहाँ भित्र रहेको बुद्ध-मूर्तिलाई निकाली त्यसको गर्भमा अपार धनराशी पाउने आशाले लापर्वाही गरिएको थियो ।

हामीलाई सर्वप्रथम 'नेपाली कलाकार गुणधर्म र बोरोबुदूर' को बारेमा परिचय दिनुभएका व्यक्ति स्वयम्भूलाल श्रेष्ठ (ने.सं. १०५१-११०७) हुनुहुन्छ। उहाँले उक्त शिर्षकमा लेखिएको आफ्नो लेखमा बोरोबुदूर महाचैत्यको शिखरको स्तूपमा अवस्थित बुद्ध-मूर्तिलाई बाहिर ल्याइएको र सो मूर्ति बोरोबुदूर महाचैत्यको आसपासमा स्थित कुनै एक पीपलको, रुखमुनि राखिएको कुरा पनि उल्लेख गर्नुभएको छ ।

बोरोबुदूर महाचैत्यको चतुष्कोणको प्रत्येक तल्लामा कुंदिएका कलाकृति, जुन बुद्धको जीवनी, जातक कथा, कर्म विभंग (विपाक) आदिको



Downloaded from http://dhamma.digital/

वर्णन अनुरूप चित्रित गरिराखेको दृश्यको संख्या १४६० वटा थियो। यस महाचैत्यको प्रत्येक तल्लाको चारैतिर चारै वटा द्वारहरू थिए। जुन नेपाली शैलीमै रहेको कुरा प्रत्येक प्रत्यक्षदर्शी नेपालीहरूले नै गरिराखेका छन्।


यस प्रकार भव्यरुपमा निर्माण गरिएको 'बोरोबुदूर महाचैत्य' पनि केही शताब्दी पश्चात् (आफ्नो शान गुमाई) विस्मृत अवस्थामा रहनुपरेको थियो। यसको मूल कारण सामुद्रिक टापूका कारण अनगिन्ती भूकम्पको झट्का र विशेषतः मेरापि ज्वालामुखी (Merapi Volcano) को विष्फोटबाट निस्किएको लाभाबाट सारा चैत्यस्थल पुरिएको थियो। स्थानीय जनताहरू पनि सो एरिया छोडी जावाको पूर्वीभागमा बसोबास गर्न जान बाध्य भए। बोरोबुदूर महाचैत्यको वरपर जतातत्तै झारपातले पुरिंदै गए र अन्य प्राकृतिक प्रकोप (हुरी बतास एवं वर्षा) ले महास्तूप माटो र बालुवाले पनि पुरिदै गएबाट महाचैत्य विनाश एवं विस्मृत हुनमा थप टेवा पुग्न गयो।

शैलेन्द्र राजवंशको समुन्नत अवस्थामा निर्माण गरिएको यस महास्तूप शैलेन्द्र वंशको पतन (१३ औं शताब्दीको अन्ततिर) पश्चात् महास्तूपको पनि पतन हुँदै गएको मान्न सकिन्छ। यस्तैमा झन् १५ औं शताब्दीको उत्तर ार्द्धदेखि जावामा हिन्दू पश्चात मुस्लिम (सुल्तान)हरूको प्रभुत्व हुन गएको कारण बोरोबुदूर महाचैत्यको बेवास्ता हुनु स्वाभाविकै भयो।

यस जावा टापूलाई सन् १६१९ देखि हलैण्ड (डच) ले आफ्नो उपनिवेश कायम गरिएको थियो। झण्डै दुईसयवर्ष पश्चात् सन् १८११ देखि केही वर्षको निमित्त (सन् १८१६ सम्म) सो उपनिवेश अंग्रेजको हुन गएको थियो। यसै अवधिभित्रमा सन् १८१४ मा तत्कालिन जावाका अंग्रेज गभर्नर सर थोमस स्टायम्फोर्ड राफल्स (Sir Thomas Stamford Raffles) ले 'बोरोबुदूर महाचैत्य' पत्ता लगाई यसको पुनर्निर्माणको निमित्त आफ्ना एक अधिकृत इन्जिनियर लेफ्टिनेन्ट कर्नेलियस (Lieftenant Cornelius) लाई



Downloaded from http://dhamma.digital/




Downloaded from http://dhamma.digital/

सो स्थानको सर्वेक्षण गर्न पठाए । ले. कर्नेलियसले बोरोबुदूर महाचैत्यको प्रशस्त तस्वीर समेत राखी वैज्ञानिक तवरबाट विवरण प्रस्तुत गरे ।

सन् १८१६ देखि पुनः डचहरूकै उपनिवेश कायम भएको जावामा यद्यपि सर थोमस स्टयामफोर्डको आग्रहमा पटक-पटक बोरोबुदूर महाचैत्यको पुनर्निमाण गर्ने परियोजना बनाइएको थियो । तर कार्यान्वयन कहिल्यै भएन बरु महास्तूपको चतुष्कोणाको प्रत्येक तल्ला-जहाँ ६.५ फिटको चौडाई रहेको थियो। बाँसको झुपडी बनाउने इजाजत, दिएर झन् विग्रहको स्थिति सृजना गरिएको थियो । चोरहरूले पनि स्तूपमुनि धन पाइएला कि भन्ने आशाले थुप्रै स्तूहरू बिगारी खाडल बनाउँदै लगे ।

बल्ल सन् १९०७ मा एक युवा डच इन्जिनियर थियोडोर भान राप (Theodoor Van Erp) ले बोरोबुदूर महाचैत्यको पहिलोपटक कष्टपूर्ण रूपमा पुननिर्माण कार्य शुरु गरे । उहाँले ४ वर्षको अवधि (सन् १९०७-११) भित्रमा बोरोबुदूर महाचैत्यको सुन्दरतालाई पुनः एक पटक संसार साम् ल्याइदिए ।

सन् १९६० देखि इण्डोनेशिया सरकारले "बोरोबुदूर महाचैत्य" मानव सभ्यताको नै एक अमूल्य निधि रहेको कारण दर्शाई यसको संरक्षण विश्वव्यापी रुपमा गर्न सहयोगको अपिल गरे जस अनूरूप युनेस्कोको तर्फबाट पनि यसको मर्मत एवं संरक्षणको निमित्त ठूलो मद्दत गर्‍यो साथै अन्तर्राष्ट्रिय स्तरमा 'बोरोबुदूर महाचैत्य' संरक्षण समिति तयार गरिए । यसै समितिको तर्फबाट सन् १९७३-८३ (एक दशक) भित्रमा यस महाचैत्यको आसपासमा भव्य उद्यान एवं म्यूजियमको पनि व्यवस्था गरिएको थियो ।

यसप्रकार संसार सामु पुनः एकपटक बोरोबुदूर महाचैत्यको वैभव राम्ररी प्रस्तुत हुन आएकाबाट नेपाली कलाकार गुणधर्म र उहाँका कलाकार मित्रहरूको पनि स्मरण हुन आएको छ । प्रत्येक नेपालीलाई लिच्छवी



Downloaded from http://dhamma.digital/

कालीन आफ्‌ना कलाकौशलको नमूना विदेशमा समेत प्रचारित गरेकोमा गुणधर्म र उहाँका मित्रहरू प्रति नतमस्तक तुल्याउने स्वाभाविकै भयो। यस प्रकार इण्डोनेशिया र नेपालको सम्बन्ध १३ सय वर्ष अगाडिदेखि रहेको कुरा स्मरण गर्न पाउँदा जोसुकै नेपाली पनि गै रवान्वित नहुने कुर छैन।


- सन्दर्भ -

१) स्वयम्भूलाल श्रेष्ठया ल्यया च्वखँ -
लोक साहित्य परिषद्, ने.सं. ११०६

२) बौद्ध सँस्कृति - राहुल साँकृत्यायन,
आधुनिक पुस्तक भवन, कलकत्ता- १९५३

३) देश और निवासी- इण्डोनेशिया-*जितेन्द्रकुमार मित्तल*
*-राजपाल एण्ड सन्ज, दिल्ली-१९७४ (द्वि.सं.)*

४) The Himalayan Voice (हिमाली आवाज)
- Vol. II, No. 3 ( Aug/Sept.1998

५) Natioal Geopgaphic – January, 1883


*I- संघनायक भिक्षु सुबोधानन्द महास्थविर-विशेषाङ्क*

*II- पालि फः- बुलेटिन, वर्ष-१, अंक-१ (चैत्र, २०६१)*

*III- 'धर्मचक्षु' वर्ष-८, अंक-४ (असाढ, २०६२)*



Downloaded from http://dhamma.digital/

# राहुल सांकृत्यायनको नेपाल यात्रा

नेपाल एवं भारतमा विशेषतः बौद्ध एवं साम्यवाद समर्थकहरू माझ राहुल साँकृत्यायनको नाम नसुनेका एवं उहाँको कुनै न कुनै ग्रन्थ अध्ययन नगरेका व्यक्ति शायदै मात्र होलान् ।

सन् १८९३ अप्रिल ९ का दिन भारतको आजमगढ, उत्तर प्रदेशस्थित 'पन्दहा' नामक एक गाउँमा पिता गोवर्धन पाण्डे र माता कुलवन्ती देवीका ज्येष्ठ पुत्रको रुपमा जन्मनुभएका केदार नाथ पाण्डे नै प्रख्यात महापण्डित राहुल साँकृत्यायन हुन् ।

जीवनको शुरुमा आफ्नै गाउँमा प्राथमिक शिक्षा र गाउँ नजिक (३-४ माइलस्थित) निजामावादमा मिडिल शिक्षा मात्र प्राप्त गरी आफ्नै स्व-अध्ययन र अन्वेषणबाट महापण्डित बन्नुभएका राहुल साँकृत्यायनले १६-१७ वर्षको उमेरदेखि साधु एवं घुमक्कड जीवन बिताएका थिए ।

शुरूका केही वर्ष सन्यासी भई भारतका प्रायः सम्पूर्ण हिन्दू तीर्थस्थलहरूको भ्रमणपछि उहाँ सन् १९१२ को सेप्टेम्बर महीनादेखि परसा मठका मठाधीश महन्त लछुमनदासका शिष्य भई वेष्णावी साधु हुनुभयो । महन्त लछुमनदासले आफ्नो नयाँ शिष्यको नाम केदारनाथ पाण्डेबाट "रामउदार दास वा रामोदरदास साधु" राख्नुभयो ।

साधु रामोदर पुनः एक पटक वैष्णावी साधु भई दक्षिण भारत का केही हिन्दू तीर्थस्थलहरूको परिभ्रमणको निमित्त सन् १९१३ को जुलाई महीनामा परसाबाट प्रस्थान गर्नुभयो । उहाँ तिरूपती, कांचींपुर, विष्णुकांचो, रामेश्वर, धनुष्कोटी, बैङ्गलोर, पंवरपुर, पूना, बम्बई, नासिक, कपिलधारा, ओंकारनाथ, मान्धाता, उज्जैन र अहमदावाद आदि ठाउँ हुँदै सन् १९१४ को



Downloaded from http://dhamma.digital/

जनवरी महीनामा परसा फर्कनुभयो ।

यस अवधि (सन् १९१४) मा रामोदार साधु सँस्कृत भाषाविद् भइसकेका थिए । उहाँले वेद, वेदान्तको अध्ययन मात्र गर्नुभएको थिएन, त्यस सम्बन्धी व्याख्यान (प्रवचन) समेत दिनुभएको थियो । सन् १९१५ देखि उहाँ आर्यसमाजी विचारधाराबाट प्रभावित हुनुभयो । अतः उहाँ त्यसको विशेष अध्ययनका निम्ति आगरास्थित आर्य मुसाफिर विद्यालयमा भर्ना हुनुभयो । आफ्नो अध्ययन मिडिलसम्म त थियो नै, संस्कृतमा विशेष अध्ययन एवं अंग्रेजीमा पनि अभ्यास भैसकेको कारण उहाँ सजिलै भर्ना हुन सक्नुभयो । यस विद्यालयमा रही उहाँले विशेषतः अरबी भाषामा दक्षता प्राप्त गर्नुभयो ।

सन् १९१५ मा रामोदर साधुले आफ्नो पहिलो नाम केदारनाथ साधु राखी लेखन कार्य शुभारम्भ गर्नुभयो जुन मेरठबाट प्रकाशित 'भास्कर' मा छापिएको थियो । यो हिन्दी लेख थियो । उर्दू भाषामा सर्वप्रथम 'मुसाफिर आगरा' मा छापियो ।

साधु रामोदर आगरामा आर्यसमाजी विद्याध्ययनपछि यसैको विस्तृत अध्ययनको निमित्त आर्यसमाजको प्रमुख गढ लाहौर पुग्नुभयो । त्यहाँ उहाँ 'डि.ए.बी. कलेज' को सँस्कृत विभागमा भर्ना हुनुभयो र विशारद श्रेणीमा नाम लेखाउनु भयो ।

लाहौरमा आर्यसमाजी विचारधाराको पूर्ण अध्ययनपछि उहाँ सक्रिय रुपमा यसको प्रचार-प्रसारार्थ निस्कनु भयो । उहाँ ठाउँ-ठाउँमा व्याख्यान दिँदै लखनऊ पुग्नुभयो । आर्यसमाजको शिक्षा अध्ययन गरिरहेको बेला विद्यार्थीहरूलाई अध्यापकहरूले सही धर्मप्रचारमा बौद्ध भिक्षुहरूको जस्तो लगन हुनुपर्ने छ भनी बरोबर सुनाएका थिए । अतः लखनऊमा एक मित्रले लखनउमा एक बुद्धविहार रहेको र त्यहाँ एक बौद्ध भिक्षु (बोधानन्द महास्थविर



Downloaded from http://dhamma.digital/

सन् १८७४-१९५२) रहनुभएको कुरा बताउनासाथ उहाँ तत्कालै भेट्न जानुभयो। उनै भिक्षु मार्फत उहाँले आफ्ना विचारधारा बौद्ध दर्शनमा पुऱ्याउनुभयो। यसबारे उहाँ लेख्नु हुन्छ -

"बौद्ध धर्म और दर्शन के बारेमे मैंने दूसरो से बहुत पढा, अपने परिश्रम से भी बहुत कुछ सीखा, पर उसको प्रथम मन्त्र देनेवाला बोधानन्द महाविहार ही थे।"

यसप्रकार भिक्षु बोधानन्द महास्थविरको सम्पर्कबाट उहाँको विचार धारा राजनैतिक जीवनको अतिरिक्त धार्मिक विचारमा वैष्णव एवं आर्य समाजी विचारधारा आवश्यक नभएको बौद्धधर्म दर्शनतर्फ आकर्षित भयो। यसैबेलादेखि उहाँले बौद्ध-तीर्थस्थलहरूको यात्रा शुरुगर्नुको साथै बुद्धको जन्मस्थल लुम्बिनी-नेपालको बारेमा पनि जिज्ञासा राख्दै जानुभयो। उहाँको प्रिय मुलुकहरूमा नेपाल पनि एक प्रमुख हुनाको कारण उहाँले धेरै पटक नेपालको यात्रा गरी नेपालको राजनैतिक, धार्मिक, साहित्यिक, ऐतिहासिक, भौगोलिक आदि विषयहरूमा आफ्ना कयौं ग्रन्थहरूमा वर्णन गर्नु भएको हामी पाउँछौं।

यहाँ विशेषतः उहाँले ७ पटक नेपाल यात्रा गर्नुभएको प्रसंगबारे संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ -

## पहिलो भ्रमण- १९२३

सन् १९२३ मा नै बौद्ध-तीर्थस्थलहरूको अवलोकनको क्रममा लुम्बिनी पुग्नुभएका साधु रामोदरले काठमाण्डौं उपत्यकामा आउने प्रयास गरेका थिए। उपत्यकामा आउन रक्सौल-वीरगंजको बाटोबाट पहाडको बीच-बीचमा पहरेदारहरू रहने हुनाको कारण आउन नसकिने देखेपछि उहाँ जनकपुरबाट संभव होला कि भन्ने आशाले जनकपुरसम्म पनि आउनुभएको थियो तर जनकपुरको बाटोबाट पनि समस्या देखिएको कारण उहाँले त्यसबखत नेपाल (काठमाण्डौं उपत्यका) आउने विचार त्यागी, भारत फर्कनुभएको थियो।



Downloaded from http://dhamma.digital/

उहाँको अभिलाषा ३ वर्षपछि अर्थात सन् १९२३ को फेब्रेवरी-मार्च महीनामा पूर्ण भयो । शिवरात्रीको समयमा नेपाल आउनुभएका उहाँ एवं उहाँका एक मित्र महेन्द्रनाथ सिंह (कलेजका एक विद्यार्थी) ले त्यसताका डेढ महीना नेपाल निवास गर्नुभएको थियो ।

९ फेब्रेअरी १९२३ का दिन काठमाण्डौंमा पुग्नुभएका उहाँहरू थापाथलीको वैरागी मठमा बस्नुभएको थियो । त्यसबेला रामोदर साधुको प्रसिद्धि नेपालमा पनि पुगिसकेको थियो । उहाँको प्रसिद्धि नेपालमा पुऱ्याउनमा दुई जना साधुको प्रमुख हात थियो । थापाथलीको वैरागी मठका महन्तका एक सक्रिय व्यक्ति र अर्को श्री ३ महाराजका निकटतम व्यक्तिका एक अतिथि भइरहेका थिए । ती दुवै जनाले रामोदर साधुको प्रशंसा त्यसताकाका केही प्रतिष्ठित व्यक्तिहरू कहाँ पुऱ्याइसकेका थिए ।

हो पनि, त्यसताका रामोदर साधु सँस्कृत भाषामा मात्र होइन पाली र अंग्रेजी भाषामा पनि विज्ञ भई व्याख्यान पनि दिन सक्ने भइसकेका थिए । राजनीतिमा लागि असहयोग आन्दोलनमा लागेवापत ६ महिना बक्सर जेलमा रहिसकेका व्यक्ति हुनाकासाथै उहाँ छपरा जिल्ला कांग्रेसका मन्त्री पनि बनिसकेका थिए । यसउसले उहाँको जोडदार भाषण उपर्युक्त दुवै साधुले सुनिसकेको कारण उहाँको प्रशंसा नेपालमा भएको थियो ।

रामोदर साधुले पनि त्यसताका राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्सेर पनि थापाथलीको वैरागी मठमा आई आफूलाई भेट्न आएको कुरा उल्लेख गर्नु भएको छ –

"शिवरात्री (१३ फेब्रेवरी १९२३) का दिन प्रधानमन्त्री महाराजा चन्द्र शम्सेरकी घोडा गाडी घुमते- घामते थापाथली भीं पहुँचीं उन्हें अपनी सम्बन्धी से मेरे बारेमे मालूम हुआ था । गाडी दरवाजे पर खडी हुई, और मुझे बुलाने के लिए आदमी आया । एक बुढा किन्तु स्वस्थ आदमी सफेद



Downloaded from http://dhamma.digital/

दाढी और साफा बाँधे गाडी मे बैठा हुआ था। गाडी के आगे-पीछे कितने ही सशस्त्र पुलिस और सैनिक अफिसर थे। उन्होंने प्रणाम करते हुए रहने बस्नेके बार मे पूछा। उस समयके भारतीय उथल-पुथल, असहयोग आन्दोलन के बारेमे पूछा और अन्तमे हमें क्या करना चाहिए इसके बारे में भी कहा।"

यसप्रकार रामोदर साधुले पहिलो नेपाल यात्रामै व्यक्तित्वशाली साधु भई काठमाण्डौं उपत्यकाको तमाम दर्शनीय सथलहरूको अवलोकन गरेका थिए, साथै यसको वरिपरिका स्थलहरू जस्तो बुढानीलकण्ठ, दक्षिणकाली, फर्पिङ्गको शिखर नारायण मन्दिरमा पनि पुगी डेढ महिना भ्रमण गरी बिताए र २२ मार्च १९२३ का दिन उहाँ भारत फर्कनुभएको थियो।

स्मरणीय छ, यस यात्राकालमै उहाँले नेपालका अन्य केही प्रतिष्ठित व्यक्तिहरूसिट पनि भेटवार्ता गर्नुभएको थियो। उहाँहरू हुनुहुन्छ - पाटनका बज्रदत वैद्य र पण्डित रत्नबहादुर बज्राचार्य एवं नेपालका राजगुरु पण्डित हेमराज शर्मा आदि।

## दोश्रो भ्रमण - १९२९

सन् १९२६ मा रामोदर साधुले भारतमा राजनीतिक आन्दोलनमा केही शिथिलता आएको कारण केही समय हिमालयको यात्रा गर्ने मनसाय गर्नुभयो। उहाँ त्यस वर्षको जुलाई-अगष्ट महिनामा विशेषतः लद्दाखको अनेकौं स्थल एव गुम्बाहरूको अवलोकन निम्ति पुग्नुभयो।

यस भ्रमणबाट सन् १९१६ मा भिक्षु बोधानन्द महास्थविरसँग सम्पर्क भएदेखिन् बुद्धधर्मप्रति रहेको जिज्ञासा एवं झुकावमा पुनरावृत्ति भई यसैमा विशेष चाख राख्दै जाने अठोट गर्नुभयो।

संयोगको कुरा, त्यसैताका श्रीलंकाको केलनियाँस्थित विद्यालंकार परिवेण नामक भिक्षुहरूको एक प्रमुख स्कूलमा एक सँस्कृत अध्यापकको खाँचो भइरहेको थियो। खबर उहाँलाई सर्वप्रथम सारनाथस्थित 'महाबोधि



Downloaded from http://dhamma.digital/

सभा' (स्थापना-सन् १८९१) का सचिव भिक्षु श्रीनिवास (सन् १८९४-१९६८) बाट प्राप्तभएको थियो। उहाँकै विशेष प्रयत्नमा साधु रामोदरले साधु वस्त्र त्यागी पण्डित भेषमा ८ मईका दिन सुल्तानगंजबाट श्रीलंकाको लागि प्रस्थान गर्नुभयो। उहाँ ३ दिन कलकत्ताको महाबोधि सभामा रही सभाका प्रधानमन्त्री श्री देवप्रिय बलिसिंघ (सन् १९०४-६८) सित भेटी १४ मई १९२७ का दिन मद्रास पुग्नुभयो। मद्रासबाट रामेश्वरम्- धनुषकोटी-तल्लईमनार हुँदै १६ मईका दिन केलनियाको विद्यालंकार परिवेणमा पुग्नुभयो। श्रीलंकाको यस पहिलो निवासकालको बारेमा उहाँ लेख्नुहुन्छ-

"लंकामे पहिली बारका १९ मासका निवास गम्भीर अध्ययन-अध्यापनका जीवन था। रात-दिनमे आठ नौ घण्टे खाने-सोने टहलने मे लगने, बाकी समयमे पाँच घण्टे पढाने और आठ-नौ घण्टे अपने पढने के लिए निश्चित थे।"

यसरी १९ महीनाको पहिलो श्रीलंका बसाइ कालमै रामोदर सांकृत्यायन (साधुबाट पण्डित भेषमा लंका पुग्नासाथ नाममा सांकृत्यायन जोड्नु भयो) ले संस्कृत अध्यापनको साथै विस्तृत पाली साहित्य अध्ययन-मनन गरी विद्यालंकार परिवेणबाटै ३ सप्टेम्बर १९२८ का दिन 'त्रिपिटकाचार्य' पद पनि हासिल गर्नुभएको थियो।

उहाँले आफ्नो अध्ययन पाली बौद्ध साहित्यमा मात्र सीमित राख्नुभएन। यस (बौद्ध दर्शन) को विस्तृत अध्ययन एवं भारतमा बुद्ध शास्त्रको इतिहासको सत्यतथ्य कुराको पूरा जानकारी तिब्बती बौद्ध साहित्यको अध्ययनपछि मात्र स्पष्ट हुने टुंगोमा पुग्नुभयो। उहाँले श्रीलंका छदै तिब्बत जाने निश्चय गर्नुभयो। यसको निमित्त उहाँले गुरुवर लु धम्मानन्द महास्थविर (सन् १८६९-१९४५)को अनुमति लिई १ डिसेम्बर १९२८.का दिन तिब्बत जानको निमित्त भारत फर्कनु भयो। उहाँ गुप्तरुपमा तिब्बत जान चाहनुहुन्थ्यो। अतः



Downloaded from http://dhamma.digital/

उहाँले नेपालको बाटोबाट जाने निश्चय गरी सन् १९२९ (वि.सं. १९८५) को शिवरात्रीको प्रतीक्षा गर्नु थाल्नुभयो । त्यसबेला शिवरात्रीको समयमा मात्र भारतीयहरूलाई नेपाल आउन छुट थियो । यस प्रतिक्षाको अवधि (डिसेम्बर १९२८-मार्च १९२९) मा उहाँले भारतका बिशेषतः पाली साहित्यमा उल्लेखित कयौं ऐतिहासिक स्थलहरूको अवलोकन गर्दै तिब्वत यात्राको लागि दोश्रो पटकको नेपाल यात्रा गर्न उहाँ ६ मार्च १९२९ का दिन काठमाण्डौं आइपुग्नुभयो । यसपटक उहाँ अज्ञात रूपमा रहनुपर्ने बाध्यताको कारण काठमाण्डौं पुगेको भोलिपल्टै तिब्बतीहरू रहने स्थल बौद्धस्तूपमा जानुभयो । त्यहाँ जानुमा उहाँको आशय तिब्बत जाने कुनै तिब्बतीलाई साथ लिनु थियो ।

संयोगवश, उहाँको डुक्पा (भूटान) का लामा-जो दलबलसाथ तिब्बत जाने तयारीमा थियो- सित सम्पर्क भयो । त्यस लामाले केही दिनपछि जाने सल्लाह दिई बस्नको लागि एक कोठाको प्रबन्ध गरिदिए । त्यसताकाको स्थितिबारे उहाँ उल्लेख गर्नु हुन्छ-

"यद्यपिं मै अब भोटिया कपडेमें था, मूंछे दाढी बनानी भी बन्द कर दी थी, और नहाना धोना छोड हाथ और मुंह पर मैल जमा करने मे लगा हुआ था, लेकिन तब भी मुझे डर लगता था कि कहीं कोई पहिचान न ले कि यह मधेसका आदमी है चमगादडकी तरह मैं दिनमें घर से बाहर निकलने की कोशिश नहीं करता था । रातके वक्त भोटिया वेषमें स्तूपकी परिक्रमा कर आता ।"

यसरी एकै कोठामा १५-२० दिनसम्म नजरबन्दीको रुपमा बसिसक्दा पनि ती डुक्पा लामा तिब्बत जाने तरखरमा लागेको थिएन अझ उनी केही दिन श्रद्धालुहरूको अनुरोधमा पूजा पाठ गर्न भनी ३१ मार्चका दिन बौद्धस्तूप छोडी स्वयम्भू स्तूपको दक्षिणपट्टि रहेको किन्डोल विहारमा गए । रामोदर साँकृत्यायन पनि डुक्पा लामाका एक शिष्य रिन-छेनकासाथ काठमाण्डौंका



Downloaded from http://dhamma.digital/

एक प्रतिष्ठित साहु धर्ममान तुलाधर (वि.सं. १९१८-९४) को घरमा जानुभया। ती साहू तिब्बती भाषाका ज्ञाता हुनुको साथै ल्हासामा उहाँको आफ्नो 'छु-सिङ-श्या' नामक व्यापार कोठी थियो। उहाँले रामोदर साँकृत्यायनलाई तिब्बती खानाको अनुभव गराउनुको साथै ल्हासामा आवश्यक सहयोग प्रबन्धको निमित्त ल्हासास्थित आफ्ना पुत्रहरूको नाममा पत्र लेखिदिए। बौद्धधर्मप्रति आस्थावान धर्ममान साहुले रामोदर साँकृत्यायनको लक्ष्य तिब्बती बौद्ध साहित्यको अध्ययन अनुसन्धान थाहा पाएर नै सो प्रबन्ध गरिदिएका थिए।

धर्ममान साहूको घर (त्यौड) मा दुई दिन रही रामोदर साँकृत्यायन पनि ३ अप्रिल १९२९ का दिन रातको समय किन्डोल विहारमा पुग्नुभयो। उहाँले आफ्नो आशय एव समस्या विहारका प्रबन्धक दशरत्न साहू (पछि भिक्षु धम्मालोक) लाई पनि सुनाए। किन्डोलमा पनि लामाले दिन बिताउँदै गएकोले त्यहाँपनि केही दिन गुप्तरूपमा रहनु पर्ने आवश्यक देखिन आयो। दशरत्न साहूले बुद्धधर्मको निमित्त त्यति कठिन लक्ष्य लिई आएका रामोदर लाई सक्दो मद्दत गर्नुपर्ने महशुस गरी बस्ने सुविधाको लागि एकान्त घरमा प्रबन्ध गरिदिए। त्यस घरमा केही दिनपछि साहू दशरत्नसंग सरसल्लाह गरी लामा जाने बाटो हेलम्बु (यल्मो) सम्म भएपनि पुगिराख्ने विचार गरी उहाँहरू ८ अप्रिल १९२९ का दिन काठमाण्डौंबाट प्रस्थान गरे।

## तेश्रो भ्रमण-१९३४

सन् १९२९-३० मा रामोदर साँकृत्यायनले पहिलो तिब्बत यात्रा सम्पन्न गरी श्रीलंका फर्कनुभएको थियो। श्रीलंका पुग्नुभएको दुई दिनपछि नै २२ जून १९३० का दिन उहाँ विद्यालंकार परिवेणका प्रधानाचार्य लु. धम्मानन्द महास्थविरको हातबाट प्रव्रजित हुनुभयो। प्रव्रजित हुनासाथ नाम पनि परिवर्तन गर्नुपर्ने नियम थियो। अतः उहाँले रामोदरको ठाउँमा आफैले 'राहुल' नाम प्रस्ताव राखे जुन नामलाई गुरुजनले पनि स्वीकारे।



Downloaded from http://dhamma.digital/

यसरी प्रव्रज्या पश्चात उहाँको नाम "राहुल साँकृत्यायन" भयो ।

भिक्षु राहुल साँकृत्यायनले पुन: ४ वर्षपछि पहिलो तिब्बत-यात्राको प्राचीन बौद्धग्रन्थहरूको खोजविन गर्ने अधूरो काम सम्पन्न गर्न सन् १९३४ को २२ अप्रिलका दिन कालिम्पोङ्बाट तिब्बतको लागि प्रस्थान गर्नुभएको थियो। त्यस यात्रादलमा उहाँ लगायत नेपालका भिक्षु धम्मालोक, धर्मरत्न 'यमि' एवं राजनाथ पाण्डे नामका एक एम.ए. का विद्यार्थी पनि थिए। ती चारै जना फारी-ग्याँची हुँदै १९ मई १९३४ का दिन ल्हासा पुगे।

भिक्षु राहुल साँकृत्यायन ल्हासामा पूरा २ महिना रही साक्यामा आउनुभएको थियो। साक्यामा दुई हप्ता रही राहुल साँकृत्यायन आफ्ना एक तिब्बती मित्र गेशे (विद्वान) धर्मवर्द्धनका साथ २७ अक्टोबरका दिन एक प्राचीन बौद्धग्रन्थको उद्धार कार्यको सिलसिलामा नेपालका राजगुरु पं. हेमराज शर्मालाई भेट्ने आशयले नेपालको बाटो हुँदै फर्के। यो नै उहाँको तेस्रो नेपाल यात्रा थियो।

स्मरणीय छ, यस तिब्बत यात्राकालमा भिक्षु राहुल साँकृत्यायनले ल्हासामा रही पाली-विनयपिटक ग्रन्थलाई हिन्दीमा अनुवाद पूर्ण गर्नुभएको थियो र "साम्यवाद ही क्यों ?" नामक एक पुस्तक पनि लेख्नुभएको थियो।

भिक्षु राहुल साँकृत्यायन र गेश धर्मबर्द्धनले तिब्बत सीमापार गरेको केही दिनपछि १३ नवम्बरका दिन जलबीरा बजारमा आइपुग्नुभयो। यसको ४ दिनपछि साँखु-बौद्ध हुँदै १७ नवम्बरका दिन काठमाण्डौं त्यौडस्थित धर्ममान साहुको घरमा पुग्नुभयो र पण्डित हेमराज शर्मा (वि.सं. १९३५-२०१०) लाई खबर दिनुभयो।

केही दिन गेशे धर्मबर्द्धनलाई काठमाण्डौं उपत्यकाका केही प्रमुख ऐतिहासिक स्थलहरूको अवलोकन गराइसकेपछि उहाँहरू दुवैले आफ्ना लक्ष्य अनुरुप प्राचीन बौद्ध दार्शनिक आचार्य धर्मकीतिका एक प्रमुख ग्रन्थ



Downloaded from http://dhamma.digital/

"प्रमाणवातिक" को काममा लागे । यसको मूल पुस्तक (तालपोथी) प. हेमराज शर्मासंग थियो । त्यो जीर्ण अवस्थाको थियो । अतः सारा 'प्रमाणवार्तिक' कण्ठस्थ भएका गेशे धर्मबर्द्धन (तिब्बती) लाई अगाडि राखी संस्कृत , एवं तिब्बती मिलाई अपूर्ण भएको (यताउता परेको तालपोथीका पानाहरू मिलाई) प्रमाणवातिक ग्रन्थको पृष्ठाङ्क क्रमानुसार राख्न सफल हुनुभयो । यस कार्यको लागि उहाँहरूलाई एक हप्ताभन्दा बढी समय लागेको थियो ।

भिक्षु राहुल साँकृत्यायन एवं गेशे धर्मबर्द्धनले आफ्नो कार्यसिद्धि पश्चात पुनः एक दुई दिन विभिन्न स्थानको अवलोकन गरी केही प्रतिष्ठित व्यक्तिहरू - जसमा प्रमुख जनरल केशर शम्सेर, मृगेन्द शम्सेर, एम.ए., जनरल मोहन शम्सेर आदि-सित भेटघाट गरी २ डिसेम्बर १९३४ का दिन भारततर्फ प्रस्थान गरे ।

## चौथो भ्रमण-१९३६

सन् १९३४ को नोभेम्बर महिनामा तेश्रो पटकको नेपाल यात्रा पश्चात् पुनः तेश्रो पटकको तिब्बत यात्राको लागि चौथो पटक नेपाल यात्रा गर्न भिक्षु राहुल साँकृत्यायन १८ फेब्रुअरी १९३६ का दिन काठमाडौं आइपुग्नु भयो। उहाँ यसपटक दुई महिना काठमाण्डौंमा रहने विचार लिई आउनुभएको थियो। यस अवधिभित्रमा उहाँले भारतका सुविख्यात इतिहासकार डा.के.पी. जायसवाल (काशीप्रसाद जायसवाल) लाई नेपाल भ्रमण गराउन पूर्ण सहयोग दिनुभएको थियो। भिक्षु राहुल साँकृत्यायनकै विशेष अनुरोधमा राजगुरु पं. हेमराज शर्माको तर्फबाट डा.के.पी. जायसवाललाई निमन्त्रित गराई राज अतिथि भवनमै रहने प्रबन्ध मिलाई दिएको थियो । उपत्यकाका सम्पूर्ण ऐतिहासिक स्थलहरूको अवलोकनमा राहुल साँकृत्यायनले पथप्रदर्शक भई साथ दिएका थिए । डा. के.पी. जायसवालको यस यात्राको बारेमा राहुल साँकृत्यायनले उल्लेख गर्नुभएको छ -



Downloaded from http://dhamma.digital/

"जायसवालजी की यह यात्रां तीर्थयात्रीका नहीं बल्कि इतिहासज्ञकी यात्रा थी। लेकिन मन्दिरों के भीतर भी तो इतिहास की सामग्री होते है। गुह्येश्वरी और पशुपति मे उन्हे भीतर नहीं जाने दिया गया, किन्तु बौद्ध स्थानों मे जाने मे कोई दिक्कत नहीं हुइ। हमने पशुपति के आसपास तथा चारुमति स्तूपके पास भी बहुत सी नाक टूटी मूर्तियाँ देखी। भातगाँव मे भी हिन्दू मन्दिरों ने उनके लिए अपना दरवाजा नहीं खोला।"

डा.के.पी. जायसवालले चाँगुनारायण, स्वयम्भू चैत्य, कीर्तिपुर, हनुमानढोकाको पनि अवलोकन गरी ११ दिनपछि १२ अप्रिल १९३६ का दिन भारत फर्कनुभयो। राहुल साँकृत्यायन पनि तिब्बतको निमित्त १५ अप्रिलका दिन काठमाण्डौंबाट प्रस्थान गर्नुभयो।

## पाँचौ भ्रमण-१९५३

सन् १९५३ मा वा ६० वर्षको उमेरमा राहुल साँकृत्यायनले पाँचौ पटकको नेपाल यात्रा गर्नुभयो। बितेका अवधिमा उहाँ बौद्ध भिक्षु राहुल साँकृत्यायनबाट भारतका एक महान मार्क्सवादी राहुल साँकृत्यायनको रुपमा प्रख्यात भइसकेका थिए। उहाँ सन् १९३९ को शुरुमा 'भारतीय कम्युनिष्ट पार्टी' को सदस्य हुनुभएको थियो। सन् १९३९ देखि १९४२ भित्रमा उहाँले २९ महीना जेल जीवन (देवली कैम्प र हजारीवागमा) पनि बिताइसक्नुभएको थियो। यस जेलयात्रा कालमै उहाँले केही प्रमुख कृतिहरूको रचना गर्नुभएको थियो। ती हुन्- विश्वकी रुपरेखा, मानव समाज, दर्शन-दिग्दर्शन, वैज्ञानिक भौतिकवाद, सिंह सेनापति र वोल्गा से गंगा।

जेलबाट छुटेको करीब एक दशकपछि उहाँले पाँचौ पटक नेपाल यात्रा गर्नुभयो। यस पटकको नेपाल यात्राको प्रमुख लक्ष्य "नेपाल" नामक ग्रन्थ लेख्नको निमित्त थियो। यसैको निम्ति नेपाल सम्बन्धी सामग्री जम्मा गर्न आउनुभएको थियो। यस पटकको यात्रामा उहाँकासाथ उहाँकी धर्मपत्नी



Downloaded from http://dhamma.digital/

(सन् १९५० मा विवाहिता) कमला साँकृत्यायन पनि हुनुहुन्थ्यो ।

जनवरी ८ देखि महीनाभर नेपाल प्रवास गर्नुभएका साँकृत्यायन दम्पतिले विशेषतः कमला साँकृत्यायनलाई उपत्यकाका विभिन्न स्थलहरूको अवलोकनार्थ महापण्डित (वि.सं. १९८९ मा श्री काशी-पण्डित सभाको तर्फबाट प्राप्त मानपत्र) राहुल साँकृत्यायनले पुनः एक पटक उपत्यकाका विभिन्न ऐतिहासिक स्थलहरूमा पुग्नुभयो ।

यस पटकको नेपाल यात्रामा उहाँलाई विशेष मद्दत गर्ने, उहाँले एवं उहाँलाई सम्पर्क राखेको व्यक्तिहरू निम्न थिए– जनकलाल शर्मा, धर्मरत्न "यमि", मानदास तुलाधर, पं. हेमराज शर्मा, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालचन्द्र शर्मा, डा. डिल्लीरमण रेग्मी, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, जनरल केशर शम्सेर, गणेशमानसिंह एवं साहू धर्ममान तुलाधरको परिवार ।

यस अतिरिक्त साँकृत्यायन दम्पतिले नेपालमा रहुञ्जेल अनेक साहित्य गोष्ठी एवं सभा सम्मेलनमा भागलिनुभएको थियो। यस क्रममा विशेष उल्लेखनीय १४ जनवरी १९५३ तद्नुसार १ माघ २००९ का दिन काठमाडौंको भेडासिंह टोलमा उहाँकै सम्मानार्थ बाबुराम आचार्यको सभापतित्वमा आयोजित साहित्य गोष्ठी थियो । त्यस गोष्ठीमा नेपालका साहित्यिक महारथीहरू लक्ष्मीप्रसाद देवकोटा, बालचन्द्र शर्मा, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, बालकृष्ण सम, चित्तधर "हृदय" महानन्द सापकोटा आदि उपस्थित हुनुहन्थ्यो ।

यस्तै नेपालभाषाको एक प्रमुख संस्था "च्वसापासा" ले वि.सं. २००९ सालको माघ ९, १० र ११ गते काठमाडौं हनुमानढोकाको बृहत चोकमा अभूतपूर्व विराट नेपालभाषा साहित्य सम्मेलन आयोजना गरेको थियो । यस सम्मेलनको उद्घाटनको दिन (९ माघ २००९) साँकृत्यायन दम्पति पनि उपस्थित भएका थिए । स्मरण उहाँकै शब्दमा –



Downloaded from http://dhamma.digital/

"२२ जनवरी (१९५३) को नेपालभाषा साहित्य-सम्मेलनका प्रथम अधिवेशन उसी हनुमान ढोकाके विशाल आँगनमे हुआ, जिसमे आज से पौने दो सौ वर्ष पहले वह राजभाषाके तौर पर विराजमान थी। नेवार सरस्वती आज उस आँगनमे मुखरित हो रही थी।"

"नेपाल उपत्यका गोरखा शासनसे पहेले शुद्ध नेवार भाषाका देश था। १८ वी सदी के उत्तरार्द्धमें गोरखा-शासनके राजधानी स्थापित होने के बाद यहाँ पश्चिमी नेपालके लोग भी आकार बसने लगे। तो भी यहाँके बहुसंख्यक लोग नेवार भाषा बोलते है। जिसको हम लोग नेपाली भाषा कहते है, उसे वह गोरखाली भाषा कहते है। नेवारी भाषाका अपनेको 'नेपाल भाषा' कहना बिल्कुल उचित है।"

२४ जनवरीका दिन साँकृत्यायन दम्पतिलाई महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रीतिभोजको निमित्त बोलाउनु भयो। उक्त प्रीतिभोजमा कथाकार विश्वेश्वरप्रसाद कोइराला, इतिहासकार बालचन्द्र शर्मा, नाटककार बालकृष्ण सम एवं पुरातत्वविद् जनकलाल शर्मा आदि पनि उपस्थित थिए।

यसप्रकार सन् १९५३ मा राहुल साँकृत्यायनले प्रजातन्त्र प्राप्ति (राणाशासनको अन्त)पछिको पहिलो यात्रा गर्नुभएको थियो।

## छैठौं भ्रमण – १९५६

सन् १९५६ को नवम्बर महीनामा महापण्डित राहुल साँकृत्यायनले नेपालको छैठौं पटकको यात्रा गर्नुभएको थियो। यसपटक उहाँ नेपालमा सम्पन्न विश्व बौद्ध भातृत्व संघ (W.F.B.) को चतुर्थ विश्व बौद्ध सम्मेलनमा भारतको एक प्रतिनिधि भई आउनुभएको थियो। यस सम्मेलनको उद्घाटन काठमाडौंमा १५ नवम्बर का दिन र समापन २१ नवम्बर १९५६ का दिन लुम्बिनीमा सम्पन्न भएको थियो।

नेपालमा सम्पन्न उक्त चतुर्थ विश्व बौद्ध सम्मेलनको बेला उहाँको सम्पर्क चिनिया प्रतिनिधि मण्डलको नेतृत्व गरी आउनुभएका All china



Downloaded from http://dhamma.digital/

Buddhist Associateion का महासचिव श्री चाउ-फू-चूसित भएको थियो। राहुल साकृत्यायनल उहाँको समक्ष आफूले पहिले तिब्बतमा गरेको अनुसन्धानलाई अवगत गराई पुनः एकपटक तिब्बतमा पुगी लुप्त प्राचीन ग्रन्थहरूको अनुसन्धान कार्य गर्नमा सहयोग मागेको थियो – जसअनुसार श्री चाउ-फू-चूकै प्रभावबाट चीन सरकारले महपण्डित राहुल साँकृत्यायनलाई विशेषतः बुद्ध-धर्मसम्बन्धी विभिन्न स्थानमा प्रवचनार्थ निमन्त्रित गरियो। तर त्यसबेला चीनको अधीन रहि सकेको तिब्बतमा केही राजनीतिक उथल-पुथल हुने संभावना देखिन आएको कारण उहाँ मात्र होइन अन्य व्यक्तिहरूलाई पनि तिब्बत प्रवेश निषेध गरिएको कारण उहाँ सिर्फ ४ महिना मात्र चीनमा रही भारतमै फर्कनुभएको थियो।

यस छैठौं पटकको नेपाल यात्रामा राहुल साँकृत्यायनले आधुनिक युगका एक महान व्यक्तित्व हुनुभएका भारतका संविधान निर्माता एवं दलित वर्गका महान नेता बाबा साहेब डा. अम्बेडकर- जसले १४ अक्टोबर १९५६ का दिन आफ्नो ५ लाख अनुयायीहरूका सथा महाराष्ट्र प्रवेशको नागपुरमा भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) समक्ष पञ्चशील ग्रहण गरी बौद्ध घोषित हुनुभएको थियो सित दोस्रो पटक भेटघाट गर्ने मौका पाउनु भएको थियो। त्यस सम्मेलनको दौरानमा डा. अम्बेडकरले बडो भावावेशमा गम्भीरता पूर्वक घोषणा गर्नुभएको थियो –

"दो वर्ष और जी जाऊँ तो भारत मे पाँच करोड बौद्धोंको दिखा दूंगा"

लाख अफशोच ! उहाँको शंकल्प पूरा भएन। उहाँ अस्वस्थ थियो नै। नेपालबाट फर्केको दुई हप्ता पछि नै ६ दिसेम्बर १९५६ का दिन उहाँको देशावसान भयो।

१५ नवेम्बर १९५६ का दिन विश्व बौद्ध सम्मेलनको उदेघाट्नको



Downloaded from http://dhamma.digital/



दार्जिलिङ्गको मालरोडस्थित (चौरास्ताको पश्चिमतिर)- "राहुल-प्रतिमा"



लेखक: आफ्नो परिवारका साथ दार्जिलिङ्गको कचहरी रोडस्थित "राहुल-निवास"मा

(१ माघ २०५३)

Downloaded from http://dhamma.digital/

बेला डा. अम्बेडकरले "बुद्ध धर्म र साम्यवाद" विषयमा व्याख्यान दिनु हुँदै साम्यवादको अपेक्षा बुद्धवाद (बुद्ध-धर्म) अति लोक कल्याणकारी रहेको कुरा स्पष्ट पारिदिनुभएको थियो । त्यसबेला राहुल साँकृत्यायनले समेत डा. अम्बेडकर समक्ष ब्यक्त गरे -

"बाबा साहेब ! यह साक्षात्कार काश कुछ पहेले हुआ होता तो ज्यादा ही अच्छा होता ।"

राहुल साँकृत्यायन यस सम्मेलनको दौरानमा आफ्नो घर मसूरीबाट १५ दिन (११-२६ नवम्बर १९५६) बाहिर रहे । स्मरणीय छ, उहाँ सन् १९५६ भित्रमा पूरा गृहस्थ भइसकेको थियो अर्थात् उहाँले २३ दिसम्बर १९५० का दिन विवाहित गरेका कमला परियार (पछि साँकृत्यायन) को तर्फबाट एक पुत्री (सन् १९५३) र एक पुत्र (सन् १९५५) पाइसकेको थियो ।

## सातौं भ्रमण - १९५८

राहुल साँकृत्यायनले नेपालको सातौं वा अन्तिम यात्रा सन् १९५८ को मार्च महिनामा गर्नुभएको थियो । उहाँ यसपटक सपरिवार भारत सरकारको तर्फबाट साँस्कृतिक अतिथि भई १० दिनसम्मको नेपाल यात्रा गर्न आउनुभएको थियो ।

सातौं पटकको यस भ्रमणकालमा पनि उहाँको सम्मानार्थ नेपालका साहित्यकारहरूले कयौं सभा-सम्मेनहरूको आयोजना गरिएको थियो साथै कयौं रात्री भोजहरूमा पनि सम्मिलित हुनुपरेको थियो । यसै क्रममा काठमाडौं र पाटनका केही बौद्ध संघ-संस्थाहरूले पनि उहाँको व्याख्यानको कार्यक्रम राखिएको थियो ।

५ चैत्र २०१४ अर्थात् १८ मार्च १९५८ का दिन नेपालभाषा साहित्यका एक प्रमुख संस्था "च्वसापासा"ले उहाँको भव्य रूपमा अभिनन्दन गरिएको



Downloaded from http://dhamma.digital/

थियो । उक्त अभिनन्दन पत्रमा उहाँलाई विश्व-मानव-संस्कृतिका नायक, बोधिसत्वका अनुज हुनुभएका पृथ्वीको एक चम्किलो तारा एवं नेपालले कहिल्यै भूल्न  नसकिने परम मित्रको रुपमा सम्बोधन गरिएको थियो ।

यस नेपाल यात्राको ३ वर्षपछि ६५ वर्षको उमेरमा भारतका यी सुविख्यात महापण्डित, महान पर्यटक, पुरातत्ववेत्ता, बहुभाषिक, त्रिपिटकाचार्य, साहित्य वाचस्पति, महान मार्क्सवादी चिन्तक एवं लेखकको रुपमा प्रसिद्धि कमाउनुभएका राहुल साँकृत्यायनलाई ११ डिसेम्बर १९६१ का दिन मष्तिष्कको पक्षाघात (स्मृतिलोप- Brain Paralysis) को आघात भयो । उहाँको उपचारार्थ 'भारतीय कम्युनिष्ट पार्टी'को तर्फबाट रुस लगी ७ महिनासम्म मास्को अस्पतालमा राखी उपचार गराए, तर पनि पूर्ण रुपमा निको हुन सकेन ।

उहाँको स्याहार-सुसारको निम्ति उहाँकी धर्मपत्नी डा. कमला साँकृत्यायनसाथ जानुभएको थियो । मास्कोबाट उहाँहरू १३ मार्च १९६३ का दिन दिल्ली फर्कनु भयो । दिल्लीबाट २४ मार्चका दिन आफ्नो निवासस्थान दार्जीलिङ्गमा जानुभयो ।

९ अप्रिल १९६३ का दिन दार्जीलिङ्गमा केही मित्रबन्धुहरूका साथ उहाँको ७० औं जन्मोत्सव मनाइयो। त्यही रातमा राहुल पुनः बेहोश हुनभयो। उहाँलाई तुरुन्तै एड्न अस्पतालमा लगियो। अस्पतालमा लगिएको ४ दिनपछि बेहोश अवस्थामै १४ अप्रिल १९६३ का दिन दिनको ११:४५ बजे हिमालयप्रेमी यात्रु राहुल साँकृत्यायनको देहावसान भयो ।

उहाँको दाहसंस्कार गरिएको ठाउँ दार्जिलिङ्गको चिहानवारीमा पछि उहाँकी धमपत्नी डा. कमला साँकृत्यायनले उहाँको स्मृतिमा श्रीलंकाको बौद्धस्तूपको नमूनामा एक चैत्य निर्माण गराउनुभयो । यस राहुल चैत्य (स्तूप) २५ वर्गमीटर भूमिमा साढे चार मीटर उचाई राखी निर्माण



Downloaded from http://dhamma.digital/

गरिएको छ । त्यसै स्तूपको गर्भमा श्रीमती कमला साँकृत्यायनले एक ताम्रकलशमा राहुल साँकृत्यायनको अस्थि स्थापित गरिएको छ दुईवटा ठूलो ताम्रपमत्रमा राहुलको जीवनी एवं कृतिको संक्षिप्त विवरण पनि अंकित गरी राखिएको छ ।

९ अप्रिल १९९४ का दिन देखि दार्जिलिङ्गको एक प्रमुख सडकको नाम "राहुल साँकृत्यायन मार्ग" राखिएको छ साथै मालरोडको एक ठाउँमा (चौरास्ताको तलतिर) उहाँको प्रतिमा पनि स्थापित गरिएको छ –

तपाई कहिल्यै दार्जिलिङ्ग पुग्नुभयो भने महाविद्वान राहुलको समाधिस्थलको साथै ती राहुल प्रतिमा स्थलमा पनि पुगी श्रद्धा प्रकत गरेर आउनु होला ।



Downloaded from http://dhamma.digital/

## – सन्दर्भ–


१) नेपाल राहुल– भिक्षु सुदर्शन

– नेपाल भारत साँस्कृतिक केन्द्र

कान्तिपुर–२०२२

२) तिब्बत में सवा वरस– महापण्डित राहुल साँकृत्यायन

– शारदा मन्दिर, नई दिल्ली–१९९०

३) यात्रा के पन्ने– राहुल साँकृत्यायन

–साहित्य सदन, देहरादून– १९५२

४)मेरी जीवन यात्रा (भाग–१,२,५)–राहुल साँकृत्यायन

भाग–१– आधुनिक पुस्तक भवन, कलकत्ता–१९५१

भाग–२– किताव महल, इलाहावाद–१९५०

भाग–५– राजकमल प्रकाशन प्रा०लि० दिल्ली–१९६७



'भक्तपुर'

वर्ष–१६, अंक–१२

(कार्तिक, २०५५)




Downloaded from http://dhamma.digital/

# राहुल साँकृत्यायनको तिब्बत यात्रा

नेपाल एवं भारतमा बुद्ध धर्म र साम्यवादी विचारधारालाई व्यापक रुपमा प्रचारप्रसार गर्नमा आफ्नो कृतिहरूद्वारा अमूल्य योगदान दिनुभएका केही विद्वानहरूमा महापण्डित राहुल साँकृत्यायनको नाम अग्रपंक्तिमा लिन सकिन्छ ।

९ अप्रिल १८९३ का दिन भारतको उत्तर प्रदेशस्थित आजमगढ जिल्लाको "पन्दहा" नामक गाउँमा पिता गोवर्धन पाण्डे र माता कुलवंतीका जेष्ठ पुत्रको रुपमा जन्मनुभएका केदारनाथ पाण्डे नै महापण्डित राहुल साँकृत्यायन हुन् ।

आफ्नो बाल्यकाल पितृग्राममा होइन मातृग्राममा पिताको छत्रछायामा होइन नाना(आमाको पिता) छत्रछायाँमा हुर्कन पाएको फलस्वरुप नै उहाँ पछि महान यात्रावर हुनुभएको थियो । बाजे रामशरण पाठक पल्टन (सैनिक क्याम्प) मा कैयौं वर्ष नोकरी रही सैनिक अफिसरहरूका साथ कैयौं ठाउँको यात्रा, शिकारमा गएको कुरा वृद्धावस्थामा आफ्नो धर्मपत्नीलाई सुनाउँदै गरेको वृत्तान्त पछि बालक केदारनाथको एक प्रेरणा श्रोत बन्न पुगेको थियो ।

यसको साथै केदारनाथलाई यात्रावर गराउनमा उहाँले कक्षा तीनमा पढेको एक पाठ्यपुस्तक (मौलवी इस्माइलको उर्दूको चौथो किताब) मा "खुदराईका नतीजा" नामक कहानीमा एक कविता (शायरी) आएको थियो जुन शायरीलाई उहाँले आफ्नो जीवनको निमित्त एक गुरुमन्त्र नै सम्भनुभएको थियो । त्यो कविता थियो–

"सैर कर दुनियाँ की गाफिल
जिन्दगानी फिर कहाँ ?



Downloaded from http://dhamma.digital/

जिन्दगानी गर रही तो

नौजवानी फिर कहाँ ?

साँच्चै नै आफ्नो बाजेको शिकार र यात्राको कहानी एवं उपर्युक्त उर्दू शायरीको प्रेरणाबाट केदारनाथको मनमा दुनिया घुम्ने लालसा तीव्र हुदै आयो। उहाँको पहिलो यात्रा शुरु भयो - सन् १९०७ मा। सो यात्रा आजमगढबाट कलकत्तासम्मको थियो।

पछि यात्राकै क्रममा उहाँको सम्पर्क अनेकौ साधु महात्माहरूसित भयो। ती साधु महात्माहरूमा परसामठक मठाधीश महन्त लछुमनदास पनि एक थिए। उहाँको छत्रछायाँमा रही केदारनाथ पाण्डे सन् १९१२ को सेप्टेम्बर महीनादेखि वैष्णवी साधु भई नाम पनि बदलिए- अब उहाँ वैष्णवी "रामोदरदास साधु" कहलिए।

साधुभेषमा उहाँले सन् १९१३ को मध्यदेखि दक्षिण भारतको केही प्रमुख हिन्दू तीर्थस्थलहरूको यात्रा शुभारम्भ गर्नुभयो। ६ महिनाको पूरा अवधिमा उहाँ तिरुपती, काँचीपुर, विष्णुकाची, रामेश्वर, धनुष्कारो, बैङ्गलोर, पंवरपुर, पूना, बम्बई, नासिक, कपिलधारा, ओमकारनाथ, मान्धाता, उज्जैन र अहमदावाद आदि ठाउँ हुँदै सन् १९१४ को जनवरी महीनामा परसामै फर्कनु भयो।

यात्राको क्रममै उहाँले वेदवेदान्तको अध्ययन गर्नुको साथै त्यस सम्बन्धी अनेक ठाउँमा व्याख्यान समेत दिनुभयो। उहाँ सँस्कृत भाषाविद् भइसक्नुभएको थियो।

सन् १९१५ देखि उहाँको विचार बदलियो- उहाँ हिन्दू विचारधाराबाट आर्यसमाजी भए। यसको विशेष अध्ययनका निम्ति उहाँ आगरास्थित "आर्य मुसाफिर विद्यालय" मा भर्ना हुनुभयो। आफ्नो अध्ययन मिडिलसम्म थियो नै सस्कृत एवं अंग्रेजीमा पनि विशेष दक्षता हुनाको कारण उहाँ



Downloaded from http://dhamma.digital/

सजिलै भर्ना हुन सक्नुभयो । आगराको अध्ययनपछि आर्यसमाज विस्तृत अध्ययनको निमित्त त्यसको प्रमुख गढ लौहार (हाल पाकिस्तान) पुग्नुभयो ।

लाहौरमा आर्यसमाजी विचारधारको पूर्ण अध्ययनपछि उहाँ सक्रिय रुपमा यसको प्रचारप्रसारमा निस्कनु भयो । उहाँ ठाउँठाउँमा आर्यसमाज व्याख्यान दिदै लखनऊ पुग्नुभयो । आर्यसमाजी शिक्षा अध्ययन गरिरहेको बेला विद्यार्थीहरूलाई अध्यापकहरूले सही धर्मप्रचारमा बौद्ध भिक्षुहरूको जस्तो लगन हुनुपर्ने कुरा बरोबर सुनाएका थिए । त्यसैकारण लखनउमा एक आर्यसमाजी मित्रले त्यहाँ एक बौद्ध भिक्षु रहनु भएको कुरा बताउना साथ उहाँ तत्कालै हाल गौतम बुद्ध मार्गस्थित सो विहारमा पुग्नुभएको थियो । ती भिक्षु बोधानन्द महास्थविर (सन् १८७४-१९५२) ले उहाँलाई बुद्ध, बुद्धधर्म र दर्शन एवं साहित्यको बारेमा यथेष्ट जानकारी दिए जसबाट उहाँलाई अब आर्यसमाजी विचारधारा पनि आवश्यक नभएको कुरा अवगत भयो ।

उहाँको यात्राक्रममा बौद्ध संवेजनीय स्थलहरूको पनि शुरुवात भयो । उहाँ सारनाथ (बुद्धको प्रथम धर्मचक्रप्रवर्तन स्थल) र कुशीनगर (बुद्धको परि निर्वाण स्थल) को परिभ्रमण पश्चात् नौगढ-ककरहवा हुँदै लुम्बिनी (बुद्धको जन्मस्थल, नेपाल) मा पनि पुग्नुभयो । लुम्बिनीको साथै यसको नजिक रहेको कपिलवस्तु (तिलौराकोट) र निग्लिहवामा पनि पुग्नुभयो । त्यसैबेला उहाँले काठमाडौं उपत्यकामा आउन खूब कोसिस गर्नुभयो तर सफल हुनु भएन ।

सन् १९२१ देखि १९२६-२७ सम्म उहाँले आफ्नो जीवन राजनीतिक असहयोग आन्दोलनमा बिताए । सन् १९२५-२६ तिर राजनीतिकमा केही शिथिलता आएको कारण त्यसको उपयोग उहाँले लद्दाख यात्रा गरी बिताए । लद्दाख यात्रा पश्चात् पुनः उहाँमा बुद्ध धर्मको विशेष अध्ययन गर्ने इच्छा जाग्यो । संयोगको कुरा, त्यसताका श्रीलंकाको विद्यालंकार परिवेणमा सँस्कृत अध्यापकको आवश्यकता भइरहेको थियो । अतः उहाँ "महाबोधि



Downloaded from http://dhamma.digital/

सोसाइटी" को विशेष सहयोगमा १६ मई १९२७ का दिन श्रीलंकाको केलनियास्थित "विद्यालंकार विहार" मा पुग्नुभयो ।

यस पहिलो पटकको श्रीलंका निवासकाल (१६ मई १९२७–१ डिसेम्बर १९२८) १९ महीना उहाँको गम्भीर अध्ययन–अध्यापनको समय थियो । २४ घण्टामा आठ नौ घण्टा खानपिन, घुमफिर र आराममा, ५ घण्टा पढाउनमा र आठ नौ घण्टा आफ्नो अध्ययन मननमा निश्चित कार्यक्रम तालिका बनाई सो अनुरुप बिताएका थिए । यसैको फलस्वरुप उहाँले ३ सेप्टेम्बर १९२८ का दिन "त्रिपिटकाचार्य" पद हासिल गर्न सफल हुनुभयो । यसै अध्ययनको बेला उहाँले पाली त्रिपिटक साहित्यबाट मात्र बुद्ध–धर्म–दर्शनको ज्ञान अधूरो सम्झनु भएको थियो । उहाँले यस सम्बन्धी प्राचीन बौद्ध दार्शनिकहरूद्वारा लिखित संस्कृत ग्रन्थ पनि अध्ययन मनन गर्नुपर्ने महसुस गर्नुभयो । सो अनूरुप ती ग्रन्थहरू र भारतमा लुप्त प्रायः भइसकेको र तिब्बतमा मात्र संस्कृत मूल रुपमा नभए पनि तिब्बती भाषामा हुने संभावना देख्नुभयो । ती ग्रन्थहरूको खोजविन, अनुसन्धानको निमित्त ४ पटकसम्म उहाँले दुर्गम तिब्बतको यात्रा गर्नुभएको थियो । सोही यात्राको संक्षिप्त वर्णन एवं उपलब्धि यहाँ प्रस्तुत गरिन्छ –

## पहिलो तिब्बत यात्रा (सन् १९२९–30)

रामोदर साँकृत्यायनको पहिलो तिब्बत यात्रा बडो जोखिमपूर्ण थियो । श्रीलंकाबाट १ डिसम्बर १९२८ का दिनदेखि शुरु गरिएको यस यात्राबारे उहाँले न त भारत सरकारलाई, न त नेपाल सरकार र तिब्बती सरकारलाई नै जानकारी दिनुभएको थियो । तिब्बत यात्रामा नेपालको बाटो रोजेको थियो । उहाँ भारतमा यत्रतत्र घुमफिर गरी ३ महीना बिताई रक्सौल वीरगंज हुँदै ६ मार्च १९२९ अर्थात् २३ फागुन १९८५ का दिन काठमाडौं आइपुग्नुभयो ।



Downloaded from http://dhamma.digital/

काठमाडौंको बौद्धमा उहाँले आशा गरे अनुरूप एक सहायक (तिब्बत जाने) लामा पाउनु भयो । उहाँ हुनुहुन्छ - भूटानका लामा शेराप दोर्जे । तीनै लामाका साथ बौद्ध र किन्दोलमा (स्वयम्भू स्तूपको बायापट्टि) एक महीना जति बसिसकेपछि हेलम्बूबाट कुटीको बाटो हुँदै कोदारी पुगी बल्ल १८ मई १९२९ का दिन लामा शेराप दोर्जे र उनका दलबलका साथ तिब्बत प्रवेश गर्न सफल भए ।

तिब्बती सीमाभित्र प्रवश गरेको केही दिनपछि (२६ मई) देखि उहाँले तिब्बती भिक्षु भेष पनि लगाउनु भयो । उहाँ तिब्बती सीमा प्रवेश गरेको दुई महिनापछि शिगर्चे -ग्याँची हुँदै जुलाई १९२९ का दिन ल्हासा पुग्नु भएको थियो । त्यस दिनको स्मरणमा उहाँ उल्लेख गर्नुहुन्छ -

"१९ जुलाईको हमे कई मील दूर से पोतालाकी सुनहली छत दिखलाई दी । उस वक्त नजाने क्या-क्या भाव दिलमे पैदा हो रहे थे । हिन्दुस्तान और सीलोन मे रहते तिब्बतके बारे मे जो कुछ पढा सुना था, उससे मे अच्छी तरह समझता था कि पोताला की दर्शन दुनिया की सब से कठिन चीजो मे है और आज उसी पोतालाको मैं अपने सामने देख रहा था ।"

रामोदर साँकृत्यायन तिब्बतमा कमसे कम ३ वर्ष रहने संकल्प गरी आएका थिए तर तिब्बत वा ल्हासा पुग्न नै कैयौं महीना लागेको, तिब्बत र नेपालको बीच युद्ध हुने सम्भावना देखिएको र ४ महिनासम्म ल्हासामा रहेर पनि कुनै गुम्बा (विहार) मा पनि रहने प्रबन्ध हुन नसकेकोले उहाँ केवल ल्हासामा ९ महिना (१९ जुलाई १९२९-२४ अप्रिल १९३०) रही प्रशस्त तिब्बती ग्रन्थहरू (कंजूर-तंजूर) को अतिरिक्त कैयौ पुराना चित्रपट र केही ऐतिहासिक र साँस्कृतिक महत्वका चीजहरू पनि संकलन गरी फर्कनु भयो । ती सम्पूर्ण चीजबीजहरू २२ वटा खच्चरहरूलाई बोकाई उहाँ ग्याँची-शिगर्चे-फारी हुँदै ५ जून १९२९ का दिन कालिम्पोङ्ग आईपुग्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

यस पहिलो तिब्बत यात्रामा उहाँलाई विशेष मद्दत गर्नुभएका व्यक्तिहरूमा दशरत्न साहू (पछि भिक्षु धम्मालोक- काठमाण्डौ देखि तिब्बतको बाटो हेलम्बुसम्म पुऱ्याईदिएका), मंगोल भिक्षु सुमतिप्रज्ञ (तिब्बती सीमा प्रवेश गरेको केही दिन पछिदेखि शिगर्चे- टशील्हुन्पोसम्म साथ दिएका), मंगोल भिक्षु धर्मकीर्ति (सम-ये विहारको यात्रामा सहायक) र अत्यधिक सहयोग असन त्यौडस्थित धर्ममान साहु (वि.स. १९१८-९४) का ल्हासास्थित उहाँका पुत्रहरू(त्रिरत्नमान र ज्ञानमान तुलाधर)ले गरेका थिए।

## दोश्रो तिब्बत यात्रा (सन् १९३४)

रामोदर सांकृत्यायन प्रथम तिब्बत यात्रापछि श्रीलंका पुगी विद्यालंकार परिवेणका प्रिन्सिपल लु. धम्मानन्द नामक महास्थविर (सन् १८६९-१९४५) को आचार्य एवं उपाध्यायत्वमा २२ जूनका दिन श्रामणेर एवं २८ जून १९३० का दिन उपसमम्पन्न भई "भिक्षु राहुल साँकृत्यायन" हुनुभएको थियो। स्मरणीय छ, बौद्ध भिक्षु हुँदा नाम बदल्नु पर्ने नियम छ।

भिक्षु राहुल साँकृत्यायनले सन् १९३२ मा भदन्त आनन्द कौशल्यायनका साथ यूरोप यात्रा (इङ्गलैण्ड, फ्रान्स र जर्मनी) गरेका थिए। सन् १९३३ को शुरूमा उहाँ भारत फर्कनु भई केही महोना सुल्तानगंज (भागलपुर)मा रही गंगा नामक पुरातत्वांक पत्रिकाको सम्पादक बन्नुभएको थियो। यसै सालको मध्य (जुलाई-सेप्टेम्बर) मा उहाँले लेह-लद्दाखको यात्रा गर्नुभएको थियो। यस यात्राकालमा उहाँले पाली "मज्झिमनिकाय" ग्रन्थलाई हिन्दीमा अनुवाद गर्नुका साथै तिब्बती भाषाको चारवटा अन्य पुस्तक (व्याकरण र पाठमाला) र "तिब्बत में बौद्ध धर्मका इतिहास" नामक एक लेख तयार गर्नुभएको थियो। यसै लेखलाई उहाँले विस्तर रुपमा यसै यात्राकालमा लेख्नुभएको थियो। पछि यसैलाई "तिब्बत में बौद्ध धर्म" नामक कृतिको रुपमा प्रकाशित भएको थियो।



Downloaded from http://dhamma.digital/

यस पुस्तकको लेखनबाट उहाँलाई एक विशेष लाभ भयो। त्यसको निमित्त भोटिया ग्रन्थहरू अध्ययन गर्दै लगेको बेला उहाँलाई निश्चय भयो कि भारतबाट गएका कैयौ हजार संस्कृत बौद्ध ग्रन्थका तालपोथीहरू त्यहाँ अवश्य हुनेछन्। उहाँको पहिलो तिब्बत यात्रा तिब्बती भाषामा अनूदित बौद्ध साहित्यको अध्ययन मननको निमित्त थियो। यस यात्राकालमा उहाँलाई "शलु विहार" का प्रमुख रिसूर लामाले "बज्रडाकतन्त्र" नामक एक संस्कृत तालपोथी (ताडग्रन्थ) उपहार स्वरुप दिनुभएको थियो।

अत: २० मार्च १९३४ का दिन पटनाबाट मंगोल भिक्षु धर्मकीर्तिका साथ उहाँले दोश्रो तिब्बत यात्रा शुभारम्भ गर्नुभयो। यस दोश्रो यात्राको लक्ष्य सोही भारतीय प्राचीन बौद्ध दार्शनिकहरूद्वारा लिखित संस्कृत मूलग्रन्थहरू जुन भारतमा लुप्त प्राय: भइसकेको थियो –को खोजबिन अनुसन्धान गर्नको निमित्त थियो। उहाँलाई यस यात्रामा ङोरको मठमा कयौ महत्वपूर्ण सँस्कृतका तालपोथीहरू प्राप्त भएको थियो। जसमा प्राचीन बौद्ध दार्शनिक धर्मकीर्ति (६०० ई.) का "वादन्याय", 'हेतुविन्दु' र 'न्यायविन्दु' नामक ग्रन्थ पनि थिए। यस बारेमा राहुल साँकृत्यायन उल्लेख गर्नुहुन्छ –

"यह सभी ग्रन्थ बौद्ध न्यायके थे। दिङनाग और धर्मकीर्ति जैसे नैयायिको ने बौद्ध साहित्यको समृद्ध किया था और वे हिन्दुस्तानके सर्वश्रेष्ठ बुद्धिवादी थे। धर्मकीर्ति के इन ग्रन्थोको देखकर मे खुशी से उछलने लगा। मुझे कष्ट भूल गए। औरोंका मै फोटो ही ले सकता था, यद्यपि इसमे सन्देह था कि मै इसमे सफल होउँगा, किन्तु "वाद न्याय" को मै संयोग के ऊपर नही छोड सकता था। उसी दिन मैने उसके तीन पत्रे उतार डाले और चौथे दिन उसे लिखकर खतम कर दिया।"

यसै यात्राकालमा भिक्षु राहुल साँकृत्यायनले पाली विनयपिटकलाई हिन्दीमा अनुवाद (२७ दिनमा) पूरा गर्नुभएको थियो। साथै ल्हासा मै रही



Downloaded from http://dhamma.digital/

"साम्यवाद ही क्यो ?" नामक एक पुस्तक लेखी साम्यवादको आवश्यकता बार स्पष्ट पार्नुभएको थियो।

यस दोश्रो पटकको तिब्बत यात्रामा राहुल साँकृत्यायनले २ महीना १० दिन (१९ मई– २९ जुलाई १९३४) पूरा ल्हासामा रही आफ्नो अनुसन्धान कार्य गरी साक्यामा आउनुभएको थियो। त्यहाँ १७ दिन रही एउटा गुम्बामा आठौ शताब्दीका सुप्रसिद्ध सरहपादको "दोहाकोश" को तालपोथी प्राप्त गर्नुभयो।

यस यात्राकालमा उहाँलाई विशेष सहयोग धर्मवर्द्धन नामक एक तिब्बती विद्वानले गरेका थिए। उहाँले राहुल साँकृत्यायनका साथ कैयौं गुम्बा वा विहारहरूमा पुगी प्राचीन ग्रन्थको खोजविनमा निकै सहयोग गरेका थिए। उहाँ राहुलका सहयात्री भई भारतस्थित संवेजनीय स्थलहरूको अवलोकनको निमित्त भारत आउने तरखरमा थिए। अतः उहाँ पनि राहुल साँकृत्यायनका साथ तिब्बती सीमा पार गरी १३ नोभेम्बर १९३४ का दिन नेपालको बाटो हुँदै जलविरा बजारमा आइपुगेका थिए। जलविराबाट उहाँहरू साँखु–बौद्ध हुँदै १७ नोभम्बर १९३४ का दिन बिहान काठमाडौं असन–त्यौडस्थित धर्ममान साहूको घरमा पुगेका थिए।

नेपालको बाटो हुँदै फर्कनुको प्रमुख कारण तिब्बतमा आचार्य धर्मकीर्तिका "प्रमाणवार्तिक" ग्रन्थ पूर्ण रुपमा पत्ता नलाग्नु, यसको खण्डित भए पनि एक मूल पुस्तक नेपालका राजगुरु पं. हेमराज शर्मा (वि.सं. १९३५–२०१०) सँग रहेको कुरा पं. जयचन्द्र विद्यालंकारबाट जानकारी भएबाट त्यो ग्रन्थको अवलोकन गर्नको निमित्त थियो।

साँच्चै नै उहाँहरू तीनै जना (महापण्डित राहुल साँकृत्यायन, गेशे धर्मवर्द्धन र पण्डित हेमराज शर्मा) मिली ती खण्डित ग्रन्थलाई सक्दो पूर्ण गरी २ हप्ता पश्चात् २ डिसेम्बर १९३४ का दिन भारत प्रस्थान गरेका थिए।



Downloaded from http://dhamma.digital/

## तेश्रो तिब्बत यात्रा (१९३६)

भिक्षु राहुल साँकृत्यायनले आफ्नो दोश्रो तिब्बत यात्रा ५ दिसेम्बर १९३४ का दिन पटनामा डा. काशीप्रसाद जायसवाल (सन् १८८०–१९३७) को बंगलामा पुगी समाप्त गर्नुभएको थियो। यस पश्चात् उहाँले पूरा ४ महिना भारतमा गेशे धर्मवर्द्धनलाई बौद्ध तीर्थस्थलहरू अवलोकन गराई बिताउनु भयो र २ अप्रिल १९३५ का दिन जापान यात्राको निमित्त कलकताबाट प्रस्थान गर्नुभयो । पेनाङ्गसम्म उहाँका साथ भिक्षु जगदीश काश्यप (सन् १९०८–७६) पनि जानुभएको थियो । पेनाङ्गबाट भिक्षु राहुल साँकृत्यायन सिंगापुर, मलेशिया, हङ्गकङ्ग हुँदै ३ मई १९३५ का दिन जापान पुग्नुभएको थियो। जापानमा ३ महिना रही उहाँ कोरिया, मचूरिया, रुस, इरानको पनि यात्रा गर्दै भारत फर्कनु भयो।

भारत पुगेको केही महिनापछि गर्मी मौसममा तिब्बतको तेश्रो यात्रा गरी बिताउने हिसाबले उहाँ १८ फेब्रुअरी १९३६ का दिन काठमाडौं आइपुग्नु भयो। काठमाडामा दुई महिना (१८ फेब्रुअरी–१४ अप्रिल १९३६) बसिसकेपछि अप्रिलको अन्तमा उहाँ तिब्बती सीमाभित्र पुग्नुभयो । उहाँका साथ यस यात्रामा अभयसिंह नामका एक संस्कृतज्ञ व्यक्ति पनि थिए। जसलाई तिब्बतमा केही वर्ष अध्ययन गराई तिब्बती साहित्य संस्कृतमा अनुवाद गराउने हेतु साथ ल्याएका थिए । उहाँहरू ६ मई १९३६ का दिन साक्या पुग्नुभएको थियो।

यस तेश्रो पटकको तिब्बत यात्रामा राहुल साँकृत्यायनलाई साक्याको एक गुम्बामा अवस्थित ग्रन्थागारमा नसोचिएको रूपमा अत्यधिक उपलब्धि हासिल भयो। सो ग्रन्थागार (छग्पे-ल्हाखङ्ग) सयौं वर्ष अघिदेखि बन्द भइराखेका थियो। त्यहाँ उहाँले हजारौं पुस्तकहरू भेट्टाउनु भयो जस्मा उहाँलाई संस्कृतका तालपोथीहरू पनि प्रशस्त प्राप्त भए । ती तालपोथीहरूमा प्रज्ञाकरगुप्तको



Downloaded from http://dhamma.digital/

वार्तिकालंकार (प्रमाणवार्तिक भाष्य), आचार्य धर्मकीर्ति स्वयले लेख्नुभएको प्रमाणवार्तिकको टीका, महान दार्शनिक आचार्य असंग (३५० ई.) को "योगाचार भूमि" आदि प्रमुख थिए ।

यी ग्रन्थहरू प्राप्तिको स्मरणमा राहुल सॉकृत्यायन उल्लेख गर्नुहुन्छ –

"२५ मई (१९३६ ई.) का स्मरणीय दिवस आया । ताराप्रसाद (गुम्बा) से खबर आई कि छग्पे-ल्हाखङकी कुंजी मिल गई है....। मै छग्पे ल्हाखङ मे दोपहरको गया, उन सीधी, लम्बी, डरावनी सिढियों पर चढते वक्त मुझे बहुत कम आशा थी कि वहाँपे कोई संस्कृतके पुस्तक होगी...........। पहिली कोठरी थी । बाहर देखने से बिलकुल मामूली सी मालूम होती थी.........। भिक्षु अफिसरने मुहरको तोडा, ताले पर लिपटे कपडोंको अलग किया, कुंजी घुमाई, ताला खुला गया । किवाडोंको पीछेकी और ढकेला । न जाने कितने वर्षोंकी धूल जमी हुई थी । एक बार इतनी धूल उडी कि कोठरी मे धुआँ सा भर गया । जरा सा ठहरकर हम भीतर घुसे .......। इनमे सात-सात, आठ-आठ सौ वर्षकी पुरानी पुस्तके थी । यह वह पुस्तके थी जिन्हे तिब्बत के ऐतिहासिक विद्वानोने अपने हाथ से लिखा या पढा था.....। मुझे जरूरत थी संस्कृत की तालपोथीयों कि इधर-उधर हाथमारने के वाद तालपोथियों पर हाथ पडा ।....... एक, दो, तीन, चार ..... बीस पोथियाँ निकल आई.......। मेरे आनन्दकी सीमा न रही, जब देखा कि वार्तिकालंकार (प्रमाणवार्तिक भाष्य) सम्पूर्ण वहाँ मौजूद है ।..... महान दार्शनिक असंगकी महत्वपूर्ण पुस्तक "योगाचार भूमि" भी वहाँ मौजूद थी......।"

यसप्रकार साक्यामा ती ग्रन्थगारको अवलोकनपछि उहाँ २ महीना साक्यामा नै रही पछि मात्र ङोर एवं शलू जानुभयो । शलूको गुम्बामा पछि उहाँले आचार्य नागार्जुनको "विग्रहव्यावर्तनी" र गुणप्रभको "विनय सूत्र"



Downloaded from http://dhamma.digital/

पुस्तक प्राप्त गर्नुभएको थियो ।

यसप्रकार महापण्डित राहुल साँकृत्यायनको तेश्रो तिब्बत यात्रा पहिलेको अपेक्षामा अधिक सफल भएको थियो । उहाँ तीनै ठाउँमा गरी ६ महीना बिताई नवम्बर महीनामा गान्तोक-सिलीगुडी हुँदै २० नवम्बर १९३६ का दिन पटना पुगी यात्रा अन्त गर्नुभएको थियो ।

## चौथो तिब्बत यात्रा (१९३८)

राहुल साँकृत्यायनले आफ्नो तेश्रो तिब्बत यात्रा पश्चात् डेढ वर्ष भारतको यत्र-तत्र एवं इरान, रूस, अफगानिस्तानको यात्रा गरी पुन अन्तिम पटक तिब्बतको चौथो यात्रा गर्न उहाँ भारत आइपुग्नु भयो । उहाँको यस चौथो वा अन्तिम तिब्बत यात्रा ४ मई १९३८ का दिन विहार सरकारको विशेष सहयोगमा गेशे धर्मवर्द्धन एवं अन्य केही मित्रहरूका साथ कालिम्पोङ्गबाट प्रारम्भ गर्नुभएको थियो । यस पटकको यात्रामा उहाँले शलु विहारमा प्राचीन दार्शनिक ज्ञानश्रीका १२ वटा ग्रन्थहरू प्राप्त गर्नुभएको थियो साथै एक तिब्बती हस्तलिखित ग्रन्थ पनि जुन एक लोचवा (अनुवादक)को जीवनी थियो । उनी धर्मस्वामी (सन् ११९७-१२६४) थिए । उनैका एक शिष्यद्वारा लिखित सो हस्तलिखित ग्रन्थ थियो । धर्मस्वामी सन् १२२० को आसपास भारत यात्रामा आएका थिए । उहाँ प्राचीन नालन्दाका अन्तिम तिब्बती विद्यार्थी थिए । उहाँको जीवनीमा १३ औं शताब्दीको पूर्वाधको बिहार प्रदेशको राजनीतिक, धार्मिक र सामाजिकस्थितिको बारेमा स्पष्ट चित्रण थियो । धर्मस्वामी त्यसताका तुर्क आक्रमणका प्रत्यक्षदर्शी थिए ।

यस अन्तिम तिब्बत यात्रामा राहुल साँकृत्यायनले प्रशस्त मात्रामा संस्कृत ग्रन्थहरूको फोटो लिएर आउनु भयो । नरथङ्ग भने स्थानमा केही ठूला-ठूला भारतीय चित्रपटहरू र ८४ सिद्धका मूर्तिहरूको पनि फोटो लिएर आउनु भयो । यस यात्रादल लाछेन-गान्तोक-सिलगुडी हुँदै सन् १९३८ को



Downloaded from http://dhamma.digital/

अक्टोबर ५ का दिन कलकत्ता आई पुग्यो।

राहुल साँकृत्यायनले आफ्नो अन्तिम तिब्बत यात्रापश्चात् न राजनीतिमा प्रवेश गरे। उहाँ पटक-पटक जेल पर्नुभयो। २४ फेब्रुअरी १९३९ का दिन अमवारी (विहार प्रदेश) मा भएको जमिन्दारहरूको विरुद्ध गरिएको किसान सत्याग्रहमा अगुवाई गरे बापत उहाँलाई जेलमा पुऱ्याइएको थियो। उहाँको अन्तिम एवं लामो जेलयात्रा (१५ मार्च १९४० - २३ जुलाई १९४२) देवली कैम्प र हजारीवाग जेलमा बितेको थियो। उहाँ राजनीतिमा साम्यवाद मार्क्सवादका पक्षधर थिए। अतः उहाँले आफ्नो जेलयात्राकालमा एवं त्यसको अघिपछि प्रशस्त मात्रामा साम्यवाद सम्बन्धी कृतिहरू लेख्नुभयो।

जीवनको अन्तिम दशकको मध्य (सन् १९५८) मा राहुल साँकृत्यायनलाई चीनियाँ सरकारले तिब्बती साहित्यको अनुशीलनको निमित्त निम्त्याए, उहाँ चीनबाट पुनः एक पटक तिब्बतमा जानु भई आफ्नो अनुसन्धान कार्य जारी गर्ने ध्येयमा थिए। यसै सन्दर्भमा प्रसंगवश उहाँले एक पटक आफ्नी धर्मपत्नी (सन १९५० मा विवाहिता) कमला साँकृत्यायनलाई भन्नुभएको थियो –

"तुम्हे यह ख्याल होना चाहिए कि तिब्बतका अनुसन्धान और साम्यवाद की सेवा मेरे जीवन के सबसे बडे आदर्श रहे है। मैने इनके लिए प्राणोंकी बाजी लगाने मे आनाकानी नहीं की उनसे विमुख होने की तो आशा ही नही हो सकती।"

यसप्रकार तिब्बतको अनुसन्धान र साम्यवादप्रति आफ्नो जीवन उत्सर्ग गर्नुभएका राहुल साँकृत्यायन चीनको यात्रामा बिरामीको कारण तिब्बत पुनः जाने आफ्नो इच्छा अधूरो गरी भारत फर्कनु भएको थियो। यसको केही वर्षपछि सन् १९६१ को डिसेम्बर महिनामा "स्मृति लोप" को पनि आघात हुनगयो। यसको उपचारार्थ उहाँलाई कलकत्ता, दार्जिलिङ्गको अस्पतालमा निकै खर्चिलो तवरबाट उपचार गरेता पनि नभएपछि "भारतीय कम्युनिष्ट पार्टी"को तर्फबाट उपचारार्थ रुसमा लगियो। तर त्यहाँ (मास्को अस्पताल) ७ महिनासम्म उपचार गरे तापनि पूर्ण स्वस्थता प्राप्त हुन सकेन।



Downloaded from http://dhamma.digital/

उहाँलाई मास्कोबाट दिल्ली ल्याइयो । दिल्लीबाट २४ मार्च १९६३ का दिन आफ्नो अन्तिम निवासस्थल दार्जिलिङ्ग पुऱ्याइयो । दार्जिलिङ्गमा उहाँले आफ्नो ७० औं जन्मोत्सव मनाएकै राति उहाँ बेहोस हुनभयो, बेहोसी अवस्थामै १४ अप्रिल १९६३ का दिन दार्जिलिङ्गको एडन अस्पतालमा उहाँको निधन भयो ।

१५ अप्रिल १९६३ का दिन उहाँको दाहसंकार गरिएको थियो । पछि दाहसंस्कार गरिएको ठाउँ (चिहानवारी)मा एक स्मारक निर्माण गरियो जसको मुनि एउटा संगमर्मर (Marble)को पत्थरमा निम्नांकित परिचय दिइराखेको छ –

"महान पर्यटक, पुरातत्ववेत्ता, बहुभाषिक, त्रिपिटकाचार्य,
साहित्य वाचस्पति
**महापण्डित राहुल साँकृत्यायन**
जन्म : आजमगढ, ९ अप्रिल १८९३
निर्वाण दार्जिलिङ्ग, १४ अप्रिल १९६३
की पुण्यस्मृति मे उनकी धर्मपत्नी कमला साँकृत्यायन ने इस स्तूपका निर्माण कराया ।"

-सन्दर्भ-

१) तिब्बत मे सवा बरस – महापण्डित राहुल साँकृत्यायन, शारदा मन्दिर, नई दिल्ली –वि.सं. १९९०
२) मेरी जीवन यात्रा, भाग – २ – राहुल साँकृत्यायन, किताब महल, इलाहाबाद– १९५०
३) यात्रा के पन्ने – राहुल साँकृत्यायन, साहित्य सदन, बहराइच–१९५२
४) राहुल चिन्तन – गुणाकर मुले, राजकमल प्रकाशन, नई दिल्ली –१९९४

"भक्तपुर"
वर्ष–१९, अंक–५
(फागुन २०५७)



Downloaded from http://dhamma.digital/

# लेखकका प्रकाशित पुस्तकहरु

| पुस्तक | प्रकाशन |
| --- | --- |
| १) नेपालको इतिहासमा कलंकित घटना | युवा बौद्ध पुचः, भक्तपुर–२०४८ |
| २) भिक्षु धर्मालोक महास्थविर | आनन्दकुटी विहार गुठी आनन्दकुटी विहार स्वयम्भू, काठमाडौं–२०४८ |
| ३) बाबासाहेव डा. आम्बडकर | बौद्ध संघ भक्तपुर बौद्ध समंकृत विहार – २०४९ |
| ४) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू – प्रथम भाग – | भिक्षु महानाम महास्थविर आनन्दकुटी विहार, स्वयम्भू – २०४९ |
| ५) अनागारिका धम्मावती | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठो धर्मकीर्ति विहार, काठमाडौं – २०४९ |
| ६) 'पियदस्सि' पं. जवाहरलाल नेहरु | रत्नायन परिवार खमाबहाल, भक्तपुर – २०४९ |
| ७) भिक्खुत्रयी | धर्मोदय सभा, भक्तपुर शाखा – २०४९ |
| ८) भिक्षु ऊ. चन्द्रमणि महास्थविर | अनगारिका वजिरज्ञाणी र संघशिला बौद्ध समंकृत विहार, भक्तपुर – २०४९ |
| ९) महान् उपन्यासकार प्रेमचन्द्र | श्रीमती लक्ष्मीशोभा शाक्य थालाछें टोल, भक्तपुर – २०४९ |
| १०) जीवनयात्रा मं दार्शनिक दृष्टियाँ (डा. भदन्त शान्तिका लेख प्रस्तुत) | प्रस्तुतकर्ता स्वयं थालाछें टोल, भक्तपुर –२०४९ |
| ११) बौद्ध ऋषि महाप्रज्ञा | संघरत्न, पूर्णचन्द्र र सिद्धिरत्न शाक्य भक्तपुर – २०५० |

Downloaded from http://dhamma.digital/

१२) मनू म्हसिकेगु गय् ?
(भिक्षु अश्वघोषया लेख-संग्रह) — श्रीमती पञ्चमाया वज्राचार्य प्रमुख सकल परिवार, भक्तपुर - २०५०

१३) भिक्षु ऊ. कित्तिमा महास्थविर — अनागारिका संघरक्षिता संघरक्षिता विहार चंकिटोल, पाटन - २०५०

१४) वे बुद्ध के चरणचिन्ह पर चले थे
(सन्तनिहाल सिंहका लेख प्रस्तुत) — ज्योतिदय संघ, ज्योति बिहार चापागाउँ - २०५०

१५) भिक्षु विवेकानन्द महास्थविर व वसपोलया रचना-संग्रह — श्रीमती सप्तमाया शाक्य थालाछेँ टोल, भक्तपुर - २०५०

१६) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू
- दोस्रो भाग - — मानदास लुमन्ति प्रकाशन असन, कमलाछी, काठमाडौं - २०५०

१७) एक व्यक्तित्व
-श्री भुवनलाल प्रधान — भुवनलाल प्रधान अभिनन्दन समिति - २४ बैशाख २०५१ -

१८) स्वतन्त्रता सेनानी
- धर्मरत्न 'यमि' — बौद्ध संघ भक्तपुर बौद्ध समंकृत विहार - २०५१

१९) भिक्षु निचिदात्सु फूजी — अशोक जापानी लैंग्वेज इन्स्टिट्यूट नासमना, भक्तपुर - २०५१


२०) भिक्षु मेधंकर स्थविर व वसपोलया रचना संग्रह — श्रीमती सानुशोभा शाक्य थालाछेँ, बेखाल, भक्तपुर-२०५२

२१) मानसिक शान्ति
(प्रो.लालजीराम शुक्लका लेख प्रस्तुत) — सतीशचन्द्र पोल सुकुम्भित रोड, बैङ्कक थाइलैण्ड - २०५३

Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| २२) संघनायक भिक्षु अनिरुद्ध महास्थविर | संघनायक अभिनन्दन समारोह समिति - १२ बैशाख २०५५ - |
| २३) थरवाद और महायान मं भेद (राहुल सांकृत्यायनका लेख प्रस्तुत) | प्रस्तुतकर्ता स्वयं, महालक्ष्मी सडक भक्तपुर - २०५५ |
| २४) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू - तेस्रो भाग - | वजिरज्ञाणी लमन्ति प्रकाशन बौद्ध समंकृत विहार भक्तपुर - २०५७ |
| २५) प्रभात स्तुति | न्हयब्वःपि स्वय (भिक्षु सुदर्शन व रत्नसुन्दर शाक्य) - २०५८ |
| २६) भिक्षु सम्यकज्योति महास्थविरया जीवनी | बौद्ध संघ भक्तपुर (भिक्षु सम्यकज्योति अभिनन्दन दिं) - ३१ जेष्ठ २०६० - |
| २७) बौद्धजगतका स्मरणीय व्यक्तिहरू - चौथो भाग - | विवेकानन्द लमन्ति प्रकाशन बौद्ध समंकृत विहार, भक्तपुर -२०६० |
| २८) सिंह सेनापतिया छगू अध्याय बुद्धया अनुयायी | मैत्रेय युवा संघ, भक्तपुर -२०६० |
| २९) "अग्गमहासद्धम्म जोतिकधज्ज" भिक्षु अश्वघोष महास्थविर | युवा बौद्ध समूह, काठमाडौं - २०६२ |
| ३०) बारोबुदूर महाचैत्य (लेख-संग्रह) | तुल्सीकाजी मानन्धर कृष्णकाजी मानन्धर साकोलान, भक्तपुर -२०६२ |

Downloaded from http://dhamma.digital/



Dhamma.Digital
Downloaded from http://dhamma.digital/